दशक
# असीको अर्थ

मध्यान्ह । ३० चैत २०७९, बिहीबार । 13 April 2023, Thursday

# ऐतिहासिक दशक



मदनकुमार श्रेष्ठ

नेपाली समाजमा २०७० को दशक हरेक दृष्टिकोणले बिर्सनै नसकिने दशक बन्यो । २०७२ को महाभूकम्प, २०७२ को संविधान र त्यसै वर्षको भारतीय नाकाबन्दी अनि विश्वव्यापी कोरोना महामारी जस्ता महाघटनाले यो दशक अविस्मरणीय रहनेछ ।



यसपटक नयाँ वर्षसँगै नयाँ दशक पनि शुरु हुँदैछ। तसर्थ, हामीले वर्षसँगै एउटा दशकलाई स्वागत गर्दैछौं । नयाँ वर्ष मनाइरहँदा एउटा वर्ष र सँगै २०७० को दशक पनि हामीबाट बिदा हुँदैछ। बिदा हुँदै गरेको वस्तु, समय र स्थानको सम्झना स्वभाविक मानवीय प्रक्रिया हो। सम्झनलाई त्यो वस्तुको आकार र मूल्य, समयको अवधि अनि स्थानको घटना प्रकृति पक्कै पनि महत्वपूर्ण हुनेछ।

यसको अर्थ यो आलेखमा पहिले वर्ष अनि दशकलाई सम्झना गर्नेछौं । वर्ष-२०७९ आर्थिक रूपमा एउटा संभावित त्रासदी र भय बनेर बितेको छ। युक्रेन-रुसको युद्धका कारणले सिर्जित विश्वब्यापी संकटको असर हामीले पनि खेप्नु परेको छ। युद्धको असर बनेर हामीले खपत गर्ने बाह्य देशको सामग्रीदेखि रेमिट्यान्स असहज बन्न पुग्यो । विशेषगरी इन्धनको मूल्यले सन् १९८४ पछि कीर्तिमानी रुप लियो। इन्धनको मूल्यसँगै अन्य उपभोग्य र निर्माण सामग्रीको मूल्य बढ्नु अनिवार्य र स्वभाविक प्रक्रिया हो। त्यस्तो असर हामीले खेप्यौं। सँगै, उत्पादित सामग्री, उत्पादन क्षमता र रोजगारीमा असर पर्दा हाम्रो अर्थतन्त्र प्रभावित बन्न पुग्यो।

अन्तर्राष्ट्रिय मुद्रा सञ्चिति प्रमुख चासोको विषय बन्यो । किनभने यही समस्याले गर्दा दक्षिण एसियाली मुलुक श्रीलंकामा असाध्यै प्रतिकुल परिस्थिति देख्यौं । जनता सडकमा उत्रदा सत्ता उल्टियो । अरु देशहरुमा पनि आर्थिक संकटको असर देखियो । अन्तर्राष्ट्रिय मुद्रा सञ्चितिको अभावले उपभोग्य र उत्पादन सामग्री आयात गर्नै नसक्ने परिस्थिति खेप्ने तेस्रो मुलुकको संकटको सकस हामीलाई पर्नै नै भयो ।

राजनीतिक रुपमा वर्ष-२०७९ चुनावी वर्ष बन्यो । वैशाखदेखि शुरु भएको चुनावी प्रक्रिया भर्खरै राष्ट्रपति र उपराष्ट्रपतिको चुनाव भएर सकिएको छ । वैशाखमा स्थानीय अनि मंसिरमा प्रदेश र संघको चुनाव भयो। जनादेश अनुसार, तीन तहकै सरकार गठन भयो। चुनावबाट स्थानीय चुनावमा गैरदलीय उम्मेद्वारहरुले चुनाव जित्ने बिरलै हुने जनादेश प्रकट भयो ।

त्यसैको जगमा संघ र प्रदेशहरुमा पनि नयाँ र ाजनीतिक शक्तिहरुको उदय भयो । यसपटक उल्लेख्य घटना नभएपनि मुलुकले आशा गर्ने उल्लेख्य काम हुन सकेन ।

## नबिर्सने दशक

दशककै समीक्षा गर्दा दशक-०७० नेपाली समाजले बिर्सनै नसकिने दशक बन्यो । राजनीतिक-संवैधानिक अन्योलसहित शुरु भएको दशक एउटा बलियो सुनिश्चितता र आशा बोकेर सकिनुले पनि सम्झिरहने दशक बन्न पुगेको हो। ०७० को थालनि हुँदै गर्दा मुलुक संवैधानिक संकटमा गुज्रिरहेको थियो । २४० वर्ष लामो राजतन्त्रको अन्त्य भएपछि २०६४ सालमा संविधानसभा गठन भएको थियो । तर त्यो पहिलो संविधानसभाले संविधान दिन सकेन ।

सर्वोच्च अदालतका प्रधानन्यायाधीश खिलराज रेग्मीको नेतृत्वमा चुनावी सरकार बनेको थियो । त्यो कर्मचारी नेतृत्वको सरकारले चुनाव गराउने ग्यारेन्टी थिएन । किनकि राजनीतिक दलहरु तयार नभएसम्म दोस्रो संविधानसभा संभव थिएन । अझ नेपाल जस्तो भूराजनीतिक अवस्थामा थियो, त्यसले अरु संकट पनि थपिएको थियो । तर त्यही वर्ष मंसिरमा दोस्रो संविधानसभा चुनाव भयो । त्यो चुनावले राजनीतिक समीकरण बदलियो ।

अघिल्लो संविधानसभाबाट सवैभन्दा ठूलो दल बनेको नेकपा माओवादी तेस्रो शक्ति बन्दा कांग्रेस र एमाले क्रमशः पहिलो र दोस्रो शक्ति बन्यो । मधेश केन्द्रीत राजनीतिक शक्तिहरु फेरि खुम्चिए । तर त्यही राजनीतिक समीकरणमा २०७२ सालमा संविधान जारी भयो। जनताको प्रतिनिधिहरु सम्मिलित संविधानसभाबाट संविधान जारी हुनु नेपालको राजनीतिक इतिहासको सवैभन्दा ठूलो फैसला थियो । किनभने यो माग सात दशक पुरानो हो, तर पूरा हुन सकेको थिएन । तर संविधानसभाबाट संविधान जारी हुँदा त्यसप्रति आम सहमति जुट्न भने सकेन ।

विशेषगरी मधेश केन्द्रीत राजनीतिक शक्तिहरुले मधेश विद्रोह थाले। त्यो विद्रोहको फाइदा उठाउँदै भार तले नाकाबन्दी लगायो । आफ्नै प्रतिनिधिले संविधान जारी गर्दा भारतले लगाएको ६ महिना लामो नाकाबन्दीले मुलुक जर्जर बन्यो। तर भारतलाई नै झुक्न बाध्य बनाएर नेपालले अर्को अविस्मरणीय अडान लियो।

यो घटनालाई अझ अविस्मरणीय बनाउने अर्को महाबिपत्ति मुलुकले भर्खरै खेप्नु परेको थियो । त्यही वर्ष वैशाख १२ गते नेपालमा बिनाशकारी महाभूकम्प गयो । १९९० साल र २०४५ साल जस्ता ठूलो भूकम्प इतिहासमा सम्झिरहेको नेपालले २०७२ को शुरुमै विनाशकारी भूकम्पको सामना गर्नुपर्‍यो । ७.५ म्याग्निच्युडको त्यो भूकम्पमा परी ९ हजार नेपालीले ज्यान गुमाए। झण्डै २२ हजार मानिस घाइते भए ।

क्षतिग्रस्त भौतिक संरचनाको अझै पुनर्निर्माण भइसकेको छैन । नीजि आवास, सामुदायिक भवन, ऐतिहासिक सम्पदा जस्ता संरचनामा पुगेको अपुरणीय क्षतिले मुलुकलाई नराम्रोगरी पछाडि धकेल्यो ।

तर यस्ता ठूलो घटनाहरु छिचोल्दै मुलुक अगाडि बढ्यो । जनसांख्यिक उर्बरताका हिसाबले इतिहासमै पहिलोपल्ट युवाहरुको संख्या धेरै देखिनुले मुलुकलाई सामान्यकालमै राख्न बल पुग्यो। ती युवाहरुले स्वदेशमा रोजगारी नपाए पनि वैदेशिक रोजगारीका माध्यमबाट मुलुकको अर्थतन्त्रलाई जोगाए ।

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान बमोजिम २०७४ मा पहिलो पटक तीन तहको चुनाव भयो । नेपालको इतिहासमा पहिलोपटक संघीय संरचना अनुसार तीन तहको सरकार बन्यो। तर यो तीन तहको सरकार राम्रोसँग उभिन नपाउँदै विश्वब्यापी कोरोना महामारी नेपाल भित्रियो ।

सन् २०१९ बाट शुरु भएको कोरोना महामारीले मुलुकले अर्को अपुरुणीय क्षति खेप्नुपर्‍यो। कोरोना संक्रमणबाट १२ हजारले ज्यान गुमाए । पछिल्लो शताब्दीमा कुनैपनि प्राकृतिक बिपत्तिबाट यति ठूलो संख्यामा नागरिकले ज्यान गुमाएको संभवतः यो पहिलो बिपत्ति थियो। कोरोनाबाट दश लाख मानिस संक्रमित भए। कोरोनाबाट बच्न सरकारले लगाएको देशब्यापी लकडाउन र निषेधाज्ञाले आमनागरिकले कहिल्यै अनुभव गर्न नपरेको पीडा खेप्नुपर्‍यो ।

दशकको उत्तरार्धमा फेरि राजनीतिक नेतृत्वको बेइमानीले संवैधानिक-राजनीतिक संकटको त्रास बढेको थियो। भलै, गत ४ मंसिरको चुनावले त्यस्तो भय अन्त्य गरिदिएको छ । नयाँ जनादेश अनुसार, मुलुकलाई सामान्यकालतिर फर्काउने अर्को अवसर समेत आएको छ।


## नयाँ दशकको कार्यभार

भनिन्छ, इतिहासले भविष्यको कार्यदिशा प्रष्ट पार्छ। बिदाइ भइरहेको दशकको अनुभव, आधार र उद्देश्य हेर्दा पनि आगामी दशक-२०८० को कार्यदिशा प्रष्ट छ। मुख्य कार्यदिशा भनेको संविधानको रक्षा नै हो। किनकि यो संविधान लामो राजनीतिक संघर्षको जगमा निर्माण भएको छ। संविधान कमजोर हुँदा इतिहासको सम्मान हुँदैन ।

अर्कातिर अहिलेको संविधानले सर्वभौम, सम्पन्न र खुसी नेपालीको कल्पना गरेको छ। कुनैपनि राज्यका लागि उक्त देशको नागरिकको प्रशन्नता सवैभन्दा ठूलो हुन्छ। त्यसरी नागरिकलाई सर्वोच्च बनाएको संविधान बमोजिम राजनीतिक-प्रशासनिक-आर्थिक क्रियाकलाप सम्पन्न गरिनुपर्छ।

त्यसैपनि अति कम विकसित मुलुक नेपालले अब थप राजनीतिक अस्थिरता थेग्न सक्दैन । विश्वब्यापीकरणको प्रतिस्पर्धामा नगए भावी सन्ततीले यो पुस्ताले भन्दा धेरै दुख पाउने निश्चितजस्तै छ। अतः बिगतका अनुभवका आधारमा वर्तमानका उपलब्धिलाई थप समृद्ध बनाउनु आगामी दशकको कार्यभार हो।



# वैकल्पिक आवाजको अनुमोदन



मुकुन्द लामिछाने

> यो दशकले वैकल्पिक सोचलाई मात्रै नभएर वैकल्पिक संगठनलाई समेत मूलधारमा ल्याइदियो । तर नयाँ भनेर मूलआधारमा आइपुगेको शक्ति र सोच यात्रा भने अनिश्चयमै छ ।

गत मंसिरको चुनावी नतिजा यसअघि भन्दा भिन्न आयो । हुनत नेपालको हरेकजसो चुनावले नयाँ सन्देश दिने गर्छ । राजाले बेलाबखत गराएको चुनाव सहित जोड्दा पनि कुनैपनि चुनावबाट समान नतिजा आएको छैन । कतिसम्म भने कुनैपनि राजनीतिक दल लगातार पहिलो शक्ति बनेको इतिहास समेत हामीसँग छैन ।

पहिलोपटक भएको २०१५ सालको चुनावमा नेपाली कांग्रेसले दुई तिहाइ बढी सिट जित्यो । दोस्रो, तेस्रो शक्तिहरु धेरै कम सिटमा सीमित भएको थियो । त्यसैले कांग्रेसका संस्थापक सभापति बीपी कोइराला प्रधानमन्त्री भए । तर उनले पुरा कार्यकाल चलाउन पाएनन् ।

२०१७ पुस १ गते राजा महेन्द्रले पञ्चायती शासन शुरु गरे । तत्कालीन प्रधानमन्त्री बीपी कोइरालासहित मन्त्रीहरु पक्राउ गरे अनि दलहरुलाई प्रतिबन्ध लगाएर पञ्चायती व्यवस्था थाले । त्यो पञ्चायती व्यवस्थाविरुद्ध कांग्रेस र कम्युनिष्टहरुले भूमिगत आन्दोलन जारी राखे ।

तर राजाले पञ्चायतमै पनि चुनाव गराए । त्यो चुनावको प्रकृति पनि एउटै रहेन । हरेक चुनावमा फरक दृष्य देखिने गऱ्यो । पञ्चहरु चुनिने चुनावमा राजनीतिक दलहरुको समर्थनमा जनपक्षीय उम्मेद्वारले पनि जिते । २०३६ सालको जनमत संग्रहमा बहुदल पक्ष पराजित भयो, सुधारिएको पञ्चायतले जित्यो ।

त्यसको अर्थ पञ्चायत कायमै रह्यो । तर २०४६ सालको जनआन्दोलनले पञ्चायती व्यवस्था अन्त्य गऱ्यो । २०४७ सालको संविधान आएपछि २०४८ मा आम चुनाव भयो । ३२ वर्षपछि दोस्रोपटक भएको आमचुनाव भने फेरि कांग्रेसले जित्यो । तर यो संसद पनि पूरा कार्यकाल चल्न सकेन ।

कांग्रेसका तत्कालीन सभापति गिरिजाप्रसाद कोइरालाले प्रधानमन्त्रीको हैसियतमा संसद विघटन गरेर २०५१ मा मध्यावधि गराए । त्यो मध्यावधिमा नेकपा एमाले पहिलो दल बन्यो ।

एमालेका अध्यक्ष मनमोहन अधिकारी प्रधानमन्त्री भए । त्यो सरकार नौ महिनामै ढल्यो । अर्को चुनाव २०५६ मा भयो, कांग्रेसले फेरि बहुमत ल्यायो ।

२०६४ मा माओवादी पहिलो दल भयो । माओवादीका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड प्रधानमन्त्री भए । २०७० मा फेरि कांग्रेस पहिलो दल बन्यो भने २०७४ को चुनावमा एमाले पहिलो शक्ति बन्यो । यसपटक फेरि कांग्रेस पहिलो दल बनेको छ ।

अर्थात् धेरैजसो चुनावमा कांग्रेस र एमाले आलोपालो पहिलो शक्ति बनेको छ भने एकपटक २०६४ मा माओवादी पहिलो शक्ति बन्यो । मुलुकको तीन ठूला दलमा भने यिनै कांग्रेस, एमाले र माओवादी छ ।

तर हरेक चुनावमा वैकल्पिक स्वर समेत उठ्ने गरेको छ । त्यस्तो प्रवृत्ति २०१५ सालबाटै शुरु भएको थियो । त्यसबेला अहिलेका कम्युनिष्ट शक्तिहरु लगभग वैकल्पिक शक्तिकै रुपमा थियो । जम्मा चार सिट जितेर आफ्नो सानो उपस्थिति जनाएको थियो । यो शक्ति २०४८ पछि मूलधारमै आयो, देशकै नेतृत्व गऱ्यो ।

२०४८ पछि मधेश केन्द्रीत शक्तिहरु आए । राजावादी शक्ति पनि जन्मियो । यद्यपि अहिलेसम्म त्यसपछिका वैकल्पिक शक्तिहरुले मुलुकको नेतृत्व गर्ने अवस्था बनेको छैन । तर २०४७ को संविधानले एक शासन प्रणालीको अन्त्य गरेपछि सीमान्तकृत आवाजहरु राजनीतिक शक्ति र बौद्धिक बिमर्शमा आए । आदिवासी जनजाति, मधेशी, महिला र नागरिक समाजले खुलेर आफ्नो कुरा राख्न पाए । बीचबीचमा मूलधारको राजनीतिक नेतृत्वले मुलुकलाई निकास दिन सक्दैन भन्ने निष्कर्षसहित वैकल्पिक शक्ति निर्माणको आवाज उठ्यो ।

तर २०६४ सालमा मधेश केन्द्रीत राजनीतिक शक्तिहरुले अप्रत्यासित मत पाएपनि मुलुककै नेतृत्व गर्ने तहमा थिएन । यद्यपि ती शक्तिहरु अहिले पनि सानो आकारमा छदैछ । २०७२ मा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान जारी भएपछि वैकल्पिक राजनीतिको एजेण्डा अझ बढी चर्चामा आयो ।

संविधानले सीमान्तकृत समुदायलाई विशेष अधिकार दिएको, अनि मुलुकको अर्थ-सामाजिक परिस्थिति समेत बदलिएको अवस्थामा २०७४ को चुनाव भयो । यो चुनावमा वैकल्पिक शक्ति भनेर आएको विवेकशील पार्टीले धेरैको ध्यान तान्यो । काठमाडौं महानगरमा राम्रै मत पाएपनि प्रतिनिधिसभा र प्रदेशसभाको चुनावमा अपेक्षाकृत मत पाउन सकेन ।



गत मंसिरको चुनावबाट भने फेरि वैकल्पिक शक्ति राष्ट्रिय राजनीतिलाई तरंगित बनाउन आइपुगेको छ । यसपटकको चुनावमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), जनमत पार्टी, नागरिक उन्मुक्ति जस्ता नयाँ दलहरुले अप्रत्यासित मत पाए ।

रास्वपा त गठन भएको सात महिनामै २० सिटसहित मुलुकको चौथो ठूलो दल बन्यो । रवि लामिछानेले नेतृत्व गरेको रास्वपा एकपटक सरकारमा पुगेर फेरि बाहिरिसकेको छ । सिके राउत नेतृत्वको जनमत पार्टीले आफूलाई मधेशकै प्रतिस्पर्धी शक्तिका रुपमा मत पाएको छ । अर्को दल नागरिक उन्मुक्तिले पनि गठन भएको एक वर्ष नपुग्दै उत्साहजनक मत पायो । अहिले नागरिक उन्मुक्ति सरकारमै छ । परम्परागत पार्टी राप्रपाले पनि यसपटक अप्रत्यासित मत पायो ।

यी दलहरुले अप्रत्यासित मत पाएर राष्ट्रिय राजनीतिमा महत्वपूर्ण स्थान बनाइरहँदा कांग्रेस, एमाले र माओवादी जस्ता दलहरु खुम्चिएका छन् । कुनैपनि दलले एकल बहुमत नल्याएकाले साना दलहरुसँग मिलेर सरकार बनाउनुपर्ने संसदीय समीकरण तयार भएको छ ।

वैकल्पिक शक्तिलाई उत्कर्षमा लैजाने नतिजा भने गत वर्ष वैशाखमा सम्पन्न स्थानीय चुनावले दिएको थियो । त्यो चुनावमा गैरदलीय उम्मेद्वारी दिएर काठमाडौं महानगरमा बालेन्द्र शाह, धरान उपमहानगरमा हर्क साम्पाङ, धनगढी उपमहानगरमा गोपी हमालले मेयर जितेका थिए । अरु दर्जन बढी स्थानीय तहको प्रमुखमा पनि गैरदलीय उम्मेद्वारले जिते ।

त्यसबाट तरंगित राजनीति नसम्हालिदै मंसिरमा सम्पन्न चुनावले मूलधारको शक्तिहरुलाई चुनौती दिदै नयाँ दलहरुले मत पाए । यसको सन्देश हो बितेको दशक संविधान पाएको दशक मात्रै नभएर वैकल्पिक आवाजको अनुमोदन समेत हो ।

बाँफिकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रूकुम (पश्चिम), कर्णाली प्रदेश

नव वर्ष २०८० सालको उपलक्ष्यमा आम गाउँबासी, आमा-बुवा, दाजु-भाइ, दिदीबहिनीहरू, साथै देश विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरूको सु-स्वास्थ्य, उन्नति र दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

जनहितमा जारी सन्देश

- आफ्नो टोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।
- सार्वजनिक सम्पत्ति संरक्षणमा सहयोग गरौं । सार्वजनिक स्थलमा जताततै फोहोरमैला नफालौं ।
- घर निर्माण गर्नु अघि बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्डको बारेमा जानकारी राखौं र सोको पालना गरौं ।
- छोराछोरीमा भेदभाव नगरौं । दुबै समाजका सम्पत्ति हुन्, बालबालिकाको लालन, पालन र शिक्ष दिक्षमा ध्यान दिऔं ।
- महिला हिंसारहित बनाउने अभियानमा सबै जना सहभागी बनौं ।
- व्यक्तिगत घटना दर्ता अन्तर्गत जन्म, विवाह, बसाईसराई, सम्बन्धविच्छेद, मृत्यु दर्ता समयमा नै गरौं । सम्य नागरिकको भूमिका निर्वाह गरौं ।
- सार्वजनिक जग्गा, पोखरी, वन आदि व्यक्तिगत प्रयोजनका लागि प्रयोग नगरौं, त्यस्ता क्षेत्रहरू अतिक्रमण हैन, संरक्षणको लागि पहल गरौं ।
- व्यक्तिगत घटना घटेको ३५ दिनभित्र संयुक्त वडा कार्यालयमा घटना दर्ता गरौं ।
- आफ्नो टोल बस्तीमा हुने विकासका योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा सदैव जागरूक बनौं ।
- जथाभावी फोहोर नगरौं ।

जनक कुमार बाँठा मगर — अध्यक्ष
तारा बुढा के.सी — उपाध्यक्ष
दुर्गबहादुर ओली — प्रमुख प्रशासकीय अधिकृत

नव वर्ष २०८० को
हार्दिक शुभकामना
बसन्त ऋतुको आगमनसँगै नवीन उल्लास एवं आशा लिएर आउने नयाँ वर्ष २०८० को उपलक्ष्यमा सम्पूर्ण वैदेशिक रोजगार व्यवसायीका साथै स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य, दिर्घायु, भातृत्व एकता एवं समृद्धिको शुभकामना व्यक्त गर्दछौं ।
नबराज के. सी.
अध्यक्ष, तथा
प्याराडाइज इण्टरनेशनल प्रा. लि.
परिवार
बखुन्डोल, ललितपुर, फोन: ५५३४०४२, ५५२२०६३

नयाँ वर्षको
शुभकामना
बसन्त ऋतुको आगमनसँगै नवीन उल्लास एवं आशा लिएर आउने नयाँ वर्ष २०८० को उपलक्ष्यमा सम्पूर्ण वैदेशिक रोजगार व्यवसायीका साथै स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति सुस्वास्थ्य, दीर्घायू, भातृत्व एकता एवं समीद्धिको शुभकामना व्यक्त गर्दछौं ।
शम्भु गौतम
प्रवन्ध निर्देशक, तथा
स्यारोन मेनपावर सर्भिस प्रा. लि.
परिवार
बानेश्वर-०९, काठमाडौं, नेपाल, फोन: ४४८१५०५

नव वर्ष २०८० सालको उपलक्ष्यमा आम गाउँबासी, आमा-बुवा, दाजु-भाई, दिदीबहिनीहरू, साथै देश विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरूको सु-स्वास्थ्य, उन्नति र दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

जनहितमा जारी सन्देश

- घर निर्माण गर्नु अघि बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्डको बारेमा जानकारी राखौं र सोको पालना गरौं ।
- सार्वजनिक जग्गा, पोखरी, वन आदि व्यक्तिगत प्रयोजनका लागि प्रयोग नगरौं, त्यस्ता क्षेत्रहरू अतिक्रमण हैन, संरक्षणको लागि पहल गरौं ।
- व्यक्तिगत घटना घटेको ३५ दिनभित्र संयुक्त वडा कार्यालयमा घटना दर्ता गरौं ।
- आफ्नो टोल बस्तीमा हुने विकासका योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा सदैव जागरूक बनौं ।
- जथाभावी फोहोर नगरौं । फोहोर बोक्ने गाडी आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- छोराछोरीमा भेदभाव नगरौं । दुबै समाजका सम्पत्ति हुन्, बालबालिकाको लालन, पालन र शिक्ष दिक्षमा ध्यान दिऔं ।
- महिला हिंसारहित बनाउने अभियानमा सबै जना सहभागी बनौं ।
- व्यक्तिगत घटना दर्ता अन्तर्गत जन्म, विवाह, बसाईसराई, सम्बन्धविच्छेद, मृत्यु दर्ता समयमा नै गरौं । सम्य नागरिकको भूमिका निर्वाह गरौं ।
- आफ्नो टोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।
- सार्वजनिक सम्पत्ति संरक्षणमा सहयोग गरौं । सार्वजनिक स्थलमा जताततै फोहोरमैला नफालौं ।

अरूण कुमार मण्डल — अध्यक्ष
फुलो देवी साह — उपाध्यक्ष
सुरेन्द्र यादव — प्रमुख प्रशासकीय अधिकृत

तिलाठी कोइलाडी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
तिलाठी, सप्तरी, मधेस प्रदेश, नेपाल ।

# प्रविधिमा प्रवेश



रेशम राज पौडेल



> अनलाइन प्रणालीबाट प्रवाह गरिएको सार्वजनिक सेवाले परिणाम दिएपछि समग्र वैदेशिक रोजगार प्रशासनलाई डिजिटिलाइजेशन अर्थात् प्रविधिकरण गर्ने पक्षमा मन्त्रालय अघि बढेको छ ।

वैदेशिक रोजगार प्रशासनमा २०७० को दशकको शुरूवाती वर्षहरूदेखि प्रविधिको प्रयोग गर्न शुरू गरिएको हो । कुनै समयमा याक चुरोट लगायतको खोलमा समेत दिइने वैदेशिक रोजगारको श्रम स्वीकृतिमा देखिएका खराबी र अपचलन हटाउन प्रविधिको प्रयोग गरिएको हो ।

श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव एक नारायण अर्याल जिल्ला प्रशासन कार्यालय काठमाडौंका प्रमुख जिल्ला अधिकारी हुँदा आवागमन सहज गराउन वैदेशिक रोजगार काठमाडौ कार्यालय ताहाचल आसपास दैनिक १५ सुरक्षाकर्मी खटाउने गरेको घटना अहिलेसम्म भुलेका छैनन् । म्यानुअल अर्थात् कागजातका आधारमा मात्रै श्रम स्वीकृति दिने श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको तत्कालीन व्यवस्थाका कारण वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिनेहरुको भीड बढ्दा आवागमनमा सहजता ल्याउन ताहाचलमा लामो समय सुरक्षाकर्मी परिचालन गरिएको हो ।

हाल सुनसान जस्तो देखिएपनि तत्कालीन समयमा अत्यधिक भीडभाड रहने उक्त कार्यालय आसपासबाट दैनिक विचौलियाको आरोपमा दर्जनौं युवा पक्राउ पर्ने गरेका दृष्य अब पुरानो भइसकेको छ । मुलुकमा अन्य धेरै क्षेत्रमा जस्तै प्रविधिको प्रयोगले वैदेशिक रोजगार प्रशासनमा पनि क्रमशः सुधार ल्याइरहेको छ ।

अनलाइन प्रविधिका माध्यमबाट श्रम स्वीकृति प्रदान गर्न थालिएपछि वैदेशिक रोजगार विभाग काठमाडौं कार्यालय ताहाचलको परिचय नै बदलिएको छ । त्यसले समग्र वैदेशिक रोजगार प्रशासनमा सुधारको अनुभुति गराएको छ । सेवाग्राहीले पेश गर्ने कागजातका आधारमा श्रम स्वीकृति प्रदान गर्दा हुने गरेको अनुचित लेनदेन, दबाब, दुराचार र भ्रष्टाचारका कारणले मुलुकमै 'भ्रष्ट कार्यालय र भ्रष्ट कर्मचारी'को बद्नाम छवि बनाएको उक्त कार्यालयमा प्रविधिको प्रयोग गरेर गर्दा सुधार भई कार्यालयको परिचय अनपेक्षित रूपमा बदलिएको छ ।

सेवाग्राहीले विना नजराना पहिलेको भन्दा छिटो छिटो र कम झन्झटमा सेवा पाएका छन् । यद्यपि अपेक्षित सुधार अझै बाँकी रहेको सेवाग्राहीको भनाइ छ । छिट्टै कमाउने मनसाय लिएर वैदेशिक रोजगार कार्यालय ताहाचल प्रवेश गरेका केही कर्मचारीमा अझैसम्म पनि घुस विना कामै नगर्ने मान्यता छ । उनीहरूले प्रविधिलाई छल्ने प्रयास गरिरहेका छन् । जसका कारण श्रम स्वीकृति सम्पूर्ण सेवा 'फेसलेस' नबनेको व्यवसायीको गुनासो छ । यद्यपि अनुचित लाभका धेरैजसो श्रोत अनलाइन प्रणालीले बन्द गरिदिएपछि युनियन र प्रशासनको उच्चतहमा पहुँच हुने कर्मचारी उक्त कार्यालय जान मरिहत्ते गर्ने विगतको प्रवृत्तिमा भने केही कमी आएको छ ।

उक्त कार्यालयमा भएको सुधार राष्ट्रियस्तरमा समेत चर्चा र समिक्षाको विषय बन्यो । उक्त कार्यालय प्रमुख देखि मन्त्रालयका सचिवसम्म सोही सुधारका कारण सरकारका महत्वपूर्ण पदकबाट पुरस्कृत भए । सचिव अर्यालले वैदेशिक रोजगार कार्यालय ताहाचलमा भएको सुधारलाई नमुनाका रूपमा निरन्तर व्याख्या गर्ने र सचिवका हैसियतले आफुले गरेको उपलब्धिका रूपमा देखाउने गरेका छन् ।

अनलाइन प्रणालीबाट प्रवाह गरिएको सार्वजनिक सेवाले परिणाम दिएपछि समग्र वैदेशिक रोजगार प्रशासनलाई डिजिटिलाइजेशन अर्थात् प्रविधिकरण गर्ने पक्षमा मन्त्रालय अघि बढेको सचिव अर्यालको भनाइ छ । सचिव अर्याल अझै केही समय मन्त्रालयको प्रशासनिक नेतृत्वमा रही रहेभने वैदेशिक रोजगार प्रशासनलाई डिजिटिलाइजेशन अर्थात् प्रविधिकरण गर्ने कामले पूर्णता पाउने मन्त्रालयका कर्मचारीको भनाइ छ । उनीहरूले भन्ने गरेका छन्, अब वैदेशिक रोजगार प्रशासन पूर्णरूपमा डिजिटिलाइजेशन हुने छ, यो अन्तर्राष्ट्रिय दवाव पनि हो ।


विश्वसँग जोडिएर व्यवसाय गर्न र सफल हुन प्रविधिका विविध पक्षमा जानकार र अभ्यस्त हुनुको विकल्प छैन । वैदेशिक रोजथार व्यवसायीहरू र उनीहरूका जनशक्ति अर्थात् कर्मचारीहरूपनि प्रविधिका विविध पक्षमा अभ्यस्त हुन जरुरी छ ।


वैदेशिक रोजगार, भुमिसुधार, राजस्व प्रशासनमा रहेको भ्रष्टाचार र अनुचित चलखेल र ढिलासुस्तीले नेपालको सार्वजनिक प्रशासनलाई बदनाम गराएको अवस्थामा वैदेशिक रोजगार प्रशासन प्रविधि मैत्री बनाएर सेवा सहज हटाउन स्वीस सरकारको सुरक्षित आप्रवासन परियोजना अन्तरगत २०७२ सालदेखि नै वैदेशिक रोजगार सुचना व्यवस्थापन प्रणाली ( फेमिस) प्रयोगमा ल्याईएको हो । तर उक्त प्रणालीलाई मन्त्रालय र विभागले सुधारको संवाहक बताएका छन् । तर सेवाग्राहीको ठूलो हिस्सेदारको रूपमा रहेका वैदेशिक रोजगार व्यवसायीले विभागले प्रयोगमा ल्याएको प्रविधि पनि नियन्त्रण मुखी रहेको वैदेशिक रोजगार ऐन २०६४ का प्रावधानमा आधारित रहेको गुनासो गरिरहेका छन् । प्रविधि अर्थात् अनलाइन प्रणाली सेवाग्राही व्यवसायी भन्दा कर्मचारी मैत्री ज्ञनियन्त्रणकारीझ रहेकोले निरन्तर अनावश्यक झन्झट झेल्नुपरेको व्यवसायीको गुनासो छ ।

वैदेशिक रोजगार प्रशासन अन्तरगत हाल अनलाइन प्रणालीबाट कुटनैतिक नियोगहरूबाट मागपत्र प्रमाणित, वैदेशिक रोजगार कार्यालयबाट पूर्व तथा अन्तिम श्रम स्वीकृति र व्यक्तिगत (नयाँ श्रम स्वीकृति) र पुनः श्रम स्वीकृति जस्ता काम समेटिएका छन् । तर प्रणाली अन्तरगत रहेको वैदेशिक रोजगार विभागको वेभसाईटमा असामान्य त्रुटि देखिन्छन् । वेभसाईट समयसमयमा अपडेट नगर्दा दर्जनौ म्यानपावर व्यवसायीको नाम समेत समावेश गरिएको देखिदैन ।

विदेशस्थित कुटनैतिक नियोमा काम गर्ने कतिपय कर्मचारीले प्रणालीमा पहुँच प्राप्त गर्न नसकेको र कतिपयले पहुँच प्राप्त गरेपनि प्रयोगमा उदासीन देखाउँदा नेपाली कामदारका लागि आउने डिमाण्ड प्रभावित भएको गुनासो पनि उत्तिकै छ । मन्त्रालय पूर्णरूपमा अनलाइनमा आधारित डिजिटल हुने तर विभागको प्रणालीमा असामान्य त्रुटि यथावत् रहने र त्यसमा सुधार नहुने हो भने प्रविधिको प्रयोग वास्तविक सुधार भन्दा उपलब्धि देखाउने पुरस्कार र पदकका लागि मात्रै हुने छ । प्रविधि अर्थात् प्रणाली सञ्चालकले सरोकारवालाहरूसँगको छलफलमा अध्यावधिक गर्नु आवश्यक छ ।




काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड
आयोजना कार्यान्वयन निर्देशनालय
अनामनगर, काठमाण्डौ

अपिल/सूचना

यस आयोजना कार्यान्वयन निर्देशनालय अन्तर्गत पहिलो चरणमा संचालित काठमाण्डौ उपत्यका खानेपानी सुधार आयोजना अन्तर्गत निर्माण गरिएका DNI र BDS पाईपलाईनहरुमा मेलम्चीको पानी पथान्तरण पश्चात पाइपलाईनको Commissioning & Testing को कार्य भैरहेको व्यहोरा सर्बसाधारणको जानकारीको लागी अनुरोध छ । Testing को समयमा पाइपलाइनमा भएको क्षति तथा अन्य कारणहरुबाट पानी लिकेज भई सडकमा पानी बग्ने हुन सक्छन । कुनै पनि स्थानमा सडकमा देखिएको लिकेज सम्बन्धी सुचना आयोजना कार्यान्वयन निर्देशनालयमा यथासिघ्र पठाई सहयोग गरिदिनुहुन हार्दिक अनुरोध छ ।

सुचना पठाउने ठेगाना:

| | |
|---|---|
| काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड<br>आयोजना कार्यान्वयन निर्देशनालय<br>अनामनगर, काठमाण्डौ । | टोल फ्री नं.: ११३९,<br>फोन नं. ०१५७०५७७१/५७०५९१६<br>फ्याक्स नं.: ०१५७०५०५७<br>ईमेल: pidkukl@gmail.com |









# संघीयताको अंकुरण

२०७२ को संविधानले मुलुककै इतिहासमा पहिलोपटक संघीय राज्य संरचनालाई सुनिश्चित गऱ्यो । २०७४ को चुनावले उक्त संरचनालाई कार्यान्वयनमा ल्यायो ।



विमला ढकाल

मुलुक नयाँ शासन व्यवस्थामा संवैधानिक रुपमा सिफ्ट भएको दशक हो ०७० को दशक । एकात्मक राजतन्त्रात्मक व्यवस्था फालेर ०६२/०६३ सालको जनआन्दोलनले गणतन्त्र स्थापना गरेको भएपनि मुलकमा संघीयता सहितको गणतन्त्रात्मक शासन व्यवस्थालाई संवैधानिक रुपमा संस्थागत गरेको नेपालको संविधान, २०७२ ले हो । संविधानत संघीयता आए पनि यसको कार्यान्वयन दुई वर्षपछि भएको निर्वाचनमार्फत भएको थियो ।

२०७४ मा भएका तीन तहका निर्वाचनले मुलुकमा एउटा संघीय सरकार, सातवटा प्रादेशिक सरकार र ७ सय ५३ वटा स्थानीय तह जनप्रतिनिधि चुनेपछि संघीयताको व्यावहारिक अभ्यास शुरू भएको हो । त्यसको पनि ६ वर्ष बितिसकेको । पहिलो पाँच वर्षे कार्यकाल सकिएर दोस्रो निर्वाचन भइसकेको छ । मुलुकको जीवनमा ६ वर्ष कुनै ठूलो कालखण्ड नभए पनि संघीयता कसरी अभ्यास गरियो र यसमा के-के बाधा/अप्ठ्यारा देखिए भन्ने विषयले संघीयताको अंकुरण थप फैलिने वातावरण र अवस्थालाई देखाउँदछ ।

मधेस प्रदेशका पूर्व मुख्यमन्त्री लालबाबु राउतले पटक-पटक एउटा टिप्पणी गरेका थिए- संघीयता शिशुजस्तो भएको छ । मधेस आन्दोलनको बलमा संघीयता स्थापना भएको सन्दर्भमा यसको संस्थागत कसरी भइरहेको छ भन्नेबारे मुख्यमन्त्री राउतको निकै चर्चामा आएको सटिक टिप्पणी थियो यो ।

पहिलो पाँच वर्षे कार्यकालको अभ्यास हेर्दा संघीय सरकारले प्रदेशको क्षेत्राधिकारमा सहयोग गर्ने गरी कानुन बनाइदिएन । संघले कानुन र संरचना केही नबनाइदिएका कारणले प्रदेशको काम रोकिएको धेरै उदाहरणहरू छन् । कर्मचारीको भर्ना र सरुवामा समेत संघको नियन्त्रण रहँदा पहिलो पाँच वर्षमा संघीयता टुसायो तर, राम्ररी फैलिन सकेन ।

संघीयता कार्यान्वयनका लागि संघले करिब ६ दर्जन, प्रदेशले करिब पाँच दर्जन र स्थानीय तहले करिब तीन दर्जन जति कानुन बनाउनुपर्छ । तर, संघीय कानुनसँग बाझिने गरी प्रदेश कानुन बनाउन नपाइने कारणले प्रदेशहरूले आफ्ना लागि कानुन बनाउन पनि संघको कानुन पर्खिनुपर्ने अवस्था आयो । अर्कोतर्फ संघले बनाएका कानुन संघीयता अनुकूल थिएन । प्रदेशको अधिकार कटौती गर्ने तर संविधानले चिन्दै नचिन्ने प्रमुख जिल्ला अधिकारी (सीडीओ) लाई बलियो भूमिका दिनेगरी कतिपय कानुन बनाइएका छन् । संघको यस्तो नीतिले जिल्ला प्रशासन कार्यालयहरूलाई प्रदेशमा समानान्तार शक्ति अभ्यास गर्ने केन्द्र बनाएको छ । सीडीओलाई नागरिकता, राहदानी र सीमाको निरीक्षणबाहेक अन्य अधिकार दिइएको छैन । अर्थात तीबाहेक सबै अधिकार प्रदेशलाई दिइएको छ ।

तर, प्रदेशको समानान्तर सरकार प्रमुख जिल्ला अधिकारी (सीडीओ)ले सञ्चालन गरिरहेको अवस्था छ । जबकि, प्रमुख जिल्ला अधिकारीलाई संविधानले चिन्दैन । प्रदेशभित्रको प्रहरी प्रशासन र शान्तिसुरक्षाको अधिकार संविधानले स्पष्ट रूपमा प्रदेशलाई तोकेको छ । तर, शेरबहादुर नेतृत्वको अघिल्लोसरकारले काठमाडौं उपत्यका (काठमाडौं, ललितपुर र भक्तपुर) को सुरक्षा व्यवस्था केन्द्र मातहत विधेयक ल्यायो ।

प्रतिनिधिसभाले २०७९ असार २६ गते आइतबार सर्वसम्मत रूपमा सो विधेयक पारित पनि गऱ्यो । संविधानले कुनै पनि जिल्ला वा क्षेत्रलाई केन्द्र शासित क्षेत्र तोकेको छैन । ७७ वटै जिल्ला ७ प्रदेशमा विभाजित छन् । त्यसअनुसार संघीय राजधानी रहेको काठमाडौं उपत्यकाभित्रका काठमाडौं, ललितपुर र भक्तपुर वागमती प्रदेशका जिल्ला हुन् । यसले संघीयताको मर्ममाथि ठाडो प्रहार गरेको टिप्पणी गरिए ।

संविधानको अनुसूची-६ मा रहेको प्रदेशको एकल अधिकारको सूचीमा प्राथमिकता साथ पहिलो बुँदामै प्रदेश प्रहरी प्रशासन र शान्तिसुरक्षाको अधिकार प्रदेशको हुने उल्लेख छ । त्यसका लागि प्रदेशमातहत छुट्टै प्रदेश प्रहरी गठन गर्न सकिने व्यवस्था छ । संविधानको धारा २६८ (२) ले प्रत्येक प्रदेशमा प्रदेश प्रहरी संगठन रहने भनेको छ ।दफा २६८ (३) मा नेपाल प्रहरी र प्रदेश प्रहरीले सम्पादन गर्ने कार्यको सञ्चालन, सुपरीवेक्षण र समन्वयसम्बन्धी व्यवस्था संघीय कानुनबमोजिम हुने भनिएको छ ।

अर्कोतर्फ प्रहरीलाई नेपाल प्रहरी र प्रदेश प्रहरीमा समायोजनका लागि तयार पारिएको संगठन तथा व्यवस्थापन (ओएन्डएम) सर्वेक्षण स्वीकृतिका लागि मधेस प्रदेशको मन्त्रिपरिषद्मा पेस भइसकेको अवस्थामा भर्ना आवेदन खुलाएको थियो । प्रदेशमा लोक सेवा र प्रहरी ऐन कार्यान्वयनमा रहेको अवस्थामा संघबाटै भर्ना खुलाइनु प्रदेशको अधिकारमाथिको हस्तक्षेप हो । अर्को उदाहरण हो, लोकसेवा आयोगको स्वीकृतिमा प्रहरी प्रधान कार्यालयले प्रहरी जवान भर्ना आवेदन खुलाएको हो । प्रहरीको भर्ना प्रक्रिया प्रत्यक्ष रूपमा प्रदेशसँग सम्बन्ध राख्ने विषय हो । ऐनले प्रदेशभित्र डीएसपीसम्मको खटनपटन अधिकार प्रदेश सरकारलाई दिएको छ ।

संघीय सरकारले प्रदेशका अधिकारमाथि हस्तक्षेप गर्ने प्रयास गरिरहँदा प्रादेशिक सरकारहरूले त्यसविरुद्ध सशक्त प्रतिवाद गरेको पनि देखिँदैन । मधेस प्रदेशले संघीय हस्तक्षेप विरुद्ध सर्वोच्च अदालतको संवैधानिक इजलासमा ६ वटा मुद्दा हालेको छ तर बाँकी प्रदेशहरूले केही नगरेबाट उनीहरूले संघको हस्तक्षेपलाई प्रतिवाद गर्न नसके जस्तो पनि देखिन्छ ।

मधेस प्रदेशले प्रहरीमा महिलालाई ५० प्रतिशत आरक्षण, दलित सशक्तीकरणको कुरा गरेको थियो । प्रधानमन्त्रीदेखि गृह मन्त्रालय सम्मको उर्दीविपरीत प्रहरी ऐन, प्रदेश निजामती सेवा ऐन ल्याएको थियो । तर, अन्य प्रदेशको हकमा त्यस्तो भएन । तर, प्रदेशलाई पर्याप्त हुनेगरी ऐन कानुन नबनाएको मात्र नभई कर्मचारी पनि दिएन ।

संघबाट कर्मचारीहरू प्रदेशमा जान नचाहने र गए पनि अनेक तिकडम गरेर फेरी संघमै फर्किने प्रवृति केही अपवादबाहेक कर्मचारीवृतिको प्रवृति रह्यो । सुरक्षा, प्रहरी प्रशासन र कर्मचारीबिना प्रदेश सरकार कसरी चलाउने प्रदेशका मुख्यमन्त्रीहरूले संघ सरकारको प्रधानमन्त्री सो प्रश्न सोधेको मात्र नभई ज्ञापनपत्र बुझाउने परिस्थिति पनि निम्तियो ।

संघीयता कार्यान्वनयमा राजनीतिक दलका नेतृत्वको शुरूदेखि नै रुचिमा कमी थियो । यसलाई बलियो र व्यवस्थित ढंगले अगाडि बढाउन चाहिने व्यवस्थित सोच प्रमुख राजनीतिक नेतृत्वमा शुरुदेखि थिएन । यो राजनीतिक दलहरूको एजेन्डा हो । संघीयता कर्मचारीतन्त्रको एजेन्डा होइन । तर, दलहरूले संघीयताको अधिकार सूची बनाउनेदेखि कार्यान्वयन गर्ने जिम्मा कर्मचारीतन्त्रलाई दिएका थियो ।

त्यसैले प्रदेशको संरचना अस्तित्वमा आएको पाँच वर्ष बितिसक्दा पनि त्यसलाई चलायमान, सुदृढ र क्रियाशील बनाउनेतर्फ राज्य सञ्चालनमा रहेका जिम्मेवार व्यक्तिहरूको ध्यान जान सकेन । संघीयता सुनिश्चित गर्दै संविधान लेख्ने र लागु गराउने भूमिकामा रहेका राजनीतिक दलका नेताहरूको राज्यशक्तिको संघीय निक्षेपण गर्नेभन्दा सकेसम्म शक्तिको केन्द्रीकरण नै कायम राख्ने मानसिकताले काम गर्दै आएको छ । यो संघीयताको सबलीकरणमा सबैभन्दा ठूलो बाधक देखिएको छ । पाँच वर्षयता सरकारको व्यवहार, राजनीतिक दलको सोच र संस्कारले संघीयतालाई पाँच विकास क्षेत्रकै मोडेलमा सञ्चालन गर्न खोजेको देखिन्छ ।

दोस्रो आम निर्वाचनपछि संघीयताका लागि नेतृत्व गरेका नेता पुष्पकमल दाहाल प्रचण्डले प्रधानमन्त्रीको जिम्मेवारी पाएका छन् । यो उनको प्रधानमन्त्रीको तेस्रो कार्यकाल हो । अघिल्लो पटक नौ /नौ महिना प्रधानमन्त्री बनेका प्रचण्डको अबको कार्यकालमा अढाई वर्ष पूर्वनिर्धारित नै छ । यतिबेला प्रचण्डका सामु थुप्रै चुनौतीहरू छन् । पहिलो चुनौती हो, संविधानको कार्यान्वयन, सुशासन र जनताको दैनिक जीवनयापनका समस्या समाधान गर्ने हो ।



माओवादीकै आन्दोलनका कारण संविधानमा, संघीयता संस्थागत भएको बताउँदै आएका प्रचण्डको लागि अहिले ठूलो चुनौती भनेको यसको सही तरिकाले कार्यान्वयन गरी यसलाई बलियो बनाउने हो । किनकि अहिले प्रदेशको औचित्यको विषयमा प्रश्न उठाउने ठूलै जमात छन् । यसलाई आगामी दिनहरूमा नजरअन्दाज गरिरहने हो वा संघीयताको कार्यान्वयनमा यस्तै रवैया अपनाउने हो भने कानुन निर्माणमा संघको तगारो, कर्मचारी र राजनीतिक दलको केन्द्रीकृत मानसिकता, आवश्यक संरचना र गाँठो फुकाउन संघको उदासीनताले संघीयता विकृत र पंगु बनाउने र प्रदेश भनेको अनावश्यक भन्ने भाष्य निर्माणमा झन सघाउने छ ।

यो भनेको संविधानको कार्यान्वयनप्रति दलहरूको बेइमानी मात्र नभई संवैधानिक व्यवस्थामा ठाडो प्रहार हो । संघीयता संविधानको एउटा अंग हो।संघीयतामाथि निरन्तर प्रहारले संविधान पनि क्षतविक्षत बनाउने निश्चित छ । यस्तो प्रवृत्तिले मुलुकको भविष्य, स्थायित्व, शासन क्षमतामा सधैं अवरोध ल्याउँछ । संघीयता कमजोर बनाउनु भनेको संविधान समाप्त पार्नु हो । अतः संघीयताको सबलीकरण अबको मुख्य लक्ष्य हुनुपर्दछ ।

प्रधानमन्त्रीको अध्यक्षतामा अन्तरप्रदेश परिषद् छ, जसमा सातै प्रदेशका मुख्यमन्त्री पनि सदस्य हुन्छन् । यो परिषद्लाई क्रियाशील बनाउनुपर्छ । यो परिषद् प्रदेश-प्रदेश र संघ र प्रदेशबीचको समस्या समाधान गर्ने निकाय हो । कानुनतः विवादको निरूपण गर्ने संवैधानिक इजलास वा संघ र प्रदेशबीच तथा प्रदेश-प्रदेशबीच उत्पन्न राजनीतिक विवाद समाधान गर्न भनी संविधानले कल्पना गरेको अन्तरप्रदेश परिषद्जस्ता निकायहरू सक्रिय भएका छैनन् । परिषद्को अध्यक्षता गर्ने प्रधानमन्त्रीले त्यसको बैठक बोलाउन आवश्यक सम्झेका छैनन् भने प्रदेश सरकारले पनि परिषद्को बैठक माग गर्न सकेको देखिँदैन । यसरी संघ, प्रदेश र स्थानीय तहबीच संविधानले चिन्ने संयन्त्रमार्फत हुनुपर्ने संवाद टुटेको देखिन्छ । अब यसलाई सक्रिय बनाउनुपर्दछ ।

संविधानका अनुसूचीहरू बमोजिम रहेको अधिकारको प्रयोगको लागि कानुन बनाउन संघले अग्रसरता देखाउनुपर्दछ । साझा अधिकारको विषयमा स्पष्ट कानुन आउनुपर्दछ ।

संघीय शासन व्यवस्था कार्यान्वयनमा आएपछि विगतका जिल्लास्तरीय सबै संरचनाहरू खारेज भई पालिकास्तरमा आउनुपर्ने हो । संघीयतासँग बाझिएका सबै कानुन २०७२ फागुनसम्म परिमार्जन गर्ने, तीन तहको साझा अधिकार सूचीमा रहेका शिक्षा, विद्युत, सिँचाइ, जलस्रोत, वन, सञ्चार, खानी, उद्योग, यातायात, कृषिलगायत क्षेत्रहरूका कानुन २०७५ चैतसम्म तयार गर्ने जस्ता निर्णय गरिए पनि सरकारले काम गर्न सकेन । अहिले विभिन्न संरचनाले काम गरिरहँदा व्यवस्थित रुपले अगाडि बढ्न सकेन ।अब त्यसलाई अघि बढाउनुपर्दछ

प्रदेशका अधिकारहरू प्रयोग गर्ने वातावरण संघले बनाउनुपर्दछ । संघीयतालाई बलियो बनाउन संविधान संशोधन गर्नुपरे पनि दलहरू तयार हुनुपर्दछ । संघीयता राज्य र समाज विकासको निश्चित पृष्ठभूमिबाट जन्मिएको, उम्रिएको हो । जन्मिएको वा उम्रिएको कुनै पनि चीजको हुर्काइको वातावरणले त्यसको भविष्य निर्धारण गर्दछ । त्यसकारण ०७० को दशमा अंकुराएको संघीयतालाई कस्तो बनाउने भनी वातावरण तयार पार्ने दशक हो अबको ०८० को दशक । यसका लागि तत निकाय जिम्मेवार हुनुपर्ने छ ।

नव वर्ष २०८०
को सुखद अवसरमा
स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य दीर्घायू तथा उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं ।
कुसाङ शेर्पा
प्रबन्ध निर्देशक, तथा
ANS ASSOCIATES PVT. LTD.
ए.एन.एस.एशोशिएट्स प्रा. लि., परिवार
बौद्ध, काठमाडौं, फोन: ०१-५९१८७२, ०१-५९१८४४
इमेल: anspasang8125@gmail.com | वेबसाइट: www.ansassociates.com.np

नव वर्ष २०८०
को सुखद अवसरमा
यस संस्थाका शेयरधनी, बचतकर्ता एवम् स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य दीर्घायू तथा उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं ।
प्रेमबहादुर कटुवाल
अध्यक्ष, तथा
लोकदर्शन बचत तथा ऋण सहकारी संस्था लिमिटेड
परिवार
नयाँ बानेश्वर, काठमाडौं । फोन नं.: ०१ ४४८४३६० इमेल: lokdarshancooperative@gmail.com

हार्दिक शुभकामना
नयाँ वर्ष २०८०
बसन्त ऋतुको आगमनसँगै नवीन उल्लास एवं आशा लिएर आउने नयाँ वर्ष २०८० को उपलक्ष्यमा सम्पूर्ण वैदेशिक रोजगार व्यवसायीका साथै स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति सुस्वास्थ्य, दीर्घायु, भातृत्व एकता एवं समृद्धिको शुभकामना व्यक्त गर्दछौं ।
हेम गुरुङ
अध्यक्ष, तथा
एस ओ एस ग्रुप
SOS GROUP
परिवार
धापासी, काठमाडौं, नेपाल, फोन: ४३५५७४५

नव वर्ष २०८०
सालको शुभकामना
नव वर्ष २०८० सालको उपलक्ष्यमा सम्पूर्ण वैदेशिक रोजगार व्यवसायीका साथै स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य, दिर्घायु, भातृत्व एकता एवं समृद्धिको शुभकामना व्यक्त गर्दछौं ।
सन्तोष श्रेष्ठ
संगीतकार

नव वर्ष २०८०
हार्दिक शुभकामना
नव वर्ष २०८० सालको उपलक्ष्यमा सम्पूर्ण वैदेशिक रोजगार व्यवसायीका साथै स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य, दिर्घायु, भातृत्व एकता एवं समृद्धिको शुभकामना व्यक्त गर्दछौं ।
पुष्पराज पाण्डे
अध्यक्ष
जलसम्पदा तथा वातावरण संरक्षण कोष नेपाल

शुभकामना
नयाँ वर्ष २०८०
नव वर्ष २०८० सालको उपलक्ष्यमा सम्पूर्ण वैदेशिक रोजगार व्यवसायीका साथै स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य, दिर्घायु, भातृत्व एकता एवं समृद्धिको शुभकामना व्यक्त गर्दछौं ।
विमल ढकाल
प्रबन्ध निर्देशक, तथा
खगोल ओभरसिज प्रा. लि.
परिवार
बानेश्वर, काठमाडौं, फोन: ५२४४०४६, ५२४४७४७

# मूलधारमा हास्य रस



अञ्जना कोइराला

हाँस्न मन नपराउने मानिस संसारमा विरलै होलान् । दुखी भएर बस्नुभन्दा सुखी भएर हाँसेर जीवन जिउने इच्छा, रहर सबै मानिसको साझा लक्ष्य नै हुन्छ। मानिस व्यस्त दैनिकी र दुखी अवस्थाबाट केही क्षणका लागि भएपनि रमाउन थुप्रै किसिमका उपाय अपनाउँछन्। कोही खेल खेल्छन्, कोही साथीभाइसँग रमाउँछन् त कोही चलचित्रबाट मनोरञ्जन लिन्छन्। तर सबैको लक्ष्य एउटै हुन्छ, केही समय रमाऔं र हाँसौं । त्यसैले त मानिसहरु अन्य विधाभन्दा बढी हास्य विधाका गतिविधिहरुमा झुम्मिन्छन् ।

नेपाली चलचित्र क्षेत्रको पछिल्लो एक दशकको यात्राले पनि यसलाई पुष्टि गर्छ। पछिल्लो एक दशकदेखि हाँस्य विधाका चलचित्रहरुले नै नेपाली चलचित्र क्षेत्रलाई धान्दै आएको छ भन्दा गलत नहोला । हुनत चलचित्र क्षेत्रमा अन्य चलचित्रको योगदान छ, तर सबैभन्दा बढी योगदान भने हास्य विधाका चलचित्रकै रहेको छ । लामे समयदेखि माया प्रेम, द्वन्द्वका कथा भएका चलचित्र भन्दा हास्य चलचित्र नै दर्शकहरुको पहिलो रोजाइ बनिरहेको छ ।

> नेपाली चलचित्र क्षेत्रमा बितेको दशक माया, प्रेम र द्वन्द्वका विषयवस्तुभन्दा हास्यरसका चलचित्रि हाबी हुन पुग्यो । दशककै समीक्षा गर्दा हास्य विधाका कलाकारहरु चम्कँदा परम्परागत शैली बोक्ने कलाकार बेरोजगार जस्ता बने ।

एक दशक अघिसम्म पनि प्रेम तथा द्वन्द्वका कथा भएका चलचित्रले माहोल बनाउँदै आएको थियो । तर, पछिल्लो समय भने नेपालमा हास्य क्षेत्रमा ठूलो प्रगति भएको छ । चलचित्रका साथै हास्य रियालिटी शोहरु पनि बढ्दै गएका छन् ।

हास्य विधा बाहेक चलचित्र बनाउनेहरुलाई लगानी उठाउन नै मुस्किल परिरहेको पछिल्लो अवस्थामा हास्य विधाका चलचित्रहरुले एकपछि अर्को रेकर्ड तोड्दै गएका छन् । यो एक दशकको तथ्यांक हेर्ने हो भने ३० वटा भन्दा बढी हास्य विधाका चलचित्र हिट भएका छन् । हुन त अन्य विधाका चलचित्रहरु पनि नचलेका होइनन्, तर हास्य विधाको तुलनामा निकै नै कम छन् ।

२०७९ सालमा रामबाबु गुरुङ निर्देशित हास्य विधाको चलचित्र 'कबड्डी ४'ले सबैभन्दा बढी कमाउने चलचित्रको रेकर्ड नै राख्यो । २०७१ सालमा रिलिज भएको चलचित्र 'कबड्डी' हिट भएको थियो । यसकै अन्य सिक्वेल पनि सबै हिट भए । 'कबड्डी २'ले १० करोड बढी कमाइ गरेको थियो भने 'कबड्डी ३'ले साढे १३ करोड र 'कबड्डी ४'ले झण्डै २३ करोड कमाइ गर्न सफल भयो ।

यता दीपकराज गिरी र दीपाश्री निरौलाको चलचित्र 'छक्का पञ्जा' र यसका सिक्वेलले पनि नेपाली बक्सअफिसमा तहल्का नै मच्चायो । २०७३ सालमा प्रदर्शन भएको चलचित्र 'छक्का पञ्जा'ले १६ करोड बढी कमाइ गरेको थियो । यसकै सिक्वेल 'छक्का पञ्जा २ 'ले साढे १४ करोड, 'छक्का पञ्जा ३'ले २० करोड बढी कमाइ गरेको थियो । हाल प्रदर्शनरत यसकै सिक्वेल 'छक्का पञ्जा ४' ५१ दिने यात्रामा अघि बढेको छ । यस चलचित्रले पनि नेपाली बक्सअफिसमा रेकर्ड राख्ने अपेक्षा गरिएको छ ।



यस्तै प्रदीप भट्टराई निर्देशित हास्य विधाको चलचित्र 'जात्रा' र 'जात्रा २' पनि हिट भयो । 'जात्रा'ले साढे ३ करोड बढी कमाइ गरेको थियो भने 'जात्रै जात्रा'ले झण्डै १२ करोड कमाइ गरेको थियो ।

यी बाहेक कयौं हास्य विधाका चलचित्रले पनि दर्शकका साथ पाएका छन् । हास्य विधाका चलचित्र 'सत्रुगते', 'झिँगेदाउ', 'दुई नम्बरी', 'सेल्फी किङ', 'छ माया छपक्कै', 'छ एकान छ', 'के घर के डेरा', ' महापुरुष'लगायत चलचित्र पनि दर्शकको रोजाइमा परेका चलचित्र हुन् ।

हास्य चलचित्रलाई टेवा दिने काम भने हास्य टेलिचलचित्रहरुले नै गरेका हुन् । टेलिचलचित्रकै माध्यमबाट आफूलाई स्थापित गर्न सफल भएका मदनकृष्ण श्रेष्ठ, हरिवंश आचार्य, दीपकराज गिरी, दीपाश्री निरौला, जितु नेपाल, केदार घिमिरेलगायत कलाकार अहिले चलचित्रमा सफल भएका छन् । उनीहरूले निर्माण तथा अभिनय गरेका चलचित्र दर्शकले रुचाउनुका साथै कमाइमा रकर्डसमेत बनाउन सफल भएका छन् ।

सोही कारण पनि निर्माताहरू समेत हास्य विधामा आधारित चलचित्रमा निर्धक्क भएर लगानी गरिरहेका छन् । अन्य विधामा लगानी उठाउन नै मुस्किल हुने तर हास्य विधामा लगानी गरे नाफा पनि कमाइने भएका कारण निर्माताहरु हास्य विधा रोज्नतिर लागेका छन् ।

पछिल्लो दशक हास्य विधाका चलचित्रले धानेको नेपाली चलचित्र क्षेत्र आगामी वर्षहरुमा कसरी अगाडि बढ्ला त्यो त हेर्न बाँकी नै छ । तर, हास्य चलचित्र मात्र हिट भएर नेपाली चलचित्र उद्योग फस्टाउँदैन । चलचित्र उद्योगको विकासका लागि सबै विधाका चलचित्र हिट हुन जरुरी हुन्छ । नयाँ वर्ष २०८० सालबाट हरेक विधाका चलचित्रलाई दर्शकले साथ दिउन् र निर्माताहरुले पनि सबै विधाका चलचित्र उत्कृष्ट बनाउन्, सबैमा नयाँ वर्षको शुभकामना ।

नव वर्ष २०८०
सालको शुभकामना


नव वर्ष २०८० सालको उपलक्ष्यमा सम्पूर्ण वैदेशिक रोजगार व्यवसायीका साथै स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य, दिर्घायु, भातृत्व एकता एवं समृद्धिको शुभकामना व्यक्त गर्दछौं ।
नवल खड्का
निर्माता
तथा
चलचित्र "काँडेतार" परिवार

नव वर्ष २०८०
सालको शुभकामना
नव वर्ष २०८० सालको उपलक्ष्यमा सम्पूर्ण वैदेशिक रोजगार व्यवसायीका साथै स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य, दिर्घायु, भातृत्व एकता एवं समृद्धिको शुभकामना व्यक्त गर्दछौं ।
उदय सुब्बा
निर्देशक
तथा
चलचित्र "दुई कदम" परिवार

नयाँ वर्ष २०८०
को शुभकामना
बसन्त ऋतुको आगमनसँगै नवीन उल्लास एवं आशा लिएर आउने नयाँ वर्ष २०८० को उपलक्ष्यमा सम्पूर्ण वैदेशिक रोजगार व्यवसायीका साथै स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य, दिर्घायु, भातृत्व एकता एवं समृद्धिको शुभकामना व्यक्त गर्दछौं ।
चोलाकान्त पंगेनी
सभापति, तथा
नेपाली कांग्रेस जनसम्पर्क समिति, मलेसिया
एवं
पंगेनी ह्युमन रिसोर्स प्रा. लि.
परिवार
सामाखुसी, काठमाडौं, नेपाल, फोन: ०१-४३८६६००, ४३८६२०४

नव वर्ष २०८०
को सुखद अवसरमा
स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य दीर्घायु तथा उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं ।
नारायण पराजुली
प्रबन्ध निर्देशक
तथा
प्रुडेन्सियल ओभरसिज प्रा. लि.
परिवार
तिनकुने, काठमाडौं, फोन: ५१०४५२५

नव वर्ष २०८०
हार्दिक शुभकामना
नव वर्ष २०८० सालको उपलक्ष्यमा सम्पूर्ण वैदेशिक रोजगार व्यवसायीका साथै स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य, दिर्घायु, भातृत्व एकता एवं समृद्धिको शुभकामना व्यक्त गर्दछौं ।
गुणराज राजभण्डारी
LOTUS Skin & Hair Clinic
लोटस स्किन एण्ड हेयर क्लिनिक
तथा लोटस युनिसेक्स सैलुन, परिवार

नव वर्ष २०८०
हार्दिक शुभकामना
नव वर्ष २०८० सालको उपलक्ष्यमा सम्पूर्ण वैदेशिक रोजगार व्यवसायीका साथै स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य, दिर्घायु, भातृत्व एकता एवं समृद्धिको शुभकामना व्यक्त गर्दछौं ।
किशोर सुब्बा
निर्देशक
तथा
हेल्लो अमेरिका परिवार

# एक दशकमा बदलिएको नेपाली समाज



सन्दिप वि.क

भनिन्छ समाज व्यक्ति-व्यक्ति बीचको सम्बन्धको जालो हो । आजको समाज विभिन्न समयको परिवर्तनको उपज हो । समाजमा हुने सामाजिक अपेक्षा, सहयोग, संघर्ष, प्रतिस्पर्धा जस्ता प्रक्रियाकै कारण समाज परिवर्तन भएको छ । हिजोको समाज आज नहुन पनि सक्छ र आजको समाज भोलि नहुन पनि सक्छ । यसरी परिवर्तन नै परिवर्तका बीचमा रहेको नेपाली समाज पछिल्लो एक दशकको अवधिमा धेरै परिवर्तन भएको छ । मूलतः एक दशकमा आर्थिक, सामाजिक, राजनीतिक र साँस्कृतिक परिवर्तन भएका छन् । राष्ट्रिय तथ्यांक कार्यालयले हालै सार्वजनिक गरेको 'नेपालको राष्ट्रिय जनगणना २०७८'का सूचाकांकलाई हेर्दा एक दशकको अवधिमा नेपाली समाज धेरै परिवर्तन भएको छ।

सर्वप्रथम त नेपालको जनसंख्यामै परिवर्तन भएको तथ्यांकले देखाएको छ । जनगणना २०७८ अनुसार नेपालको जनसंख्या २,९१,६४,५७८ रहेको छ, जसमध्ये पुरुषको संख्या १,४२,५३,५५१ (४८.९८ प्रतिशत) र महिलाको संख्या १,४९,११,०२७ (५१.०२ प्रतिशत) छ । जसअनुसार लैङ्गिक अनुपात अर्थात प्रति १०० जना महिलामा पुरुषको संख्या ९५.५९ रहेको छ। जनु २०६८ सालमा कुल जनसंख्या २,६४,९४,५०४ र लैङ्गिक अनुपात ९४.१६ थियो ।

यस्तै कुल २ करोड ९१ लाख ६४ हजार ५७८ जनसंख्यामध्ये तराईमा बस्नेको संख्या ३.३४ प्रतिशतले बढेर ५३.६१ प्रतिशत पुगेको छ । पहाडमा ४०.३१ प्रतिशत र हिमाली क्षेत्रमा ६.०८ प्रतिशत मान्छेको बसोबास देखिन्छ । यसरी नेपाली समाजमा विस्तारै गाउँबाट शहरमा बसाइ सर्नेको संख्या वृद्धि हुँदै गएको छ । यस्तै नेपालमा देशभर ६६ लाख ६६ हजार ९३७ घर परिवार संख्या रहेको छ। यी परिवारले उपयोग गर्ने स्रोत-साधन र सुविधा क्रमशः अत्याधुनिक बन्दै गएको जनगणनाको पूर्ण विवरणले देखाएको छ ।

> "हिजोको समाज आज नहुन पनि सक्छ र आजको समाज भोलि नहुन पनि सक्छ । यसरी परिवर्तन नै परिवर्तनका बीचमा रहेको नेपाली समाज पछिल्लो एक दशकको अवधिमा धेरै परिवर्तन भएको छ ।"

प्रतिवेदनले सामाजिक तथा मानव विकासका लागि आवश्यक विभिन्न सेवा सुविधामा नेपालीहरुको पहुँच बढ्दै गएको देखाएको छ । प्रतिवेदन अनुसार देशभर ५७ प्रतिशत घर परिवारले धारा/पाइप (घरपरिसर) मै पुऱ्याएका छन् । २०६८ सालमा यस्तो सुविधा भएका परिवारको संख्या ४७.८ प्रतिशत मात्र थियो ।

खाना पकाउन दाउराको प्रयोग गर्ने जनसंख्या ह्वात्तै घटेको छ। ५१ प्रतिशत परिवारले खाना पकाउन दाउराको प्रयोग गर्छन् । २०६८ सालमा दाउराको प्रयोग गर्ने जनसंख्या ६४ प्रतिशत थियो। अहिले देशभर ४४.३ प्रतिशत परिवारले एलपी ग्यास प्रयोग गर्छन् । ०.५ प्रतिशत परिवारले यसै दशकमा बिजुलीबाट खाना पकाउन सुरु गरेका छन् ।

अहिले देशभर ९२.२ प्रतिशत परिवारले बत्ती बाल्न बिजुलीको प्रयोग गर्छन् । २०६८ सालको जनगणनामा ६७.३ प्रतिशत परिवारले बत्ती बाल्न बिजुली प्रयोग गर्ने गरेका थिए । बत्ती बाल्न मट्टितेल प्रयोग गर्ने परिवार ७.४ प्रतिशतबाट ०.६ प्रतिशतमा झरेको छ । शौचालयको सुविधा नपुगेको परिवार ४.५ प्रतिशत मात्र छ। यसअनुसार अब अधिकांश परिवार शौचालय बनाएर प्रयोग गर्ने गरेको देखिएको छ । २०६८ सालमा यस्तो परिवार संख्या ३८.२ प्रतिशत थियो ।




घर परिसरभित्र र बाहिरभित्रै धारा वा पाइप भएको खानेपानी प्रयोग गर्नेको संख्या ५७.८ प्रतिशत पुगेको छ। २०६८ मा यो संख्या ४७.८ प्रतिशत थियो ।

२९.८ प्रतिशत जनसंख्याले ट्युबेल, ४.६ प्रतिशतले जार र बोतल, ३.९ प्रतिशत मूल धारा,१.५ प्रतिशतले ढाकिएको कुवा/इनार र २.४ प्रतिशतले खुला कुवा इनार र खोलाको पानी प्रयोग गर्ने गरेको देखिन्छ । पछिल्ला वर्षमा ट्युबेल प्रयोग गर्नेको संख्या क्रमश घट्दै गएको देखिन्छ। प्रविधिमा पनि लगाव र पहुँच बढेको छ। देशभर ७३.१५ प्रतिशत परिवारमा साधारण मोवाइल फोन र ७२.९४ प्रतिशत परिवारमा स्मार्ट फोनकै सुविधा पुगेको छ। अहिले ४९.३७ प्रतिशत परिवारमा टेलिभिजन पुगेको छ । ३७.७२ प्रतिशत परिवारमा इन्टरनेटको सुविधा छ । ३५.२१ प्रतिशत परिवारमा साइकल रहेको देखिएको छ ।

पछिल्लो दशकमा पक्की घरहरु बन्ने क्रम बढेको छ। ३३ प्रतिशत घरको जग माटोजडित इटा/ढुंगाबाट बनेका छन्। २०६८ सालमा यस्तो संख्या ४४.२ प्रतिशत थियो।

सिमेन्ट जडित इँटा/ढुंगाबाट बनेका घरको संख्या २९.८ प्रतिशत पुगेको छ । २०६८ सालमा यो संख्या मात्र १७.६ प्रतिशत थियो। अहिले ५२.२ प्रतिशत घरको बाहिरी गारो सिमेन्टको छ । २०६८ सालमा यो २८.७ प्रतिशत थियो ।

अहिले ४१.९ प्रतिशत परिवारको छाना जस्ता/टिन/च्यादरको रहेको छ। २०६८ सालमा २८.३ प्रतिशत मात्र थियो। ढलान छाना ३७.८ प्रतिशत पुगेको छ । २०६८ सालमा २२.५ प्रतिशत थियो ।

पछिल्लो दशकमा महिला सशक्तिकरणको लागि गरिएका प्रयासको नतिजा पनि तथ्यांकमा देखिन थालेको छ। देशभर २३.८ प्रतिशत परिवारमा महिलाको नाममा घर वा जग्गा वा घरजग्गा दुबै रहेको छ । महिलाको नाममा घरजग्गा र जग्गा दुबै रहेको जनसंख्या ११.८ प्रतिशत रहेको छ । यो २०६८ सालको तुलनामा १.१ प्रतिशत विन्दुले धेरै हो ।

परिवार मुलीमा ३१.५५ प्रतिशत महिला छन् । २०६८ सालमा यो संख्या २५.७३ प्रतिशत थियो । यसले घरमुलीका रुपमा महिलाको स्वीकार्यता बढ्दै गएको देखिन्छ । शिक्षा र स्वास्थ्य क्षेत्रमा पनि क्रमशः सुधार देखिएको छ। देशभर साक्षरता दर ७६.३ प्रतिशत पुगेको छ। २०६८ सालमा साक्षरता दर ६५.९ प्रतिशत थियो । अहिले महिलाको साक्षरता दर ६९.४ प्रतिशत रहेको छ। अघिल्लो जनगणनामा महिला साक्षरता ५७.४ प्रतिशत थियो । नेपालको सबैभन्दा ठूलो जनसंख्या (२८.७ प्रतिशत) ले प्राथमिक शिक्षा पाएका छन्। एसएलसी भन्दा माथिको शिक्षा लिनेको संख्या १९.५ प्रतिशत पुगेको छ।

१५-४९ वर्ष उमेर समूहमा २ जना जीवित बच्चा जन्माउने महिलाको संख्या सबैभन्दा धेरै ३३ प्रतिशत रहेको छ । १ जना मात्र बच्चा जन्माउने महिलाको संख्या २३.१ प्रतिशत छ। जनगणनाको दिनदेखि अघिल्लो एक वर्षको अवधिमा अहिले २०-२४ वर्ष उमेर समूहका महिलाबाट सबैभन्दा धेरै बच्चा जन्मिएका छन् । यस्तो संख्या ३६.८ प्रतिशत रहेको छ। जनगणना अगाडिको १२ महिनामा ६५३ महिलाको मृत्यु गर्भावस्थासँग सम्बन्धित रहेको छ। यस अनुसार मातृ मृत्युदर १५१ जना (प्रतिलाख जीवित जन्ममा) रहेको छ ।

नेपालमा १० वर्ष भन्दा बढी उमेर भएका २ करोड ३९ लाख ५८ हजार ८६८ जनामध्ये ३७.५ प्रतिशत नागरिक कुनै पनि आर्थिक काममा संलग्न नभएको प्रतिवेदनले देखाएको छ । देशभर ६५.५ प्रतिशत मात्रै जनसंख्या आर्थिक रुपमा सक्रिय छन् । १ करोड ५६ लाख ८९ हजार ७७७ जना मात्रै आर्थिक उपार्जनमा प्रत्यक्ष संलग्न छन् ।

आर्थिक रुपमा सक्रिय जनसंख्या मध्ये ५२.६ प्रतिशत पुरुष र ४७.४ प्रतिशत महिला छन् । आर्थिक रुपमा सक्रिय जनसंख्यामध्ये सबैभन्दा धेरै कृषि, वन र माछापालन कार्यमा ५०.१ प्रतिशत छन् । त्यसपछि सामान्य वा प्राथमिक पेशा, सेवा तथा वस्तु बिक्री गर्ने कामदार, शिल्पकला तथा कालिगढ र यसको व्यापार गर्ने कामदार छन् । देशभर व्यवस्थापकको संख्या भने ५.१ प्रतिशत छ ।

विदेशमा बस्ने नेपालीको संख्या समेत २०६८ सालको जनगणनाको तुलनामा बढेको छ । सो बेला १९ लाख २१ हजार ४९४ जना अक्सर विदेशमा बस्ने गरेकोमा अहिले बढेर २१ लाख ९० हजार ५९२ जना पुगेको छ ।

बसाइसराईमा सबैभन्दा ठूलो (३८.२ प्रतिशत) कारण विवाह देखिएपनि काम/रोजगारीका लागि १५.२ प्रतिशत र अध्ययनका लागि ७.८ प्रतिशतले बसाइसराइ गरेको प्रतिवेदनमा उल्लेख छ ।

यस्तै वैवाहिक स्थितिलाई हेर्दा १० वर्ष वा सो भन्दा बढी उमेरका कुल जनसंख्याको ३३.१ प्रतिशत व्यक्तिहरु अविवाहित रहेका छन् जसमा पुरुष ३८.२ प्रतिशत र महिला २८.४ प्रतिशत छन्। त्यस्तै १० वर्ष वा सो भन्दा बढी उमेरका व्यक्तिहरु मध्ये ६१.८ प्रतिशत हाल विवाहित अवस्थामा छन् । हाल विवाहित पुरुष र महिलाहरु उनीहरुको कुल जनसंख्याको क्रमशः ५९.१ र ६४.३ प्रतिशत रहेका छन्। १० वर्ष वा सोभन्दा बढी उमेरका २,३९,५८,८६८ जना व्यक्तिहरु मध्ये १,५६,८९,७७७ जना (६५.५ प्रतिशत) आर्थिक रुपले सक्रिय र ८२,११,०१२ जना (३४.३ प्रतिशत) आर्थिक रुपले निष्क्रिय रहेका छन् जबकी आर्थिक रुपले सक्रिय वा निष्क्रिय अवस्था नखुलेका व्यक्तिहरुको संख्या ५८,०७९ जना रहेका छन्।

यसरी एक दशकको अवधिमा नेपाली समाजमा धेरै परिवर्तनहरु देखिएका छन्। यसर्थ, माथिका सूचाकाकंले भन्न सकिन्छ कि नेपालमा परिवारको आयतन, संरचना, शिक्षा, स्वास्थ्य, बसाइसराइ, जीविकोपार्जनको आधार लगायत परिवारभित्रको अन्तरसम्बन्धमा समेत महत्वपूर्ण परिवर्तन आएको छ । यसरी नेपाली समाज विस्तारै विगतको अवस्थाबाट विस्तारै आधुनिकतातर्फ परिवर्तन हुँदै गएको अवस्था छ । यसमा शिक्षा, स्वास्थ्य, यातायात, रोजगार जस्ता परिवर्तनमा महत्वपूर्ण भूमिका खेलेको छ । यसरी अवसरका दश वर्षमा नेपाली समाजमा धेरै परिवर्तनका आयमहरु देखिने सम्भावनाहरु देख्न सकिन्छ ।

नव वर्ष २०८० सालको उपलक्ष्यमा आम वडाबासी, आमा–बुवा, दाजु–भाइ, दिदीबहिनीहरू, साथै देश विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरूको सु–स्वास्थ्य, उन्नत्ति र दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

वडाबासीहरूमा अनुरोध

- घर निर्माण गर्नु अघि बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्डको बारेमा जानकारी राखौं र सोको पालना गरौं ।
- सार्वजनिक जग्गा, पोखरी, वन आदि व्यक्तिगत प्रयोजनका लागि प्रयोग नगरौं, त्यस्ता क्षेत्रहरू अतिक्रमण हैन, संरक्षणको लागि पहल गरौं ।
- व्यक्तिगत घटना घटेको ३५ दिनभित्र संयुक्त वडा कार्यालयमा घटना दर्ता गरौं ।
- आफ्नो वडामा हुने विकासका योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा सदैव जागरूक बनौं ।
- कर तिर्न भनेको तपाई हामीले चाहेको विकास गर्ने अवसर प्राप्त गर्नु हो । तसर्थ विकासका खातिर समयमै तोकिएको कर दस्तुर गाउँपालिकामा बुझाउने गरौं ।
- वडा कार्यालयबाट प्राप्त हुने सेवाका सम्बन्धमा सदैव चासो राखौं । तपाईले जति बढी चासो देखाउनु हुन्छ, वडा कार्यालय त्यति धेरै जनउत्तरदायी बन्दछ ।
- जथाभावी फोहोर नगरौं । फोहोर बोक्ने गाडी आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- महिला हिंसारहित बनाउने अभियानमा सबै जना सहभागी बनौं ।
- आफ्नो वडामा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।
- सार्वजनिक सम्पत्ति संरक्षणमा सहयोग गरौं । सार्वजनिक स्थलमा जतातत्तै फोहोरमैला नफालौं ।

हरि चन्द
वडाध्यक्ष
वडा नं. १०
बाफिकोट गाउँपालिका
तथा
वडा नं १० कार्यालय, परिवार

हार्दिक शुभकामना

नव वर्ष २०८० सालको उपलक्ष्यमा समस्त वडाबासी, आमा–बुवा, दाजु–भाइ, दिदीबहिनीहरू, साथै देश विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरूको सु–स्वास्थ्य, उन्नत्ति र दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

गंगाराम चनारा
पूर्व वडाध्यक्ष
आठविसकोट नगरपालिका
वडा नं. १०, रूकुम पश्चिम

नयाँ वर्ष २०८०
हार्दिक शुभकामना

नव वर्ष २०८० सालको उपलक्ष्यमा सम्पूर्ण वैदेशिक रोजगार व्यवसायीका साथै स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण श्रमिक नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य, दिर्घायु, भातृत्व एकता एवं समृद्धिको शुभकामना व्यक्त गर्दछौं ।

जनक रावल
अध्यक्ष
प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च, नेपाल
पिंगलास्थान, गौशाला, काठमाडौं, फोन: ०१-४४६४३०१, ४४६४७२६

हार्दिक मंगलमय शुभकामना

नयाँ वर्ष २०८० सालको उपलक्ष्यमा समस्त पुर्वाधार विकास प्रेमी तथा देशबासी, आमा–बुवा, दाजू–भाइ, दिदीबहिनीहरू, साथै देश विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरूको सु–स्वास्थ्य, उन्नत्ति र दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

इ. गौरीलाल ढकाल
कामु कार्यालय प्रमुख
पुर्वाधार विकास कार्यालय
परिवार
हुम्ला, कर्णाली प्रदेश

फतुवा विजयपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रौतहट, मधेश प्रदेश

नव वर्ष २०८० सालको उपलक्ष्यमा आम नगरबासी, आमा–बुवा, दाजु–भाइ, दिदीबहिनीहरू, साथै देश विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरूको सु–स्वास्थ्य, उन्नत्ति र दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

समयमै सचेत बनौं, आगलागी हुनबाट बचौं ।

गर्मी मौसम शुरू भएसँगै आगलागीका घटना बढ्न सक्छन् । हाम्रो आफ्नै लापरबाहीका कारण आगलागीका घटना धेरै हुने गरेका छन् । त्यसैले समयमै सचेत बनौं, आगलागी हुनबाट बचौं ।

आगलागी रोकथामका उपाय

- हावा चलेको अवस्थामा खुला स्थानमा आगो नबाल्नुहोस्, बारी, बाटोमा बालिएको आगो पूर्णरूपमा निभेको निक्यौंल गर्नुहोस् ।
- घरमा पेट्रोल, डिजेल, मट्टीतेलको भण्डारण नगर्नुहोस् । यस्ता सामग्रीमा केटाकेटीको पहुँच रोक्नुहोस् । घरमा प्रज्वलनशील पदार्थहरू राख्नपरे यसलाई छुट्टै उपयुक्त भाँडोमा राम्रोसँग बिर्को बन्द गरेरमात्र राख्नुहोस्, जहाँ आगोको स्रोत सहजै पुग्न नसकोस् ।
- केटाकेटीले भेट्न सक्ने ठाउँमा सलाई, लाइटरजस्ता सामग्री नराख्नुहोस् ।
- भान्सामा खाना बनाउँदा ग्याँस वा आगो बल्ने अवधिभरि भान्सा छाडेर टाढा नजानुहोस् ।
- यथासम्भव ग्याँस सिलिण्डरलाई भान्सा कोठाभन्दा बाहिर नै राख्नुहोस् ।
- सिलिण्डरको पाइप, सिलिण्डर समय-समयमा जाँच गर्नुहोस्, कुनै खराबी वा टुटफुट पाउनु भएमा तुरून्त मर्मत गराउन लगाउनुहोस् ।
- खाना बनाइसकेपछि ग्याँसको रेगुलेटर बन्द गर्ने तथा समय-समयमा ग्याँस सिलिण्डर र पाइपको सरसफाइ गर्नुहोस् ।

नव वर्ष २०८० सालको उपलक्ष्यमा आम वडाबासी, आमा–बुवा, दाजु–भाइ, दिदीबहिनीहरू, साथै देश विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरूको सु–स्वास्थ्य, उन्नत्ति र दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

वडाबासीहरूमा अनुरोध

- घर निर्माण गर्नु अघि बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्डको बारेमा जानकारी राखौं र सोको पालना गरौं ।
- सार्वजनिक जग्गा, पोखरी, वन आदि व्यक्तिगत प्रयोजनका लागि प्रयोग नगरौं, त्यस्ता क्षेत्रहरू अतिक्रमण हैन, संरक्षणको लागि पहल गरौं ।
- व्यक्तिगत घटना घटेको ३५ दिनभित्र संयुक्त वडा कार्यालयमा घटना दर्ता गरौं ।
- आफ्नो वडामा हुने विकासका योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा सदैव जागरूक बनौं ।
- कर तिर्न भनेको तपाई हामीले चाहेको विकास गर्ने अवसर प्राप्त गर्नु हो । तसर्थ विकासका खातिर समयमै तोकिएको कर दस्तुर गाउँपालिकामा बुझाउने गरौं ।
- वडा कार्यालयबाट प्राप्त हुने सेवाका सम्बन्धमा सदैव चासो राखौं । तपाईले जति बढी चासो देखाउनु हुन्छ, वडा कार्यालय त्यति धेरै जनउत्तरदायी बन्दछ ।
- जथाभावी फोहोर नगरौं । फोहोर बोक्ने गाडी आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- महिला हिंसारहित बनाउने अभियानमा सबै जना सहभागी बनौं ।
- आफ्नो वडामा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।
- सार्वजनिक सम्पत्ति संरक्षणमा सहयोग गरौं । सार्वजनिक स्थलमा जतातत्तै फोहोरमैला नफालौं ।

जोगबहादुर चन्द
वडाध्यक्ष

प्रेम घर्ती
वडा सचिव

वडा नं. ९
बाफिकोट गाउँपालिका
तथा
वडा नं ९ कार्यालय, परिवार

# वित्तीय क्षेत्रमा अराजकता



चन्द्रबहादुर बस्याल

राज्ययन्त्रको बागडोर सम्हाल्ने नेतृत्वहरुले लामो समयदेखि अर्थतन्त्रमा मडारिएको संकटलाई बुझ्न नसक्दा अहिलेको स्थिति निम्तिएको हो । यो अराजक अवस्था अन्त्य नगरी हामी अगाडि बढ्न सक्दैनौं । तर, राज्यले त्यसतर्फ अझै ठोस पहल गर्न खोजेको देखिन्न ।

तरलता (लगानीयोग्य रकम) अभाव, ब्याजदर वृद्धि र मागमा आएको संकुचनले वित्तीय क्षेत्रको खराब कर्जा झण्डै दोब्बरले बढेको छ । चालु आर्थिक वर्षको छ महिनामा वित्तीय संस्थाहरुले तोकेको भाकामा उठ्न नसकेको ऋण अर्थात् खराब कर्जा ११६ प्रतिशतले बढ्यो । एकातिर कर्जाको ब्याजदर बढ्नु र अर्कोतिर उद्योग व्यवसायमा मन्दी आउनुले खराब कर्जा बढ्न भूमिका खेलेको छ । कर्जाको ब्याजदर बढ्दा उद्योग व्यवसायमा मन्दी आएको छ । बजारमा उद्योग व्यवसाय चलाउन कठिन भएपछि निष्क्रिय कर्जाको अनुपातसमेत बढेको छ । कोभिड महामारीको समयमा दिइएको सहुलियतले जोखिम सर्दै आएको र अहिले उक्त सहुलियत सकिएसँगै त्यसको असर वित्तीय क्षेत्रमा देखिन लागेको हो ।

## लघुवित्तको स्थिति

देशको दुरदराजमा लघुवित्त संस्थाहरुले ६० लाख निक्षेप खाता तथा ३२ लाखभन्दा धेरै ऋणीलाई सेवा प्रदान गरिरहेका छन् । नेपाल राष्ट्र बैंकले लघुवित्तका लागि एकल ग्राहक कर्जा सीमा जम्मा सात लाख तोकेको छ । तर, लघुवित्तहरुले त्यो सीमा नाघेर मनपरी कर्जा प्रवाह गरेका छन् । लघुवित्तहरु गाउँ पसेपछि सुरुमा समूह गठन गर्छन् । समूहलाई विभिन्न तालिम दिन्छन् र बचत गर्न सुरु गर्छन् । त्यसपछि ऋण लिन प्रेरित गर्छन् र ऋण लगानीका लागि न महिलाको आयस्रोत हेर्छन् न धितो नै खोज्छन् । जति धेरै ऋण लिन पनि कुनै समस्या नभएपछि महिलाले एकै पटक धेरै लघुवित्तहरुबाट ऋण लिने गरेका छन् । समूहमा एउटा सदस्यले ऋणको किस्ता नतिरेमा समूहका अन्य सदस्यले दामासाहीरुपले तिर्नुपर्ने बाध्यतासमेत रहेको छ ।

नेपाल राष्ट्र बैंकले १५ प्रतिशतभन्दा बढी ब्याज लिन नपाउने नियम लागु गरेपनि लघुवित्तले ३० देखि ३६ प्रतिशतसम्म ब्याज लिन थालेपछि ऋणि मारमा परेका छन् । किस्तासमेत तिर्न नसकेपछि घर छाडेर भाग्नेको संख्या बढ्दो छ । ब्याजको पनि ब्याज लाग्छ भन्दै साँवा घटाउन लघुवित्त कर्मचारी आनाकानी गर्छन् । किस्ता तिर्न रकम नभएपछि घरमा भएको जायजेथा पनि लिन थालेका छन् । ऋणको चर्को ब्याजदरका कारण ऋणीहरु तनावमा छन् । लघुवित्तले बिनाधितो ऋण परिचालन गर्ने भएकाले विपन्न महिला कर्जाका लागि लघुवित्तमा भर पर्दै आएका छन् । कुनैपनि वित्तीय संस्थाबाट ऋण लिएपछि नियमितरुपमा कर्जाको सावाँ/किस्ता तिर्नु ऋणीको दायित्व हुन्छ । विभिन्न सर्तहरुको अधिनमा रही वित्तीय संस्थाबाट कर्जा लिएपछि नतिर्ने भन्नु अराजकता हो ।

## बेथिति समग्र व्यवस्था

विशेषगरी कोभिड महामारीयता सबैजसो ऋणी समस्यामा छन् र लघुवित्तहरु संकटमा छन् । नेपाल राष्ट्र बैंकले निर्धारण गरेको अधिकतम खराब कर्जाको सीमा पाँच प्रतिशत हो तर, लघुवित्तहरुको खराब कर्जा आठ प्रतिशतभन्दा माथि छ । विगतमा लघुवित्तहरुको यस्तो कर्जा सरदर तीन प्रतिशतभन्दा कम हुन्थ्यो । बैंकहरुको लगानी धितोमा भएपनि विस्तृत परियोजना प्रस्ताव चाहिन्छ र त्यसलाई मूल्यांकन गरेर मात्र ऋण प्रवाह गरिन्छ । तर, लघुवित्तमा भने घरेलु तथा साना उद्योग, सेवा व्यवसाय, कृषि र अन्य क्षेत्रका लागि ऋण दिने भनिएतापनि त्यसको वास्तविक उपयोग भएको छ/छैन भनेर अनुगमन गर्न कुनै पनि संरचना, नीति र दक्षता छैन । समूहको सामूहिक जमानीमा ऋण प्रवाह गरिन्छ ।

नेपाल राष्ट्र बैंकको असोजसम्मको विवरणअनुसार लघुवित्त संस्थाहरुमा ५९ लाख ३६ हजार ९५ सदस्यहरु आबद्ध छन् । तिनमा दोहोरिनेको संख्या भने यकिन छैन । राष्ट्र बैंकका अनुसार ३३ लाख १० हजार ९५८ जना ऋणी छन् । समूहका सदस्यहरु कम्तीमा तीनदेखि पाँच वटासम्ममा आबद्ध रहेको देखिन्छ । तिनले ऋण तिर्ने भनेको एउटाबाट लिएर अर्कोलाई दिने हो । यो चक्रमा खलबल आउँदा लघुवित्तहरु संकटमा पर्ने गरेको यथार्थता झल्कन्छ । कोभिड-१९ को कारण थिलोथिलो परेको ग्रामीण अर्थतन्त्रबाट पैसा उठ्ने सम्भावना रहेन । फलस्वरुप, भाग्ने र आत्महत्या गर्नेसम्मका घटनाहरु सतहमा आएका छन् ।

## विश्वअर्थतन्त्रको प्रभाव


सन् २०२३ मा विश्व आर्थिक वृद्धिदर औसत दुई प्रतिशत ननाघ्ने आंकलन गरिएका बेला पनि भारतको अर्थतन्त्र ६ दशमलव ८ र चीनको ५ प्रतिशतले बढ्ने अपेक्षा छ । चीन र भारत विश्वका दोस्रो र तेस्रो अर्थतन्त्रका रुपमा अगाडि आएका छन् । यी दुई छिमेकी देशको बीचमा रहेको नेपालले आर्थिक लाभ लिनसक्नुपर्ने हो तर, नेपालले ती देशलाई बेच्नसक्ने वस्तु वा सेवा के छन् र ती कति उत्पादन वा निर्यात सम्भावनायुक्त छन् ? वर्षमा कम्तीमा २० अर्ब अमेरिकी डलर बराबरको आयात गर्ने तर, एक अर्ब डलरको पनि वास्तविक निर्यात गर्न नसक्ने तथ्यांक हामीसँग छ । नेपाललाई विश्वको वस्तु, सेवा र मौद्रिक बजारमा बढ्दै गएका अनिश्चय र आफ्नो मुद्राको अवमूल्यनले भुक्तानी सन्तुलनमाथि ठूलै दबाब पर्नसक्छ । विश्वव्यापी मन्दीले रोजगारीका अवसरहरुमा आउने संकुचनको सबैभन्दा प्रत्यक्ष प्रभाव नेपालको अर्थतन्त्रमा पर्ने निश्चित छ ।

विश्वका विकसित देशका अर्थतन्त्रहरु नै आर्थिक दबाबमा छन् । वैदेशिक विकास सहायता र विदेशी प्रत्यक्ष लगानी र केही वर्षयता नगण्य छ । विकसित देशहरुले उपलब्ध स्रोत युद्ध वा हातहतियार सहायतामा लगाउनुपर्ने अवस्था आएको छ । तिनीहरु इन्धनको परम्परागत स्रोतलाई प्रतिस्थापित गर्नुपर्ने चुनौतिमा छन् । नेपालजस्तो हैसियत नभएको देशलाई कुनै पनि दाताले सहयोग गर्न तयार नहुनु अनौठो विषय होइन । विश्व बैंक, अन्तराष्ट्रिय मुद्रा कोष, एसियाली विकास बैंक आदिले प्रदान गर्ने आर्थिक अनुदान वा ऋणका आफ्नै प्रक्रिया र सीमा छन् । विश्व अर्थतन्त्रमाथि मडारिएको कालो बादललाई घेरेर नेपालले पनि आर्थिक र बजार राजनीतिहरु तय गर्नु आवश्यक देखिन्छ ।

## अब के गर्ने ?

उत्पादनशील क्षेत्रमा लगानी आकर्षित र प्रवाहित हुनु जरुरी छ । उत्पादनशील काममा गरिने लगानीले प्रतिफल दिन्छ । प्रतिफल आएपछि सावाँ र ब्याज तिर्नसक्ने अवस्था रहन्छ । लघुवित्तहरुले लगानी गर्ने समूह एउटै भयो । लघुवित्तहरुले बैंकहरुले जस्तो उत्पादनशील क्षेत्रमा लगानी गर्नेतर्फ ध्यान दिएनन् । तिनले लगानी गर्न एउटै समूहमा प्रतिस्पर्धा गरे । लगानीलाई उत्पादनमुखी बनाउन पहलकदमी पुगेन । बजार, उद्यमशीलता, सीप, पुँजी र दिगोपनको सुनिश्चिततातर्फ ध्यान गएन । जग्गा अत्याधिक खण्डीकरण मात्र भएन, यसको मूल्य पनि अत्याधिक वृद्धि भएको कारण कृषिको औद्योगिकीकरण, व्यवसायिकीकरण र एकीकृत वा व्यवस्थित सहरीकरण हुन सकेन । सबैभन्दा ठूलो चिन्ताको विषय राज्ययन्त्रको बागडोर सम्हाल्ने नेतृत्वहरुले लामो समयदेखि अर्थतन्त्रमा मडारिएको संकटलाई बुझ्न नसक्दा अहिलेको स्थिति निम्तिएको हो । ऋणिहरुले सावाँ-ब्याज नतिर्ने हो भने सबैभन्दा बढी मारमा साना निक्षेपकर्ता पर्दछन् । कर्जा लिएपछि तिर्नुपर्ने प्राथमिक सिद्धान्त हो । ऋण नतिरे निक्षेपकर्ताको पैसा फिर्ता गर्न कठिन हुन्छ । बैकिङ्ग तथा वित्तीय क्षेत्रमा मौलाउँदै गरेको अराजकताको अन्त्य हुनु आवश्यक छ ।

१. मर्जर तथा एक्वीजिसनमार्फत वित्तीय संस्था घटाउने नीति लिनुपर्छ ।
२. तीव्र आर्थिक विकासका लागि पूर्वाधार क्षेत्रमा लगानी बढाउनुपर्छ ।
३. विदेशी लगानी आकृर्षित गर्न १० करोड रुपैयाँसम्मको विदेशी लगानीको स्वीकृति अटोमेटिक रुटबाटै हुने व्यवस्था मिलाउनुपर्छ ।
४. लगानीमा प्रतिफलको सुनिश्चितता दिन सक्नुपर्छ ।
५. स्वरोजगारमार्फत गरिबी न्यूनीकरणको दिशामा लघुवित्तको भूमिकालाई बढाउनुपर्छ ।
६. कर्जाको ब्याजदर एकल अंकमा झार्नुपर्छ ।
७. कर्जाको प्रमुख स्रोत नै निक्षेप रहेको हुँदा निक्षेपकर्ताको हितको सुरक्षा हुनेगरी कर्जा प्रवाह गर्नुपर्छ ।
८. काबुबाहिरको परिस्थितिले समस्यामा परेका ऋणीलाई न्यायोचित राहत दिनुपर्छ ।
९. नियामक निकाय नेपाल राष्ट्र बैंकले पर्याप्त अनुगमन गर्न सक्नुपर्छ ।
१०. विपन्न परिवारलाई आवश्यकताअनुसार उत्पादनशील क्षेत्रमा सहुलियत कर्जाको व्यवस्था पनि गर्नुपर्छ ।
११. अनुत्पादक क्षेत्रमा रमाउने प्रवृत्ति त्याग्न सक्नुपर्छ ।
१२. बाह्य प्रभावलाई मात्र दोष दिने गर्नु हुँदैन । आत्मनिर्भरतामा विशेष जोड दिनुपर्छ ।
१३. विदेशमा श्रम गरेर नेपाली श्रमिकले पठाएको रेमिट्यान्सलाई विदेशी मुद्राको प्रमुख स्रोत बनाउनु हुँदैन ।
१४. नेपालमै उत्पादनमुखी उद्योगधन्दा सञ्चालन गर्ने, निर्यात बढाउने, रोजगारी सिर्जना गर्नेतर्फ उन्मुख हुनुपर्छ ।
१५. सन् २०३० सम्मको दिगो विकास लक्ष्य हासिल गरी मध्यम स्तरीय आय भएको देशको नागरिक बन्न सबैले योगदान गरौं ।




बसबरीया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सर्लाही, मधेस प्रदेश

नव वर्ष २०८० सालको उपलक्ष्यमा आम गाउँबासी, आमा–बुवा, दाजु–भाई, दिदीबहिनीहरू, साथै देश विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरूको सु–स्वास्थ्य, उन्नति र दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

जनहितमा जारी सन्देश

- कर तिर्न भनेको तपाई हामीले चाहेको विकास गर्ने अवसर प्राप्त गर्नु हो । तसर्थ विकासका खातिर समयमै तोकिएको कर दस्तुर गाउँपालिकामा बुझाउने गरौं ।
- गाउँबासीको नाताले खुल्ला स्थानमा दिशा गर्नु लाजमर्दो काम हो । तसर्थ सबैले शौचालय निर्माण गरी प्रयोग गरौं ।
- गाउँपालिकाबाट प्राप्त हुने सेवाका सम्बन्धमा सदैव चासो राखौं । तपाईले जति बढी चासो देखाउनु हुन्छ, गाउँपालिका त्यति धेरै जनउत्तरदायी बन्दछ ।
- घर निर्माण गर्नु अघि बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्डको बारेमा जानकारी राखौं र सोको पालना गरौं ।
- सार्वजनिक जग्गा, पोखरी, वन आदि व्यक्तिगत प्रयोजनका लागि प्रयोग नगरौं, त्यस्ता क्षेत्रहरू अतिक्रमण हैन, संरक्षणको लागि पहल गरौं ।
- व्यक्तिगत घटना घटेको ३५ दिनभित्र संयुक्त वडा कार्यालयमा घटना दर्ता गरौं ।
- आफ्नो टोल बस्तीमा हुने विकासका योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा सदैव जागरूक बनौं ।
- जथाभावी फोहोर नगरौं । फोहोर बोक्ने गाडी आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- छोराछोरीमा भेदभाव नगरौं । दुबै समाजका सम्पत्ति हुन्, बालबालिकाको लालन, पालन र शिक्ष दिक्षमा ध्यान दिऔं ।

रामसिंहासन राय, अध्यक्ष
सरिता कुमारी, उपाध्यक्ष
चुनचुन प्रसाद यादव, प्रमुख प्रशासकीय अधिकृत

त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रूकुम (पश्चिम), कर्णाली प्रदेश

नव वर्ष २०८० सालको उपलक्ष्यमा आम गाउँबासी, आमा–बुवा, दाजु–भाइ, दिदीबहिनीहरू, साथै देश विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरूको सु–स्वास्थ्य, उन्नति र दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

गाउँपालिकाबासीहरुमा सन्देश

- छोराछोरीमा भेदभाव नगरौं । दुबै समाजका सम्पत्ति हुन्, बालबालिकाको लालन, पालन र शिक्ष दिक्षमा ध्यान दिऔं ।
- महिला हिंसारहित बनाउने अभियानमा सबै जना सहभागी बनौं ।
- व्यक्तिगत घटना दर्ता अन्तर्गत जन्म, विवाह, बसाईसराई, सम्बन्धविच्छेद, मृत्यु दर्ता समयमा नै गरौं । सभ्य नागरिकको भूमिका निर्वाह गरौं ।
- आफ्नो टोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।
- सार्वजनिक सम्पत्ति संरक्षणमा सहयोग गरौं । सार्वजनिक स्थलमा जतातते फोहोरमैला नफालौं ।
- घर निर्माण गर्नु अघि बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्डको बारेमा जानकारी राखौं र सोको पालना गरौं ।
- सार्वजनिक जग्गा, पोखरी, वन आदि व्यक्तिगत प्रयोजनका लागि प्रयोग नगरौं, त्यस्ता क्षेत्रहरू अतिक्रमण हैन, संरक्षणको लागि पहल गरौं ।
- व्यक्तिगत घटना घटेको ३५ दिनभित्र संयुक्त वडा कार्यालयमा घटना दर्ता गरौं ।
- आफ्नो टोल बस्तीमा हुने विकासका योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा सदैव जागरूक बनौं ।
- जथाभावी फोहोर नगरौं ।

गणेश कुमार के.सी., अध्यक्ष
राजकुमारी रेउले, उपाध्यक्ष
प्रेम बहादुर घर्ती, प्रमुख प्रशासकीय अधिकृत

नव वर्ष २०८० सालको उपलक्ष्यमा आम गाउँबासी, आमा–बुवा, दाजु–भाई, दिदीबहिनीहरू, साथै देश विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरूको सु–स्वास्थ्य, उन्नति र दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

जनहितमा जारी सन्देश

- घर निर्माण गर्नु अघि बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्डको बारेमा जानकारी राखौं र सोको पालना गरौं ।
- सार्वजनिक जग्गा, पोखरी, वन आदि व्यक्तिगत प्रयोजनका लागि प्रयोग नगरौं, त्यस्ता क्षेत्रहरू अतिक्रमण हैन, संरक्षणको लागि पहल गरौं ।
- व्यक्तिगत घटना घटेको ३५ दिनभित्र संयुक्त वडा कार्यालयमा घटना दर्ता गरौं ।
- आफ्नो टोल बस्तीमा हुने विकासका योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा सदैव जागरूक बनौं ।
- कर तिर्न भनेको तपाई हामीले चाहेको विकास गर्ने अवसर प्राप्त गर्नु हो । तसर्थ विकासका खातिर समयमै तोकिएको कर दस्तुर नगरपालिकामा बुझाउने गरौं ।
- नगरबासीको नाताले खुल्ला स्थानमा दिशा गर्नु लाजमर्दो काम हो । तसर्थ सबैले शौचालय निर्माण गरी प्रयोग गरौं ।
- नगरपालिकाबाट प्राप्त हुने सेवाका सम्बन्धमा सदैव चासो राखौं । तपाईले जति बढी चासो देखाउनु हुन्छ, नगरपालिका त्यति धेरै जनउत्तरदायी बन्दछ ।
- जथाभावी फोहोर नगरौं । फोहोर बोक्ने गाडी आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- छोराछोरीमा भेदभाव नगरौं । दुबै समाजका सम्पत्ति हुन्, बालबालिकाको लालन, पालन र शिक्षा दिक्षमा ध्यान दिऔं ।
- महिला हिसारहित बनाउने अभियानमा सबै जना सहभागी बनौं ।
- व्यक्तिगत घटना दर्ता अन्तर्गत जन्म, विवाह, बसाईसराई, सम्बन्धविच्छेद, मृत्यु दर्ता समयमा नै गरौं । सभ्य नागरिकको भूमिका निर्वाह गरौं ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।
- सार्वजनिक सम्पत्ति संरक्षणमा सहयोग गरौं । सार्वजनिक स्थलमा जतातते फोहोरमैला नफालौं ।

महेन्द्र केसी, नगर प्रमुख
बिमल कुमार पुन, नगर उपप्रमुख
बिनाराम खड्का, नि. प्रमुख प्रशासकीय अधिकृत

तथा

मुसिकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मुसिकोट, रुकुम पश्चिम
परिवार

# एक्लोपन !



कान्ति न्यौपाने

शहरकेन्द्रित जीवन, बदलिँदो जीवनशैली, पैसा कमाउने चाहना, बढ्दो प्रतिस्पर्धा, बेरोजगारी, देशको राजनीतिक अस्थिरता लगायतका कारण अहिले धेरैमा नैराश्य बढ्न जाँदा आत्मदाह र मनोरोगका विरामी उच्च बढिरहेको तथ्यांकले देखाउँछ ।



केही वर्षअघि आयरल्याण्डका चर्चित लेखक सेमुल बेकेटको कृति 'क्र्याप्स लास्ट टेप' पढेको थिएँ । पढेर कुनैपनि ठोस् उद्देश्य नभेटिने यस्तो लेख के लेखेका होलान् मलाई लागेको थियो । यस्तो पनि लेख हुन्छ र ? साथीहरुसँग मेरो उक्त पुस्तकबारे चर्चा पनि भएको थियो । उक्त कृति ६९ वर्षीय क्र्याप नामक पात्रको पेरिफेरिमा घुमेको छ ।

उमेरले बुढो भइसकेको उक्त पात्रको जन्मदिन हुन्छ । ऊ त्यो दिनमा ३९औं जन्मदिनमा रेकर्ड भएको उसको पुरानो टेप सुन्छ । जहाँ उसले विगतका महत्वपूर्ण अनुभवहरु र घटना समेटेको हुन्छ । त्यसपछि उ त्यत्तिकैमा उठ्छ, चावी खोज्छ, फेरि केरा छोडाएर खान खोज्छ । त्यो पनि पुरै नखाई फालिदिन्छ । ऊ आफैंमा संवाद गर्छ, बस्छ, उठ्छ, हिँड्छ, रिसाएजस्तो पनि गर्छ अनि यत्तिकैमा कथा सकिन्छ ।

यस्तो विना अर्थको लेख के लेखेको होला, पटकपटक लागेको थियो । तर, पछिल्ला दिनमा भने उक्त कथाको निष्कर्ष र समाजका वास्तविकता मिल्न गएको अनुभूति हुन्छ । बाहिरबाट धेरै खुसी लाग्ने, समाजले दिएको सफल व्यक्तिको परिभाषामा अटाउने व्यक्ति पनि दुखी देखिइरहेको हुन्छ । उसलाई त के दुख, के पीडा होला र भन्ने व्यक्तिले अन्तिममा आत्महत्या गर्छ अनि लाग्छ, साँच्चै त्यहीँ क्र्याप जस्तै अहिलेको मानिस बेतुकको जिन्दगी बाँचिरहेका छन् ।

केही समय अघि नाम, प्रतिष्ठा, पद र पैसाले सम्पन्न लाग्ने नजिकका आफन्तले आत्महत्या गरेको खबर आयो । एकैछिन पत्यार पनि लागेन । तर, अन्तिम संस्कारमा आफैं पुगेपछि स्वीकार गर्नुको विकल्प नै भएन । हुनत, उनी सबै हिसाबले सम्पन्न थिए । बाहिर देख्नलाई खुसी थिए । छोराछोरी दुवै अमेरिका । उनी नेपालमै टन्न पैसा, प्रतिष्ठा कमाएका, बेलाबेला छोराछोरी भेट्न अमेरिका पनि पुग्थे । तर, अन्तिममा आत्महत्या गरेपछि कारण खोज्दै जाँदा उनको श्रीमतीको केयरलेस पनि रहेछ ।

सबै कुराले सम्पन्न उनकी श्रीमती र उनको एकदमै अलग्गै दुनियाँ थियो । घरमा सहयोगीका रुपमा ३/४ जना थिए । तर, सहयोगीले घरायसी काम गर्थे । श्रीमती आफ्नै साथीसंगी र ध्यानमा ब्यस्त थिईन् । बुढाले बुढेसकालका दुख विसाउने कोही पाएनन् । न कोहीसँग आफ्ना मनका कुन्ठा गएर पोख्न सके । धेरै सोँच्न थालेपछि उनी मनोरोगको सिकार भए । अनि एकदिन आफ्नै कोठाको पंखामा झुण्डेर आत्महत्या गरे ।

पछि उनकी श्रीमती नेपालमा भएको सबै सम्पत्ति बेचेर अमेरिकामै छोराछोरीसँग बस्न थालिन् । बेलाबेलामा उनले छोराछोरीसित फोटो हालेको देख्दा श्रीमानको पनि अलिकति केयर गरेको भए अहिलेसम्म बाँच्थे कि भन्ने लाग्छ । पछिल्ला दिनमा एक्लोपनले भयावह रुप लिँदैछ । बालबालिकादेखि वृद्धवृद्धासम्म यसको चपेटामा पर्ने गरेका छन् । शहरकेन्द्रित जीवन, बदलिँदो जीवनशैली, पैसा कमाउने चाहना, बढ्दो प्रतिष्पर्धा, बेरोजगारी, देशको राजनीतिक अस्थिरता लगायतका कारण अहिले धेरैमा नैराश्य बढ्न जाँदा आत्मदाह र मनोरोगका विरामी उच्च बढिरहेको तथ्यांकले देखाउँछ ।

'एक्लोपन अवसर हो, आफैंलाई चिन्ने । एक्लो मानिसले आफ्नो विकास पनि गर्न सक्छ । एक्लै हुँदा आफ्नो विनास पनि गर्न सक्छ । जसले एक्लोपनलाई साथी बनाउन सक्छ- सिर्जना गर्छ । एक्लोपनलाई दुस्मन बनाउनेहरूले विनास निम्त्याउन सक्छन्' बुद्धिसागरको औपन्यासिक कृति 'एक्लो' मा उल्लेख गरिएको छ । उक्त कथनजस्तै पछिल्ला दिनमा मानिसहरु सहरको भीडमा बसेपनि एक्लै देखिन्छन् ।

कहिलेकाहीँ म सहरको चोक, गल्ली, पार्क र बस्न मिल्ने केही स्थानमा नियाल्छु, मानिसहरु त्यत्तिकै त्यहीँ बसेर दिन बिताउँछन् । कहिलेकाहीँ दिनभरि भेटिएका मानिस, तिनीहरुको अनुहार, हाउभाउ देख्दा आधुनिक समाजले खुसी हुन बिर्सियो कि जस्तो पनि लाग्छ, सबै मानिस चिन्ता, दुख, अभाव र कष्टको जीवन बिताईरहेका छन् कि जस्तो पनि लाग्छ । तर, सोँचेजस्तो अवस्था नभएपनि पैसा, मान, प्रतिष्ठा भएपनि मानिस एक्लोपनको सिकार भइरहेको छ । सेमुल बेकेटकै अर्को कथा 'वैटिङ्ग फर गोडोट' पनि अहिलेको समयसँग सान्दर्भिक छ । उक्त कथाका मुख्य दुई पात्र भ्लादमिर र इस्ट्रगन केही कुराको पर्खाइमा हुन्छन् । केही दिनदेखि रुख नजिकै कुरिरहेका उनीहरु के को पर्खाइमा छन् भन्ने नै उनीहरुलाई थाहा हुँदैन । एउटा पात्रले अर्को पात्रलाई पख न पख गोडोट आउँछ भनेर कुराईरहन्छ । तर, अन्तिमसम्म त्यो गोडोट भन्ने केही आउँदैन । त्यस्तै, धेरै मानिस कहाँ जाने, के गर्ने, कोसँग भेट्ने भन्ने टुंगो नभईपनि कतै हिँडिरहेका हुन्छन् ।

म काम गर्ने अफिसको माथिल्लो तलाबाट मानिस बसेको, आवतजावत गरेको, कसैलाई कुरेको सडकको दृश्य देखिन्छ । मलाई पनि मानिस आवतजावत र गाडीको दृश्य हेर्न रमाईलो लाग्ने, बेलाबेला झ्यालबाट एकटकले बाहिरको दृश्य हेरिरहेको हुन्छु । त्यस्तैमा, केही समयअघि एउटा ३५ वर्षजति देखिने युवक आएर बस स्टेसनको बेञ्चमा आएर बस्यो । ऊ लगभग दिनभरि जस्तै त्यो ठाउँमा बस्यो । देख्दा कसैलाई कुरेको जस्तो लागेपनि उ त्यहाँ बाट अर्को गन्तब्यमा नफर्कदाँसम्म न कसैलाइ भट्यो, न कोहीसँग बोलेको देखियो । उक्त घटनापछि लाग्यो, बेकेटको कथाका पात्र जस्तै छन् अचेलका यात्री, न जाने टुंगो छ, न कोही आउने र भेटिने । के को प्रतीक्षामा छन् भन्नेमा उनीहरु नै जानकार नहुने । पछिल्ला दिनमा मानिसहरु प्राय यस्तै भेटिन्छन् । यतिसम्म कि एउटै घरको परिवारका सदस्य समेत खाना खाने बेलामा मात्रैसँगै हुने अरु बेला आफ्नै संसारमा, आफ्नै दुनियाँमा ब्यस्त हुने गर्छन् ।

कहिलेकाहीँ धेरै साथीहरुले गुनासो गरिरहेका हुन्छन्, विदेश पुगेका वा स्वदेश बस्नेहरु नै । उनीहरुलाई पनि भीडमा बसेर एक्लोपनको अनुभव भईरहेको छ । कहिलेकाहीँ मनभरि बोकेको कुण्ठा, आक्रोश, पीडा र क्रन्दन लगेर कसैको सामु बिसाउन मन भने नलागेको होईन, तर सहरका न कोही आफ्ना लाग्ने न सुनाउन मन लाग्ने । त्यसले गर्दा पनि मानिस एक्लोपन मात्रै रुचाउन थालेको छैन मानसिक रोगको सिकार भएको छ । हुनत, अहिले मानिस एकअर्काको दुख, वेदना सुन्न भन्दापनि अलिकति फाईदा कता हुन्छ, के गर्दा दुई पैसा आय हुन्छ, त्यता मात्रै केन्द्रित छन् । पीडा सुन्दिन बस्नेहरुको ध्यान मोबाईलमा हुन्छ, तसर्थ, मानिसमा अरुलाई कुरा सेयर गर्न नपाएकैमा छटपटी छ, बिरामी छन्, एक्लै रोइरहेका छन् ।

एक्लोपनलाई पूर्वीय धर्मशास्त्रले गहन ज्ञान प्राप्त गर्ने कार्य पनि मानेको छ । गौतम बुद्धको बिपसेनादेखि ऋषिमुनिको सिद्धी प्राप्ति गर्नुमा समेत एक्लोपन र शून्यताको भूमिका महत्वपूर्ण मानिन्छ । तर, पछिल्ला दिनमा भने मानिसलाई एक्लोपनले डिप्रेसन, एन्जाइटी र विभिन्न मानसिक रोग ल्याइरहेको छ । कहिलेकाहीँ भीडमा जाँदा, कार्यक्रममा जाँदा वा केही साथीहरु मात्रै जम्मा हुँदापनि मानिसले आफूलाई एक्लो महशुस गरिरहेको हुन्छ । त्यसोत, कवि, चिन्तक र साधकहरु एक्लोपनमै रमाईरहेका हुन्छन्, त्यसैमा आत्मीय सुख पनि भेटिरहेका हुन्छन् । 'एक्लो रहनु एकदमै आनन्ददायक छ । तपाईं स्वयम् आफूमा केन्द्रित रहनसक्नुहुन्छ । तपाईंको सिर्जनशील क्षमता बढ्छ । मानिससँग बसेर अनावश्यक कुराकानी गर्न, हासीमजाक गर्नबाट बच्नुहुन्छ' अमेरिकी लेखक एनेली रुफसको 'पार्टी अफ वनः द लोनर्स म्यानिफेस्टो' नामक किताबमा उल्लेखित छ ।

तर, केही साधक र चिन्तकका लागि बाहेक धेरै समय अरुसँग हसीँमजाक र रमाईलो गरेर बिताउनुपर्ने मानिसका लागि भने एक्लोपन पीडादायक बनेको छ । सहरका गल्लीगल्लीमा भेटिने मानिसहरु कोही आफ्नो नबन्दा, कसैले कसैका कुरा नसुन्दा र मानिस प्रविधिमैत्री मात्रै बन्दा धेरै व्यक्तिहरुलाई एक्लोपनले सताउन थालेको छ । अझ बुढाबुढी व्यक्तिहरु कतै हिँड्न पनि नसक्ने अनि आफ्ना कुरा सुन्दिने पनि कोही नहुँदा मोबाईलकै साहारामा बाँच्न बाध्य छन् । घर जोडिएपनि मन जोडिन नसकेको सहरको एक्लोपन धेरैका लागि कहर बनेको छ ।

हार्दिक शुभकामना
नयाँ वर्ष २०८०
नयाँ वर्ष २०८० सालको पावन अवसरमा देश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपालीहरूमा वैरभाव र विरोध ढलोस्, सदभाबको दीप बलोस्, रात-दिनको खिचातानी छल र बेइमानी खरानी भई छिटै जलोस्, मनभरिका इच्छा अनि तृष्णा सजाएका कल्पना अनि सपना गुम्सिएका मनका चाहानाहरु सबै पुरा होउन् हाम्रो तर्फबाट हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौ ।
प्रार्थी
बिबेक पुलामी मगर
अध्यक्ष, तथा
नेपाल मगर संघ, शाखा कतार (केन्द्रिय समिति)
नेपाल प्रवासी मगर बचत कोष, कतार
नेपाल मगर संघ,शाखा कतार, महिला बिभाग
नेपाल मगर साँस्कृतिक परिवार, कतार
नेपाल मगर संघ, शाखा कतार, दोहा एरिया समिति
नेपाल मगर संघ, शाखा कतार, सनैया 'ए' एरिया समिति
नेपाल मगर संघ, शाखा कतार, सनैया 'बी' एरिया समिति
नेपाल मगर संघ, शाखा कतार, सहानिया एरिया समिति
नेपाल मगर संघ, शाखा कतार, वक्रा एरिया समिति
नेपाल मगर संघ, शाखा कतार, अवुहमुर एरिया समिति
नेपाल मगर संघ, शाखा कतार, सैलिया एरिया समिति
नेपाल मगर संघ, शाखा कतार, अलखोर एरिया समिति
नेपाल मगर संघ, शाखा कतार, उमसलाल एरिया समिति
नेपाल मगर संघ, शाखा कतार, मतार कदिम (एयरपोर्ट) एरिया समिति

हार्दिक शुभकामना
नयाँ वर्ष २०८०
नेपाली नयाँ वर्ष २०८० सालको उपलक्ष्यमा स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा नयाँ उमङ्ग, नयाँ जोस तथा नयाँ जाँगर, नयाँ खुसी, नयाँ प्रगती नयाँ बहार, नयाँ सपना, नयाँ आयाम र नयाँ पल प्रदान गरोस् सम्पूर्ण नेपालीहरुको जीवन स्वर्णिम र समृद्धि बनोस् । नयाँ वर्षको अवसरमा नेपाल तामाङ घेदुङ, प्रवास कार्यसमिति कतार परिवारको तर्फबाट हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।
इन्द्र बहादुर तामाङ
अध्यक्ष
तथा
नेपाल तामाङ घेदुङ, प्रवास कार्यसमिति कतार
परिवार

हार्दिक शुभकामना
नयाँ वर्ष २०८०
नयाँ वर्ष २०८० सालको पावन अवसरमा देश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपालीहरुमा वैरभाव र विरोध ढलोस्, सदभाबको दीप बलोस्, रात-दिनको खिचातानी छल र बेइमानी खरानी भई छिटै जलोस्, मनभरिका इच्छा अनि तृष्णा सजाएका कल्पना अनि सपना गुम्सिएका मनका चाहानाहरु सबै पुरा होउन् हाम्रो तर्फबाट हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौ ।



प्रार्थी
मोहमद मुक्तदा मुसलमान
अध्यक्ष, तथा
गैरआवासिय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद, कतार
परिवार

हार्दिक शुभकामना
नयाँ वर्ष २०८०
नयाँ वर्ष २०८० सालको पावन अवसरमा देश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपालीहरुमा वैरभाव र विरोध ढलोस्, सदभाबको दीप बलोस्, रात-दिनको खिचातानी छल र बेइमानी खरानी भई छिटै जलोस्, मनभरिका इच्छा अनि तृष्णा सजाएका कल्पना अनि सपना गुम्सिएका मनका चाहानाहरु सबै पुरा होउन् हाम्रो तर्फबाट हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौ ।
प्रार्थी
नुवाकोट सेवा समाज कतार,
परिवार

हार्दिक शुभकामना
नयाँ वर्ष २०८०
नयाँ वर्ष २०८० सालको पावन अवसरमा देश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपालीहरुमा वैरभाव र विरोध ढलोस्, सदभाबको दीप बलोस्, रात-दिनको खिचातानी छल र बेइमानी खरानी भई छिटै जलोस्, मनभरिका इच्छा अनि तृष्णा सजाएका कल्पना अनि सपना गुम्सिएका मनका चाहानाहरु सबै पुरा होउन् । नेपालले विकासको फड्को मारोस् र प्रवासी नेपालीहरु स्वदेशमै फर्किएर रोजगारी तथा ब्यबसाय गर्ने वातावरण बनोस् भन्ने कामना सहित हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौ ।
सागर पौडेल
अध्यक्ष, तथा
गण्डकी प्रदेश समन्वय परिषद् कतार,
परिवार

हार्दिक शुभकामना
नयाँ वर्ष २०८०
नव वर्षमा वैरभाव र विरोध ढलोस्, देश र विदेशमा रहेका सबैमा सदभाबको दीप बलोस्, रात-दिनको खिचातानी छल र बेइमानी खरानी भई छिटै जलोस्, मनभरिका इच्छा अनि तृष्णा सजाएका कल्पना अनि सपना गुम्सिएका मनका चाहानाहरु सबै पुरा होउन् हाम्रो तर्फबाट नव वर्षको अवसरमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौ ।
रघुनाथ शर्मा
अध्यक्ष
तथा
पर्वत समाज कतार
परिवार

हार्दिक शुभकामना
नयाँ वर्ष २०८०
नयाँ वर्ष २०८० सालको पावन अवसरमा देश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपालीहरुमा वैरभाव र विरोध ढलोस्, सदभाबको दीप बलोस्, रात-दिनको खिचातानी छल र बेइमानी खरानी भई छिटै जलोस्, मनभरिका इच्छा अनि तृष्णा सजाएका कल्पना अनि सपना गुम्सिएका मनका चाहानाहरु सबै पुरा होउन् हाम्रो तर्फबाट हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौ ।
प्रार्थी
पदम गिरी — अध्यक्ष
सन्तोष रेग्मी — महासचिव
एवं
तनहुँ सेवा समाज कतार,
परिवार

हार्दिक शुभकामना
नयाँ वर्ष २०८०
नयाँ वर्ष २०८० मा समग्र नेपालीजनमा विगतका नकारात्मक विसङ्गति, कुरीति, अमानवीय अराजकता तत्वहरुबाट मुक्त रही सबैमा सकारात्मक भाव सँगै नयाँ जोस उमङ्ग, उत्साह, विकास, समृद्धि, शान्ति, प्रगति, सद्भाव, सु-स्वास्थ्य र मायाले भरिपूर्ण रहोस् भनी **नवलपरासी सेवा समाज र कार्ड्स अर्गनाइजेसन कतार परिवारको** तर्फबाट हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौ ।
प्रार्थी
कृष्ण पन्थी
अध्यक्ष
एवं
नवलपरासी सेवा समाज
तथा
कार्ड्स अर्गनाइजेसन कतार
परिवार

हार्दिक शुभकामना
नयाँ वर्ष २०८०
नेपाली नयाँ वर्ष २०८० सालको पावन अवसरमा देश तथा विदेशमा छरिएर रहनु भएका समस्त आमा,बुवा, दाजुभाइ, दिदीबहिनीहरु लगायत नेपालिजनहरूमा सुख शान्ति समृद्धि एवम् सु-स्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।



चानक पोखरेल
उपसचिव, तथा
प्रचार प्रसार विभाग प्रमुख
प्रवासी नेपाली मञ्च, अन्तर्राष्ट्रिय कमिटी

# परिवर्तन नबुझ्ने सत्ता



शिवराज परियार

> जवाफदेहिता खोज्नु आम नागरिकको संवैधानिक हक हो, उनीहरुले जिन्दाबाद-मुर्दावाद गरे भनेर मुख थुनिदिनु भनेको सभ्य संस्कार होइन । आफ्नो माग राखेकै भरमा मुख थुन्नु, हातपात गर्नु अस्वभाविक हो ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'विरुद्ध नाराबाजी गरेको अभियोगमा प्रहरीले तीन युवालाई पक्राउ गऱ्यो । अभद्र व्यवहारको मुद्दा चलाइयो । पक्राउ गरेको करिब एक सातामा उनीहरु कारागार चलान भए । त्यसको भोलिपल्टै पक्राउ परेका तीनै जना (सोलुखुम्बुका २३ वर्षीय उद्धव बस्नेत, बाग्लुङका ३० वर्षीय सोम शर्मा र बझाङका १८ वर्षीय विप्लव खड्का) पाँच/पाँच हजार रुपैयाँ धरौटी रकम बुझाएर कारागार मुक्त भए ।

उनीहरु पक्राउ पर्नु, उनीहरुविरुद्ध मुद्दा चल्नु र उनीहरु छुट्नु सामान्य कुरा हो । प्रक्रिया पुऱ्याएर उनीहरु कारागार मुक्त भए । त्यसलाई स्वभाविक मान्न सकिन्छ । आपत्ति जनाउनुपर्ने कुनै विषय छैन । तर, उनीहरुले नाराबाजी गर्दैगर्दा प्रहरीले गरेको व्यवहार सामान्य थिएन । संविधानले वाक स्वतन्त्रतालाई ग्यारेण्टी गरेको मुलुकमा प्रहरी प्रशासनले उनीहरुको मुख थुनेर बाल्नै नदिनु भनेको संवैधानिक व्यवस्थाप्रति गरेको एउटा भद्दा मजाक हो ।

संविधानले बर्जित गरेको क्रियाकलाप गरेको अवस्थामा उनीहरुलाई कारबाही गर्नु सामान्य कुरा भएपनि आफ्नो कुरा राख्दै गर्दा प्रहरीले मुख थुनिदिनु भनेको सामान्य कुरा होइन ।

नेपालको संविधान २०७२ को धारा १७ ले विचार तथा अभिव्यक्ति स्वतन्त्रताको अधिकारलाई मौलिक हकको रुपमा सुनिश्चित गरेको छ । धारा १७ (२) (क) मा प्रत्येक नागरिकलाई 'विचार र अभिव्यक्तिको स्वतन्त्रता हुने' उल्लेख गर्दै प्रतिबन्धात्मक वाक्यांशमा त्यस्तो अधिकार भए तापनि त्यस व्यवस्थाले 'नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधीनता, संघीय इकाइ वा विभिन्न जात, जाति, धर्म, सम्प्रदायबीचको सु-सम्बन्धमा खलल पर्ने, जातीय भेदभाव वा छुवाछुतलाई दुरुत्साहन गर्ने, श्रमप्रति अवहेलना गर्ने, गाली बेइज्जती, अदालतको अवहेलना हुने, अपराध गर्न दुरुत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकुल हुने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन' भनी उल्लेख गरिएको छ ।

तर सरकारले उनीहरुप्रति गरेको व्यवहार संविधानको मर्म र भावना विपरीत थियो । त्यो हुनु हुँदैन थियो । 'देशको कुनैपनि कार्यकारिणी पद धारण गरेको कुनैपनि व्यक्तिलाई आम नागरिकले जहिले पनि जुनसुकै विषयमा टिकाटिप्पणी गर्न सक्दछन्, टिकाटिप्पणी गर्ने एउटा तरिका भनेको जिन्दाबाद-मुर्दावाद नै हो', संविधानविद् विपिन अधिकारी भन्छन् ।

'व्यक्तिगत रुपमा (शारीरिक तथा मानसिक) हानी नोक्सानी नपुऱ्याई जवाफदेहिता खोज्नु आम नागरिकको संवैधानिक हक हो, उनीहरुले जिन्दाबाद-मुर्दावाद गरे भनेर मुख थुनिदिनु भनेको सभ्य संस्कार होइन' अधिकारी थप्छन् । आफ्नो माग राखेकै भरमा, जिन्दाबाद-मुर्दावाद गर्दा राज्यले मुख थुन्नु, हातपात गर्नु अस्वभाविक हो । राज्यतर्फबाट त्यस्तो गर्न नहुने उनी बताउँछन् ।

प्रधानमन्त्रीलाई असुरक्षा हुने गतिविधिलाई प्रहरीले रोक्न पाउँने भएपनि लछारपछार गरेर बोल्नै नदिनु भनेको स्वभाविक नभएको उनी बताउँछन् । त्यस्तो कार्यलाई संविधानले बर्जित गरेको संविधानविद् अधिकारीको भनाइ छ ।

संविधानले व्यवस्था गरेको विचार तथा अभिव्यक्ति स्वतन्त्रता उपरको सीमा वा बन्देज लगाइन सक्ने आधारहरू अभिव्यक्ति स्वतन्त्रताको अन्तर्राष्ट्रिय मापदण्डमा व्यवस्था गरिएका आधारहरूभन्दा ज्यादै व्यापक, अस्पष्ट र कम गम्भीर प्रकृतिका रहेका छन् ।

अभिव्यक्ति स्वतन्त्रताको अधिकारले मानव अधिकारका अन्तर्राष्ट्रिय संयन्त्रहरूको शुरुवाती विकासक्रमदेखि नै सबै अन्तर्राष्ट्रिय तथा क्षेत्रीय संयन्त्रहरूमा महत्वपूर्ण स्थान ओगट्दै आएको छ । त्यसमा पनि विशेषगरी मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र १९४८, नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय घोषणापत्र १९६६, मानवअधिकार तथा मौलिक स्वतन्त्रताहरूको संरक्षणसम्बन्धी युरोपेली अभिसन्धि १९५०, मानवअधिकारसम्बन्धी अन्तर-अमेरिकी अभिसन्धि १९६९, मानवअधिकार तथा मानिसहरूको अधिकारसम्बन्धी अफ्रिकी बडापत्र, १९८१ आदिले यस अधिकारलाई महत्वपूर्ण स्थान प्रदान गरेका छन् ।

२०४७ को संविधानमा 'मौलिक हक' को मात्र व्यवस्था थियो । तर लोकतान्त्रिक अभ्यासमा त्यसको दुरुपयोग बढ्दै गएपछि २०७२ मा अनुशासनका केही बन्धन राख्दै 'कर्तव्य' समेत थपिएको छ । राज्यसँग हक खोज्ने मात्र होइन, राज्यप्रति नागरिकका केही कर्तव्य पनि हुन्छन् । त्यसलाई नागरिकले पालना गर्नुपर्छ ।

२०७७ साल माघ २९ गते नेकपाको दाहाल-नेपाल समूह (वर्तमान नेकपा एकीकृत समाजवादी)की नेत्री रामकुमारी झाँक्रीलाई प्रहरीले पक्राउ गऱ्यो । उनलाई प्रहरीले राष्ट्रपतिविरुद्ध गालीगलौज र मानमर्दन हुने गरी अभिव्यक्ति दिएको भन्दै शंखमूलस्थित निवासबाटै पक्राउ गरेको थियो ।

'...राष्ट्रपतिका कुरा त के गर्ने । बडामहारानीले चुनाव हुन्छ भन्नुभएछ, अस्ति निर्वाचन आयोगको प्रतिवेदनको दिन । बडामहारानीलाई गोरखाबाटै सन्देश दिन चाहन्छु । निर्वाचनको तयारीका लागि कार्गेड छाडेर, सुख सुविधा ऐस आराम शीतल निवास छोडेर पहिला कोटेश्वर आउनुस् । चाबहिल कि बानेश्वर कता बसाइ छ भन्ने सुनेको थिएँ । होइन भने बालकोटै गए पनि हुन्छ । नेपालको कुन जिल्लाबाट चुनाव लड्ने हो त्यसको तयारी गरेर सन्देश पठाउनुस् ।

तपाईसँग म पनि अलि भारी हुन्छ होला । यही रेखा लोप्चनलाई चुनाव लडाउँछौं र हराउँछौं...' गोरखामा भएको एक कार्यक्रममा नेत्री झाँक्रीले बताएकी थिइन् । पछि झाँक्रीलाई राज्यविरुद्धको कसुरमा मुद्दा चल्यो । झाँक्री पक्राउ परेपछि नागरिकको अभिव्यक्ति स्वतन्त्रताको हकको हनन् भएको भन्दै विभिन्न दलका नेता कार्यकर्ताले विरोध गरेका थियो । झाँक्रीले राष्ट्रपतिमाथि आफ्नो 'सम्मान रहेको' बयान (अभिव्यक्ति) दिएपछि प्रहरीले उनलाई हिरासतमुक्त गरेको थियो ।

मुलुकी अपराध संहिताको दफा ५८ मा राष्ट्रपति वा संसदलाई धम्की दिन नहुने प्रस्ट व्यवस्था छ । कसैले धम्की दिएमा कसुर गर्ने वा गराउने व्यक्तिलाई सात वर्षसम्म कैद वा सत्तरी हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने व्यवस्था छ । झाँक्रीले लिएको अभिव्यक्ति राष्ट्रपतिप्रतिको धम्की मात्र नभएर जोसुकैमाथि प्रयोग गर्न सकिने भाषा होइन । नेत्री झाँक्रीले प्रयोग गरेको भाषा उनकै हकमा पनि प्रयोग गर्न मिल्दैन । त्यो दण्डनीय छ ।



नेपाल आदिवासी जनजाति महासंघबाट सम्बन्धन प्राप्त
नेपाल आदिवासी जनजाति महासंघ कतार
Nepal Federation Of Indigenous Nationalities Qatar
स्था : २००६
नयाँ बर्ष २०८० को शुभकामना
नयाँ बर्ष २०८० सालको पावन अवसरमा देश तथा बिदेशमा छरिएर रहनु भएका सम्पुर्ण नेपाली दाजुभाई तथा दिदिबहिनीहरूमा सुख, शान्ति, समृद्धि साथै उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौं।
नेपाल आदिवासी जनजाति महासंघ कतारमा आबद्ध मातृ संस्थाहरु।
१. नेपाल मगर संघ शाखा कतार
२. किरात याक्थुङ चुम्लुङ कतार
३. तमु(गुरुङ) समाज कतार
४. किरात राई यायोख्खा शाखा कतार
५. नेपाल प्रवासी तामाङ समाज कतार
६. थारु कल्याणकारिणी सभा च्याप्टर कतार
७. सुनुवार सेवा समाज शाखा कतार
८. प्रवासी भुजेल समाज कतार
९. नेवा पुचः कतार
१०. माझी सेवा समाज कतार
११. नेपाली धानुक समाज कतार
१२. शेर्पा किदुग दोहा कतार
१३. प्रवासी दनुवार संगठन कतार
१४. ताजपुरिया समाज कल्याण परिषद कतार
नेपाल आदिबासी जनजाति बचत तथा कल्याणकारी उत्थान कोष कतार
नेपाल आदिबासी जनजाति साहित्य महासंघ कतार
भाइकाजी गुरुङ
का.वा.अध्यक्ष
नेपाल आदिबासी जनजाति महासंघ कतार

राष्ट्रियता लोकतन्त्र समाजवाद
नेपाली जनसम्पर्क समिति कतार
Nepalese People Co-Ordination Committee, Qatar
स्था. २०६४
हार्दिक शुभकामना
नयाँ बर्ष २०८० सालको
पावन अवसरमा देश विदेशमा छरिएर रहनु भएका सम्पूर्ण नेपालीजनहरूमा
सुख, शान्ति, समृद्धि र दिर्घायुको
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।
जय नेपाल !
मोहम्मद अजिज अलि
सभापति
नेपाली जनसम्पर्क समिति कतार

सुरक्षित र सरल
साथमा आकर्षक प्रतिफल
गोर्खाज पेन्सन बचत खाता
नारी बचत
बाल बचत
Fixed Deposit
विशेष गोर्खाज बचत खाता
जेष्ठ नागरिक
Payroll Saving
डिम्याट खाता
सुरक्षित लकर सुविधा
Gurkhas Finance Ltd.
गोर्खाज फाइनान्स लि.
Head Office
Charkhal Road, Dillibazar, Kathmandu
Tel: 01 4437401
www.gurkhasfinance.com.np

Pure Home Loan
आफ्नो घर अब,
तपाईको आफ्नै बैंकबाट



विशेषताहरू:
- कर्जा अवधि: नयाँ कर्जाको लागि ३० वर्षसम्म
- अधिकतम कर्जा सीमा: डेढ करोड सम्म
- शुलभ ब्याजदर
- प्रचलित बजार मुल्यको ६०% सम्म (पहिलो घर खरिद गर्दा ७०% सम्म)

घर निर्माण | घर मर्मत सम्भार | घर/अपार्टमेन्ट खरिद
कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.
135 BANKING OUTLETS
77 ATM OUTLETS
www.kamanasewabank.com

भूकम्प प्रतिरोधी भवन बनाउन राष्ट्रिय संहिताको पालना गरौं ।
दक्ष प्राविधिक वर भूकम्प प्रतिरोधी तालिम प्राप्त कालिगढको संलग्नतामा मात्र भवनको निर्माण गरौं ।
नेपाल सरकार
सहरी विकास मन्त्रालय
सघन सहरी तथा भवन निर्माण आयोजना
रामेछाप

# क्रिकेटले दिएको खुसी



दिवाकर अधिकारी

२०७९ सालमा अनेक आरोह अवरोहबीच गुज्रिएको नेपाली क्रिकेटले वर्षको अन्त्यतिर आएर सबै नेपालीको मुहारमा खुसी वर्षाइदियो । खेलस्तर खस्कँदै जाँदा खेलाडीका साथै सबै नेपाली खेलप्रेमीमा एकदिवसीय मान्यता जोगिने झिनो आशामात्र बाँकी थियो । यस्तो स्थिति सिर्जना भएको थियो कि सायद कुनै चमत्कार भएमात्र नेपालको एकदिवसीय मान्यता जोगिनेछ। हुन पनि त्यस्तै चमत्कार नै भयो र नेपालको एकदिवसीय मान्यता पनि जोगियो र विश्वकप छनोटको स्थानसमेत सुरक्षित भयो ।

लगभग असम्भव जस्तै ठानिएको अवस्थाबाट नेपाली राष्ट्रिय क्रिकेट टिमले आगामी चार वर्षका लागि एकदिवसीय अन्तर्राष्ट्रिय मान्यता जोगायो र जिम्बाब्वेमा जुन १८ देखि जुलाई ९ तारिखसम्म आयोजना हुने विश्वकप क्रिकेट २०२३ को छनोटमा समेत सोझै स्थान बनायो । यस सफलताले खेलाडी र दर्शकको मात्र नभई राष्ट्रकै शीर उचो बनायो ।

> लगभग असम्भव जस्तै ठानिएको अवस्थाबाट नेपाली राष्ट्रिय क्रिकेट टिमले आगामी चार वर्षका लागि एकदिवसीय अन्तर्राष्ट्रिय मान्यता जोगायो र जिम्बाब्वेमा जुन १८ देखि जुलाई ९ तारिखसम्म आयोजना हुने विश्वकप क्रिकेट २०२३ को छनोटमा समेत सोझै स्थान बनायो ।

## नाजुक स्थितिको सामना

आईसीसी पुरुष क्रिकेट विश्वकप लिग-२ अन्तर्गत नेपाल खराब प्रदर्शनका कारण अंक तालिकाको छैटौं स्थानमा रहेको थियो । सहजरुपमा जित्न सकिने खेलमा पनि खराब प्रदर्शनका कारण नेपाल खेल गुमाउन बाध्य भएको थियो । सन् २०१९ देखि शुरु भएको यस लिग-२ मा नेपालले २४ खेल खेल्दा ८ खेलमा जित, १४ खेलमा हार, एक खेल बराबरी र एक खेल रद्द हुँदा जम्मा १८ अंक जोडेर छैटौं स्थानमा थियो । जम्मा ३६ खेल खेल्न पाइने हुँदा नेपालले अर्को टोलीलाई पछाडि त्यसपछिका खेलहरु लगभग सबै जित्नै पर्ने बाध्यता थियो । यस्तो अवस्थामा खेलाडीसहित आमदर्शकले एकदिवसीय मान्यता जोगिने आश मारिसकेका थिए । यसै खस्कँदो खेलस्तर, त्यसमाथि प्रशिक्षक परिवर्तनको सिलसिला नरोकिँदा नेपाली क्रिकेट क्षेत्रले नाजुक स्थितिको सामना गरिरहेको थियो ।

## एकदिवसीय मान्यता

२४ खेलमा जम्मा १८ अंक जोडेको नेपाललाई बाँकी रहेको १२ खेलमध्ये ९ खेल जिते एकदिवसीय मान्यता जोगिने अंक गणित बनेको थियो । तालिकाको शीर्ष ५ मा परे एकदिवसीय मान्यता जोगिने हुँदा नेपाललाई शीर्ष ५ मा पुग्न ९ खेलमा जित आवश्यक थियो । गत फागुन २ गते घरेलु मैदानमा भएको नेपाल, नामिबिया र स्कटल्याण्ड सम्मिलित लिग-२ अन्तर्गतको एकदिवसीय श्रृंखलामा नेपाललाई जित्नै पर्ने दबाब थियो । तर दुवै टोली नेपालका लागि बलिया प्रतिद्वन्द्वी थिए । त्यसअघि भएका खेलहरुमा पनि नेपालमाथि दुवै टिमले आफ्नो प्रभूत्व जमाएका थिए । तर नेपालले घरेलु मैदानको फाइदा उठाउँदै श्रृंखला नै क्लिन स्वीप गर्‍यो । दुई टिमसँगको चारै खेल नेपालले जित्यो । यो श्रृंखला जित्नासाथ नेपालको एकदिवसीय मान्यता जोगिने सम्भावना बढेर गयो । ९ खेल जित्नैपर्ने दबाबमा रहेको नेपालले एकदिवसीय मान्यता जोगाउन अब ८ खेलमा ५ खेल जित्नुपर्ने थियो ।

त्यसलगत्तै नेपालले फागुन १५ गते यूएईमा भएको नेपाल, यूएई र पपुवा न्युगिनी सम्मिलित श्रृंखला खेल्यो । यस श्रृंखलामा पनि नेपालले आफ्नो लय कायमै राख्यो र ४ खेलमध्ये ३ खेलमा जित हात पार्‍यो । यस जितसँगै नेपालको लक्ष्य एकदिवसीय मान्यतामा मात्र कायम रहेन । शीर्ष तीनमा रहँदै विश्वकप छनोटमा सिधै स्थान बनाउने पनि नेपालको लक्ष्य बन्यो । यो श्रृंखलापछि नेपाललाई एकदिवसीय मान्यता जोगाउन ४ खेलमा २ खेल जित्नै पर्ने दबाब भयो भने शीर्ष तीनमा रहन ४ वटै खेल जित्नुपर्ने समीकरण बन्यो । नेपाललाई सबै खेल जित्ने उत्कृष्ट मौका पनि थियो, किनकि बाँकी रहेका ४ खेल नेपालको घरेलु मैदानमा हुँदै थियो ।

फागुन २५ गतेबाट नेपालको घरेलु मैदानमा शुरु भएको नेपाल, यूएई र पपुवा न्युगिनी सम्मिलित अर्को श्रृंखलामा नेपाल पुनः क्लिन स्वीप गर्न सफल भयो । ४ वटै खेल जित्दै नेपालले ४ वर्षका लागि एकदिवसीय मान्यता जोगायो र विश्वकप छनोटमा पनि सिधै स्थान बनायो । वर्षभरिको निराशालाई सफलताले चिर्दै नेपाली राष्ट्रिय क्रिकेट टिमले वर्षको अन्त्यमा आम नेपालीको मुहारमा खुसी ल्याइदियो ।

## कोचको भूमिका

एकदिवसीय मान्यता गुमाउने स्थितिमा पुगको नेपाली क्रिकेट टिमको जिम्मेवारी सम्हाल्न आइपुगेका मुख्य प्रशिक्षक मोन्टी देसाइको यस सफलतामा उल्लेख्य भूमिका रहेको छ । श्रृंखलाबद्धरुपमा प्रशिक्षक परिवर्तन भइरहँदा खेलस्तर सुधार्न मुस्किल परिरहेको नेपाली टिमलाई देसाइले खेलस्तर सुधार्दै जिततर्फको बाटो देखाए । 'ह्याप्पी ड्रेसिङ रुम'को अवधारणा अपनाएका मुख्य प्रशिक्षक देसाइले टिमलाई एकताबद्ध बनाउनुका साथै नेपालको सधैं कमजोरीको रुपमा रहेको ब्याटिङमा उल्लेख्य सुधार ल्याइदिए । जसको नतिजास्वरुप नेपाल एकदिवसीय मान्यताका साथै विश्वकप छनोटमा सिधै स्थान बनाउन सफल भयो ।

## चुनौतीका चाङ

विश्वकप छनोटमा सिधै स्थान बनाएको नेपाललाई अबको बाटो भने त्यति सहज छैन । विश्वकप छनोटमा केही टेस्ट राष्ट्रसँग पनि खेल्न पाउने नेपाललाई खेलमा तिखारिने अवसर मिलेको छ । सोही अवसरलाई सदुपयोग गर्दै उच्च खेल प्रदर्शन गर्दै विश्वकपमा स्थान बनाउन नेपालले सुनौलो मौका पाएको छ । यसका लागि बढीभन्दा बढी प्रशिक्षण तथा आफूभन्दा अब्बल राष्ट्रहरुसँग खेल खेल्नु जरुरी छ ।

यसबीचमा नेपालले घरेलु मैदानमै एसीसी प्रिमियर कप पनि खेल्दै छ । प्रिमियर कपको विजेता बन्नसके नेपाललाई एसिया कप खेल्ने मौका मिल्ने छ । जहाँ नेपालले भारत र पाकिस्तानसँग खेल खेल्न पाउने छ । जसको प्रत्यक्ष फाइदा पनि विश्वकप छनोटमा हुनेछ । तसर्थ नेपाली क्रिकेट टिमलाई २०८० साल एकदमै महत्पूर्ण वर्ष रहेको छ । एसीसी प्रिमियर कपमार्फत एसिया कप खेल्न पाउने अवसर र विश्वकप छनोटमार्फत विश्वकपमा स्थान बनाउने मौका नेपालले पाएको छ । तसर्थ नेपाल क्रिकेट संघले यस विषयमा गम्भीर बन्न जरुरी देखिन्छ । खेलाडीहरुलाई बढीभन्दा बढी प्रशिक्षण दिनसके र आफूभन्दा अब्बल राष्ट्रसँगको श्रृंखला आयोजना गर्नसके अवश्य पनि एसिया कप र विश्वकप खेल्ने हाम्रो लक्ष्य पूरा हुनेछ ।




रामनगर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सर्लाही, मधेस प्रदेश

नव वर्ष २०८० सालको उपलक्ष्यमा आम गाउँबासी, आमा-बुवा, दाजु-भाई, दिदीबहिनीहरू, साथै देश विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरूको सु-स्वास्थ्य, उन्नति र दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

जनहितमा जारी सन्देश

- कर तिर्न भनेको तपाई हामीले चाहेको विकास गर्ने अवसर प्राप्त गर्नु हो । तसर्थ विकासका खातिर समयमै तोकिएको कर दस्तुर गाउँपालिकामा बुझाउने गरौं ।
- गाउँबासीको नाताले खुल्ला स्थानमा दिशा गर्नु लाजमर्दो काम हो । तसर्थ सबैले शौचालय निर्माण गरी प्रयोग गरौं ।
- गाउँपालिकाबाट प्राप्त हुने सेवाका सम्बन्धमा सदैव चासो राखौं । तपाईले जति बढी चासो देखाउनु हुन्छ, गाउँपालिका त्यति धेरै जनउत्तरदायी बन्दछ ।
- घर निर्माण गर्नु अघि बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्डको बारेमा जानकारी राखौं र सोको पालना गरौं ।
- सार्वजनिक जग्गा, पोखरी, वन आदि व्यक्तिगत प्रयोजनका लागि प्रयोग नगरौं, त्यस्ता क्षेत्रहरू अतिक्रमण हैन, संरक्षणको लागि पहल गरौं ।
- व्यक्तिगत घटना घटेको ३५ दिनभित्र संयुक्त वडा कार्यालयमा घटना दर्ता गरौं ।
- आफ्नो टोल बस्तीमा हुने विकासका योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा सदैव जागरूक बनौं ।
- जथाभावी फोहोर नगरौं । फोहोर बोक्ने गाडी आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- छोराछोरीमा भेदभाव नगरौं । दुबै समाजका सम्पत्ति हुन्, बालबालिकाको लालन, पालन र शिक्ष दिक्षमा ध्यान दिऔं ।

राजा बाबु यादव, अध्यक्ष
गिता देवी साह, उपाध्यक्ष
कृष्ण कुमार यादव, प्रमुख प्रशासकीय अधिकृत

डाक्नेश्वरी नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
पातो, सप्तरी, मधेस प्रदेश, नेपाल ।

नव वर्ष २०८० सालको उपलक्ष्यमा आम नगरबासी, आमा-बुवा, दाजु-भाई, दिदीबहिनीहरू, साथै देश विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरूको सु-स्वास्थ्य, उन्नति र दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

उद्योग तथा व्यवसायका लागि :

१. बिक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरूपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रूपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरू (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरू बिक्री गर्नु परेमा अनिवार्य रूपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
६. नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्न सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव)हरूको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरूलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरूपमा फेरवदल गर्नुपर्नेछ ।

रामलखन मलाह, प्रमुख
मिरा यादव, उपप्रमुख

राजगढ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नर्घो, सप्तरी, मधेस प्रदेश, नेपाल ।

नव वर्ष २०८० सालको उपलक्ष्यमा आम गाउँबासी, आमा-बुवा, दाजु-भाई, दिदीबहिनीहरू, साथै देश विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरूको सु-स्वास्थ्य, उन्नति र दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

उद्योग तथा व्यवसायका लागि :

१. बिक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरूपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रूपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरू (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरू बिक्री गर्नु परेमा अनिवार्य रूपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
६. नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्न सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव)हरूको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरूलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरूपमा फेरवदल गर्नुपर्नेछ ।

ओम प्रकाश मण्डल, अध्यक्ष
रेणु देवी मण्डल, उपाध्यक्ष
धिरेन्द्र कुमार यादव, प्रमुख प्रशासकीय अधिकृत

गढीमाइ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
समनपुर, रौतहट

नव वर्ष २०८० सालको उपलक्ष्यमा आम नगरबासी, आमा-बुवा, दाजु-भाई, दिदीबहिनीहरू, साथै देश विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरूको सु-स्वास्थ्य, उन्नति र दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

जनहितमा जारी सन्देश

- छोराछोरीमा भेदभाव नगरौं । दुबै समाजका सम्पत्ति हुन्, बालबालिकाको लालन, पालन र शिक्ष दिक्षमा ध्यान दिऔं ।
- महिला हिंसारहित बनाउने अभियानमा सबै जना सहभागी बनौं ।
- व्यक्तिगत घटना दर्ता अन्तर्गत जन्म, विवाह, बसाईसराई, सम्बन्धविच्छेद, मृत्यु दर्ता समयमा नै गरौं । सभ्य नागरिकको भूमिका निर्वाह गरौं ।
- आफ्नो टोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।
- सार्वजनिक सम्पत्ति संरक्षणमा सहयोग गरौं । सार्वजनिक स्थलमा जताततै फोहोरमैला नफालौं ।
- घर निर्माण गर्नु अघि बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्डको बारेमा जानकारी राखौं र सोको पालना गरौं ।
- सार्वजनिक जग्गा, पोखरी, वन आदि व्यक्तिगत प्रयोजनका लागि प्रयोग नगरौं, त्यस्ता क्षेत्रहरू अतिक्रमण हैन, संरक्षणको लागि पहल गरौं ।
- व्यक्तिगत घटना घटेको ३५ दिनभित्र संयुक्त वडा कार्यालयमा घटना दर्ता गरौं ।
- आफ्नो टोल बस्तीमा हुने विकासका योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा सदैव जागरूक बनौं ।
- जथाभावी फोहोर नगरौं । फोहोर बोक्ने गाडी आएको बखत मात्र फोहोर बाहिर निकालौं ।

श्याम प्रसाद यादव, नगर प्रमुख
स्मिता कुमारी यादव, नगर उपप्रमुख
नागेन्द्र यादव, प्रमुख प्रशासकीय अधिकृत

# नवउदारवादको प्रभाव



गम्भीरबहादुर हाडा

उदारीकरणमा राज्य निरीह भन्ने अर्थमा लिइयो, जसले गर्दा सिण्डिकेट र कार्टेलिङ्ग मौलाउँदै गयो । गरिबीको खाडल बढायो । बजारले नाफाका लागि जस्तोसकै कदम चाल्ने प्रवृति हाबी भएको छ । आयातको तुलनामा निर्यात बढेन र व्यापार घाटा बढ्दै आयात निर्यातको खाडल बढ्न गएको छ । साना उद्योगहरुले प्रतिस्पर्धा गर्न सकेनन्, जसको कारण क्रमशः उद्योगहरु बन्द हुँदै गए । आज नेपालजस्ता मुलुकहरु परनिर्भर बन्न जानु पनि यसैको कारण हो ।

कुनै पनि सरकारी हस्तक्षेपबिना जतिसक्यो त्यति बढी बजारले स्वतन्त्ररूपमा कार्य गर्न सक्ने वातावरण सिर्जना हुने गरी अवलम्बन गरिएका नीतिहरू नै उदार र खुल्ला नीतिहरू हुन् । आर्थिक उदारीकरणको अर्थ सरकार नियन्त्रित अर्थव्यवस्थालाई बजारमुखी अर्थव्यवस्थामा लैजान विभिन्न बन्देजहरू खुल्ला गर्नेहरूको दरमा कम गर्ने वा हटाउने चालु खातामा पूर्ण परिवर्तन गर्ने र मूल्य निर्धारणमा नियन्त्रण नगर्ने हो । आर्थिक उदारीकरणलाई अर्को शब्दमा भन्ने हो भने बजारमुखी, निजीकरणयुक्त र प्रतिस्पर्धात्मक अर्थ व्यवस्था हो । विश्व विकास प्रतिवेदन सन् १९९६ मा घरेलु व्यापार मूल्य बजारको साथै वैदेशिक व्यापार र विदेशी मुद्राको स्वतन्त्र विनिमय वा स्वदेशी बजारमा फर्महरूको स्वतन्त्ररूपको प्रवेशमा स्वतन्त्ररूपमा सरकारी नियन्त्रणलाई कम गर्ने वा हटाउने प्रक्रियालाई नै आर्थिक उदारीकरण भनिएको पाइन्छ । आर्थिक उदारीकरणको प्रमुख उद्देश्य दिगोरूपमा र समष्टिगतरूपमा आर्थिक स्थानीय कायम गरी एक आधुनिक तथा बजारोन्मुख अर्थतन्त्रको विकास गर्नु हो ।

मुलुकमा द्रुततर गतिमा आर्थिक विकास गर्न निजी क्षेत्रलाई सक्षम पार्नका लागि वित्तीय सुदृढीकरण, व्यापार तथा विनिमयमा उदारीकरण, खुला औद्योगिक तथा लगानी नीतिहरू राष्ट्रले अवलम्बन गरेपछि यसबाट स्वदेशी तथा विदेशी लगानीकर्ताहरू लगानी गर्न आकर्षित भई आर्थिक विकासमा महत्वपूर्ण योगदान पुग्दछ । खुल्ला एवम् उदार नीतिहरू पूँजीवादी व्यवस्थामा मात्रै लागु गर्न सकिन्छ । व्यक्तिगत उत्प्रेरणामार्फत् व्यक्तिहरूले कृषि, उद्यम, व्यवसायमध्ये जुनसुकैमा पनि जोखीम लिई नाफा आर्जन गर्न सक्ने आर्थिक व्यवस्थालाई पूँजीवाद भनिन्छ । यस्तो व्यवस्थामा सरकारको पटक्कै हस्तक्षेप हुनुहुँदैन । सरकारको भन्सार नीति अथवा आयात-निर्यात नीति होस् वा विदेशी विनिमय नीति होस्, कुनैले पनि बजारमा हस्तक्षेप गरेको हुनुहुँदैन । यति मात्रै होइन पूँजीवादी व्यवस्थामा व्यक्तिले स्वतन्त्रतापूर्वक आफ्नो पेशा रोज्न मात्रै होइन व्यक्ति/व्यक्तिबीच वा कम्पनी/व्यक्तिहरूबीच सम्झौता गरी तय भएको तलब र ज्यालामा मात्र लेनदेन हुन्छ । सरकारले कामको न्यूनतम ज्यालासमेत तोकेको हुँदैन । कामदार कर्मचारीलाई उनीहरूका रोजदाताहरूसँग भएको सम्झौता उल्लंघन नगरी रोजगारदाताले भनेको बेला जागिरबाट निकाल्न सक्छ ।

आर्थिक कारोबारमा सरकारी हस्तक्षेप अति न्यून हुनुपर्छ भन्ने आवाज १८औं शताब्दीमा स्वतन्त्र अर्थव्यवस्थाको सिद्धान्तले उठाएको थियो । उतिबेला जे.बी.से.को पूर्तिले आफ्ना माग आफैं सिर्जना गर्छ भन्ने सिद्धान्त प्रख्यात र सान्दर्भिक पनि मानिएको थियो । तर, १९औं शताब्दीमा अमेरिका, ब्रिटेनजस्ता देशहरूमा आएको मन्दीलाई रिकार्गो माल्थस, जे.वी.से. एडामस्मिथ, आदि शास्त्रीय अर्थशास्त्रीका धारणाले उपचार गर्न सकेन । आखिर प्रसिद्ध अर्थशास्त्री किन्सको सरकारी हस्तक्षेपद्वारा मन्दीको उपचार गरिनुपर्छ भन्ने धारणा व्यावहारिक हुन पुग्यो । तर, आज २०औं शताब्दीमा भने किन्सको धारणा सफल भई राख्न सकेन र फेरि अर्थव्यवस्थाको सुधारको लागि सरकारी हस्तक्षेप कम हुनुपर्छ भन्नेतर्फ अर्थशास्त्रीहरू जान थालेको देखिएको छ । कम्युनिष्ट देशमा पनि आर्थिक सुधारको निम्ति सरकारी हस्तक्षेप विस्तार-विस्तार घट्नुपर्ने र बजारमुखी अर्थव्यवस्था हुनुपर्ने धारणा झन्झन् व्यापक हुन थालेको छ ।

नेपालमा बहुदलीय व्यवस्थाको पुनर्स्थापनापश्चात् आ.व. २०४८/०४९ मा पहिलो जननिर्वाचित सरकारले प्रथम बजेट र आठौं पञ्चवर्षीय योजनामार्फत् आर्थिक उदारवादलाई प्राथमिकता दिई संस्थानहरूको निजीकरण अभियानलाई व्यवस्थित गर्न निजीकरण ऐन २०५० ल्याएको थियो । निजीकरण ऐन २०५० ले व्याख्या गरेअनुसार निजीकरण भन्नाले प्रतिष्ठानको व्यवस्थापनमा निजी क्षेत्रलाई सहभागी बनाउने, तिनलाई बिक्री गर्ने वा



भाडामा दिने, सरकारी स्वामित्वलाई जनसाधारणमा लैजाने वा त्यस्ता प्रतिष्ठानमा कर्मचारी, कामदार वा इच्छुक सबै समुदायको आंशिक वा पूर्ण सहभागिता गराउने प्रक्रियालाई बुझाउँदछ । सोही ऐनअनुसार नेपालमा महत्वपूर्ण उद्योगहरूको निजीकरण, औद्योगिक नीति, १९९२ को उदार प्रश्रय, विदेशी लगानीप्रतिको उदारता यसका उदाहरणहरू हुन् । यो उदारताको प्रक्रिया केही वर्तमानले पनि देखाइरहेको छ भने विस्तृत प्रतिक्रियाको लागि भविष्य पर्खनैपर्छ ।

वि.सं.२०४६ सालको राजनीतिक परिवर्तनपछि आर्थिक उदारीकरणले झन महत्व पायो । आर्थिक उदारीकरणमा आर्थिक स्थायित्व र संरचनागत समायोजनका कार्यक्रमहरु अघि सारियो । यसैको फलस्वरुप विभिन्न ऐन नियममा संशोधन, सरकारी नीतिमा परिवर्तन भयो र आर्थिक उदारीकरणको एक हिस्साको रुपमा वि.सं. २०४९ सालदेखि सरकारी संस्थानलाई निजीकरण गर्ने प्रक्रिया व्यवहारमा उतारियो । वि.सं. २०४३ सालमा आयात इजाजतपत्रको सट्टा इजाजतपत्र बोल कबोल प्रथाको शुरुवात भयो । २०४४ सालमा खुल्ला इजाजतपत्रलाई पुर्नवर्गीकरण गरी औद्योगिक खुल्ला इजाजतपत्र, व्यापारीक खुल्ला इजाजतपत्र र आयात इजाजतपत्र जारी गरिएको थियो । जसलाई २०४९ साल असारमा परिवर्तित गरी अनुपातलाई ६५:३५ बाट ७५:२५ बनाएपछि बोलकबोलअन्तर्गतका समूहलाई अझ घटाएर १२ मा झारियो । भन्सार शुल्कमा आर्थिक वर्ष २०५४/५५ मा सबैभन्दा बढी दर ३०० प्रतिशतबाट घटाएर ८० प्रतिशतमा झारियो । २०४९ साल असारदेखि वस्तु निर्यात र पर्यटन व्यवसायबाट विदेशी मुद्रा आर्जन गर्ने व्यक्तिले आफ्नो कमाईको तीन प्रतिशत परिवर्त्य विदेशी मुद्रामा नै जम्मा गर्न पाउने भयो । २०५० साल असारदेखि निर्यातमुखी उद्योगलाई आवश्यक कच्चा पदार्थ आयात गर्न परिवर्त्य विदेशी मुद्रामा नै ऋण दिन थालियो । २०५१ सालमा गैर सरकारी संस्थाहरुलाई सीमित वैंकिङ्ग करोबार गर्न इजाजतपत्र प्रदान गरियो । आर्थिक उदारवादको नीतिले गर्दा अर्थतन्त्रमा अन्तर्राष्ट्रिय व्यापारको योगदानमा उल्लेखनीय बृद्धि भएको छ भने नेपालको भुक्तान असन्तुलनमा सुधार भएको छ । त्यस्तै, निकासी व्यापारमा व्यापक बृद्धि भएको छ । वस्तुगत र देशगत दुवैरुपमा निकासी बृद्धि भै सीमित निर्यात योग्य वस्तुको स्थानमा निकासीमा विविधीकरण आएको छ ।

नेपालमा उदारीकरणले गर्दा वैदेशिक लगानीको ढोका खुल्यो । खासगरी जलविद्युत क्षेत्र, वित्तीय क्षेत्र, सेवा क्षेत्रमा विदेशी लगानीमा उल्लेखनीय बृद्धि हुन गएको छ । यसको साथसाथै आर्थिक उदारीकरणको नीतिले गर्दा नेपालमा आय र धनको असमान वितरणमा झनै बृद्धि भएको छ र स्वदेशी उद्योगहरु अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा टिक्न सकेन र धरासायी भएको छ । मुद्रा स्फिर्ति बढेर एक अंकीयबाट दुई अंकीय बन्न पुग्यो र वैदेशिक लगानीमा बृद्धि भए पनि उत्पादन क्षेत्रमा भन्दा उपभोग्य क्षेत्रमा बढी आकर्षित भएको पाइएको छ ।

पुँजीवादी अर्थव्यवस्थाको विभिन्न पक्षहरुको आपसी सम्बन्ध नवउदारवाद हो । आर्थिक स्रोत साधनलाई सार्वजनिक क्षेत्रबाट असीमित नाफामुखी उद्देश्यका साथ निजी क्षेत्रतर्फ स्थानान्तरण गर्नुपर्ने राजनीतिको प्रक्रिया हो । नवउदारवादको प्रयोग प्रथम विश्वयुद्धको समाप्ति सँगसँगै भएको पाइन्छ । सन् १९७२ मा दक्षिण अमेरिकी अर्थशास्त्रीहरुले आफ्नो बजार उन्मुख नमुनाको लागि नवउदारवाद शब्दको प्रयोग गरेका थिए । नवउदारवाद नीतिमा सरकारले अनुदान घटाउनु पर्छ, करको आधार विस्तार गर्न करका कानुनहरुमा सुधार गर्नुपर्छ र खुल्ला बजारलाई संरक्षण गर्नुपर्छ र प्रोत्साहन गर्नुपर्छ भन्ने दृष्टिकोण राख्छ । साथै, स्थिर विनिमय दरलाई निर्मूल पार्नु सरकारी नियमनलाई हटाउने, निजी सम्पत्तिलाई अनुमति दिने र सरकारद्वारा सञ्चालित संस्था र उद्योगधन्दालाई निजीकरण गर्नुपर्ने धारणा राख्छ । यसर्थ, नवउदारवादले सम्पूर्ण आर्थिक ब्यवस्थापन र परिचालनको जिम्मा निजी क्षेत्रलाई दिनुपर्छ भन्ने मान्यता राख्छ । नवउदारवादले सरकारी भूमिकाको कटौती गर्दै स्रोत साधनको परिचालन पूर्णतः बजारमा छोड्नुपर्छ भन्ने मान्यता राख्छ । अतः यसले अर्थतन्त्रको स्वतन्त्रता र सरकारी हस्तक्षेपको विरोध गर्दछ, जसमा अर्थ ब्यवस्था खुल्ला र स्वतन्त्र हुनुपर्छ भन्ने धारणा रहेको छ । विश्वभरका नवउदारवाद अहिले परीक्षणको क्रममा छ । वस्तु र सेवाको वितरणमा राज्यको नियन्त्रणलाई खुम्च्याएर खुला बजारलाई ठूलो भूमिका दिँदा राम्रो परिणाम दिने आशा गरिएको थियो ।

तर, उदारवादी अर्थप्रणाली व्यवस्थापनको उचित तरिका होइन भनी आलोचकले आरोप लगाएका छन् । के फेरि अब सरकारहरूले अर्थतन्त्रमा ठूलो भूमिका खेल्ने समय आउला त ? राज्यहरूलाई त्यस्तो गर्न दिइएला त ? खुला बजारसहितको पुँजीवाद अहिले परीक्षणमा छ । बेलायतमा लेबर पार्टीका नेता जेरेमी कोर्बिनले नवउदारवादले सुकुम्बासीहरूको संख्या बढाएको, बालबालिकाहरूलाई गरिबीको मारमा धकेलेको र गरिखाने वर्गको आम्दानी निर्वाह गर्न पनि नसकिने गरी घटाएको आरोप लगाएका छन् । यस्तो आरोपको प्रत्युत्तरमा कन्जरभेटिभ पार्टीको नेतृ थेरेसा मेले खुला र नयाँपनसहितको बजारमुखी अर्थतन्त्रका अथाह सम्भावनाहरू भएको बताएकी छन् । यस्ता बहस बेलायतबाटमात्र सीमित छैनन्, विश्वभरि नै चलिरहेका छन् ।

करिब २५ वर्षअघि दुई किसिमको अर्थव्यवस्था राज्यले व्यवस्थापन गर्ने समाजवाद र उदारवादी प्रजातन्त्रसहितको पुँजीवादबीचमा कुन श्रेष्ठ र उचित हो भन्ने बहस सकिएको ठानिएको थियो । सोभियत संघको पतनपछि उदारवादी प्रजातन्त्रले जितेको निर्क्योल गरिएको थियो र त्यसभित्रको खुलाबजार अर्थव्यवस्थालाई निर्विकल्प ठानिएको थियो । त्यसपछि चीनको अचम्म चल्दो उदयले राज्यले नेतृत्व गरेको र महत्वपूर्ण भूमिका खेलेको अर्थव्यवस्था असफल हुन्छ भन्ने मान्यतालाई चुनौती दिएको छ । विश्वव्यापी आर्थिक मन्दीले पनि पूर्णरूपमा नियमन नगरिएको बजारतन्त्रका कमजोर पक्षहरू प्रस्ट्याइदिएको छ । सन् २०१७ मा विश्वका सबैभन्दा राम्रो वृद्धि भइरहेका अर्थतन्त्रहरू (इथियोपिया, उज्वेकिस्तान, नेपाल, भारत, तान्जानिया, जिबुटी, लाओस, क्याम्बोडिया, म्यानमार र फिलिपिन्स) मध्ये धेरैले खुला बजार अर्थतन्त्रमा अपनाएका छन् । तर, खुला बजार अर्थतन्त्र अपनाउने धेरै मुलुकहरूको आर्थिक वृद्धिदर घट्दोक्रममा छ र असमानता बढ्दो छ । यो पृष्ठभूमिमा केही राजनीतिज्ञले बजारमुखी पुँजीवादी अर्थतन्त्रमार्फत मात्रै आर्थिक वृद्धि र विश्वव्यापीकरणबाट हुने आर्थिक लाभ पाइन्छ भनेर दाबी गर्न छोडिसकेका छन् । बरु राजनीतिज्ञहरू अर्थ प्रणालीले मानिसहरूलाई व्यक्तिगतरूपमा के फाइदा पुऱ्याइरहेका छन् भन्नेतर्फ बहस केन्द्रित गर्न थालेका छन् ।

विश्व विकास प्रतिवेदन, २०२० ले बजारका लागि संस्थाहरुको निर्माण नाम दिँदै दिगो विकास र स्थिर अर्थतन्त्रका लागि निजी क्षेत्र अर्थात् बजारको ठूलो महत्व रहने कुरा स्वीकारेको छ । विश्वको कुनै एक ठाउँमा उत्पादित वस्तु तथा सेवाहरु संसारका जुनसुकै ठाउँमा विनियम गर्न पाउनु, प्रतिष्पर्धाको आधारमा उत्पादित वस्तुको मूल्य निर्धारण गर्नु, निजी क्षेत्रलाई बढीभन्दा बढी संलग्न गराउनु तथा सरकारको उत्पादन प्रक्रियामा निष्क्रिय भूमिका रहनु नै नवउदारवादको मुख्य सार हो । यस अवधारणाले निजी उद्यमी, प्रतिष्पर्धा र निजी सम्पत्ति जस्ता पूँजीवादका प्रमुख खम्बाहरुलाई प्रश्रय दिन्छ ।

### उदारीकरणका नकारात्मक प्रभावहरु

उदारीकरणमा राज्य निरीह भन्ने अर्थमा लिइयो, जसले गर्दा सिन्डीकेट र कार्टेलिङ्ग मौलाउदै गयो । गरिबीको खाडल बढायो । बजारले नाफाका लागि जस्तोसकै कदम चाल्ने प्रवृति हाबी भएको छ । आयातको तुलनामा निर्यात बढेन र व्यापार घाटा बढ्दै आयात निर्यातको खाडल बढ्न गएको छ । साना उद्योगहरुले प्रतिस्पर्धा गर्न सकेनन्, जसको कारण क्रमशः उद्योगहरु बन्द हुँदै गए । आज नेपालजस्ता मुलुकहरु परनिर्भर बन्न जानु पनि यसैको कारण हो । नेपालको सन्दर्भमा उदारीकरणको प्रभाव, वैदेशिक व्यापार बढ्दै गयो । वैदेशिक लगानी र विप्रेषण उपभोगका क्षेत्रमा बढी आर्कषित भयो, जसले गर्दा आयात व्यापारलाई प्रश्रय दियो । कृषिमा अनदान कटौतीले कृषि उत्पादन गर्नभन्दा आयात गर्न सरल पर्ने हुँदा कृषि पेशा धरासायी हुँदै गयो । उदारीकरणको प्रभाव, अर्थतन्त्रका सबै संरचनाहरु भद्रगोल शैलीमा अघि बढे । सामाजिक दायित्व निवार्हवाट सरकार पछि हट्यो । आज उदारीकरणकै प्रभाव सार्वभौमसत्तामै प्रश्न उब्जिएको छ । सामान्य बाह्य प्रभावले पनि हाम्रो अर्थतन्त्र खलबलिने अवस्थामा पुगेको छ । यस्ता नकारात्मक प्रभावहरुलाई समयमानै समाधान गरिनु अतिआवश्यक देखिन्छ ।

*(हाडा भक्तपुर बहुमुखी क्याम्पसका पूर्वसह-प्राध्यापक हुन् ।)*


नव वर्षको शुभकामना
नव वर्ष २०८० को सुखद अवसरमा स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य दीर्घायू तथा उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं ।
दलविर भण्डारी
अध्यक्ष, तथा
एड्भान्स म्यानेजमेन्ट कन्सल्टेन्ट प्रा. लि.
परिवार
सामाखुसी-२६, काठमाडौं, फोन: ४९६४२११

नयाँ वर्ष २०८०को हार्दिक बधाई तथा शुभकामना
बसन्त ऋतुको आगमनसँगै नवीन उल्लास एवं आशा लिएर आउने नयाँ वर्ष २०८० को उपलक्ष्यमा सम्पूर्ण वैदेशिक रोजगार व्यवसायीका साथै स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य, दिर्घायु, भातृत्व एकता एवं समृद्धिको शुभकामना व्यक्त गर्दछौं ।
दिनेश राई
प्रबन्ध निर्देशक
तथा
डाईमन्ड स्टार ओभरसिज प्रा. लि.
परिवार
काठमाडौं, फोन: ४७८६६८०

हार्दिक शुभकामना
बसन्त ऋतुको आगमनसँगै नवीन उल्लास एवं आशा लिएर आउने नयाँ वर्ष २०८० को उपलक्ष्यमा सम्पूर्ण वैदेशिक रोजगार व्यवसायीका साथै स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण श्रमिक नेपालीहरुमा सुख, शान्ति सुस्वास्थ्य, दीर्घायू, भातृत्व एकता एवं समीद्धिको शुभकामना व्यक्त गर्दछौं ।
राजेन्द्र भण्डारी
अध्यक्ष
नेपाल वैदेशिक रोजगार व्यवसायी संघ
तिलगंगा-८, काठमाडौं, फोन नं. ०१- ४५९०९६९/४५९४४१८

हार्दिक बधाई तथा शुभकामना
नव वर्ष २०८० को सुखद अवसरमास्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य दीर्घायू तथा उतरोतर प्रगतिको शुभकामना व्यक्त गर्दछौं ।
कैलाश खड्का
अध्यक्ष तथा
नेपाल स्वास्थ्य व्यवसायी महासंघ
परिवार
ओमनगर, सिनामंगल, काठमाडौं, फोन: ४१११०२१, ४१११०९२

हार्दिक शुभकामना
नयाँ वर्ष २०८० सालको उपलक्ष्यमा समस्त जिल्लाबासी सेवाग्राही एवम्, आमा-बुवा, दाजु-भाइ, दिदीबहिनीहरु, साथै देश विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुको सु-स्वास्थ्य, उन्नति र दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
रवीन्द्र शाही
कार्यालय प्रमुख
मालपोत कार्यालय
परिवार
हुम्ला, कर्णाली प्रदेश

हार्दिक शुभकामना
नयाँ वर्ष २०८०
नव वर्ष २०८० सालको उपलक्ष्यमा सम्पूर्ण वैदेशिक रोजगार व्यवसायीका साथै स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण श्रमिक नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य, दिर्घायु, भातृत्व एकता एवं समृद्धिको शुभकामना व्यक्त गर्दछौं ।
कुमुद खनाल
अध्यक्ष
नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसन
नयाँबानेश्वर, काठमाडौं, फोन न. ०१-४५६६४२८, ईमेल: ndfeefforum@gmail.com

# देश बनाउनेले देश छाड्दै



तुलबहादुर मगर

पछिल्लो समयमा विद्यार्थी अभावका कारण नेपालका अधिकांश उच्च शैक्षिक संस्थाहरुको अवस्था नाजुक बन्दै गएको छ । विश्वविद्यालय र कलेजले अध्यापन क्षमताको तुलनामा आधा संख्या मात्रै विद्यार्थी पढाउनुपर्ने अवस्था सिर्जना हुन पुगेको छ। यसको मुख्य कारण उच्च शिक्षा पढ्नुपर्ने स्वदेशी विद्यार्थीको उच्च शिक्षाको लागि र रोजगारीका लागि विदेश पलायन हुनु नै हो ।

विगतका वर्षहरुको तुलनामा चालु आर्थिक वर्षको अन्त्यसम्म जाँदा थप बढी संख्यामा नेपाली विद्यार्थी उच्च शिक्षा अध्ययनको लागि बाहिरिन सक्ने अनुमान गरिएको छ । किनकी आर्थिक वर्षको फागुन मसान्तसम्ममा ५९ हजार ८५७ जना विद्यार्थीले वैदेशिक अध्ययनको लागि अनुमति (एनओसी) लिएका छन् । चालु आर्थिक वर्षको माघ महिनासम्म ५९ हजार आठ सय ५७ जना विद्यार्थीले एनओसी लिएका थिए भने फागुन महिनामा मात्रै १३ हजार नौ सय ४५ जना विद्यार्थीले एनओसी लिएका छन् ।

त्यस्तै, चालु आर्थिक वर्षको माघ महिनासम्ममा तीन लाख १४ हजार ७६७ जना नेपालीहरुले कामको लागि विदेश जान नयाँ श्रम स्वीकृति लिएका थिए भने एक लाख ६७ हजार ७०८ जनाले पुनः श्रम स्वीकृति लिएका थिए ।

विसं. २०७७ सालको कक्षा १२ को परीक्षामा ३ लाख ४४ हजार सात सय २१ जना विद्यार्थी सहभागी भएका थिए। त्यसैगरी ०७८ सालमा तीन लाख ७५ हजार १५ जना र ०७९ सालमा ३ लाख ९६ हजार एक सय ८५ जना विद्यार्थी कक्षा १२ को परीक्षामा सहभागी भएका थिए । सामान्यतया कक्षा १२ को परीक्षामा ५० प्रतिशतको हाराहारीमा मात्रै विद्यार्थी उत्तिर्ण हुने गर्छन्। उच्च शिक्षा र रोजगारको नाममा विदेश जाने विद्यार्थीको संख्या कक्षा १२ उत्तिर्ण हुने विद्यार्थी संख्याको आधा देखिन्छ ।

आर्थिक वर्ष ०७७/७८ सम्म नेपालमा सञ्चालित १४ वटा विश्वविद्यालय र प्रतिष्ठानहरुमा पाँच लाख ७६ हजार विद्यार्थी उच्च शिक्षा तहमा अध्ययन गर्ने गर्दथे । पछिल्लो समयसम्मको नेपालको उच्च शिक्षामा विद्यार्थी संख्याको ताजा अवस्थाबारे सरकारले नयाँ तथ्यांक सार्वजनिक गरेको छैन् । तर, उच्च शिक्षा र रोजगारीको नाममा विदेशिएका युवाहरुको संख्या हेर्दा र कलेजहरुको अवस्था हेर्दा नेपालका विश्वविद्यालय र कलेजहरुमा



विद्यार्थीको ठूलो संख्या घट्न पुगेको अनुमान गर्न सकिन्छ ।

पछिल्लो समयमा अध्ययन गर्न वा विश्व श्रम बजारमा मात्रै नभएर तयार भैसकेको जनशक्तिको ठूलो हिस्सा पनि पलायन हुने दर बढिरहेको छ। पछिल्लो दश वर्षमा २६ हजार नौ सय १६ जना विद्यार्थीले एमबिबिएस उत्तिर्ण गरेका छन् । नेपाल मेडिकल काउन्सिलमा एमबिबिएस उत्तिर्ण गरेका २७ हजार आठ सय पाँच र एमडी उत्तिर्ण गरेका नौ हजार तीन सय ३९ जना चिकित्सक दर्ता भएका छन् । काउन्सिलमा दर्ता हुनको लागि परीक्षामा सहभागी भएका मध्ये ६० प्रतिशतको हाराहारीमा मात्रै उत्तिर्ण भएको देखिन्छ । एमबिबिएस पढेका मध्ये अहिलेसम्म ५० प्रतिशत विद्यार्थीले पनि नेपालमा रोजगार पाएका छैनन् जसको कारण चिकित्सक हुनको लागि दक्ष भएको ठूलो संख्याको जनशक्ति पलायन भएको छ ।

त्यस्तै रोजगारीको क्षेत्रमा अब्बल मानिने सिए र इन्जिनियर अध्ययन पूरा गरेका विद्यार्थीहरुले पनि काम नपाएपछि ठूलो संख्यामा पलायन हुन थालेका छन्। सम्बन्धित क्षेत्रका सरोकारवालाहरुका अनुसार यस्तो संख्या ६० प्रतिशत भन्दा पनि धेरै रहेको छ ।

तयार भइसकेको र भविष्य बोकेको दक्ष जनशक्ति तिव्र रुपमा पलायन हुने विषयले देशको भविष्यमाथि गम्भिर रुपमा प्रश्न उठाएको छ। तर, राजनीतिक नेतृत्वमा दक्ष वा तयार भएको जनशक्ति पलायनको विषयलाई लिएर चिन्ता लिएको देखिँदैन । तर, पछिल्लो वर्षको पलायनको दर हेर्दा र यो गति केही वर्षसम्म कायम रह्यो भने नेपालको भविष्य नै पुनः नियन्त्रण गर्न नसकिनेगरी बाहिर जानसक्ने देखिन्छ ।

राज्यले आयात निरुत्साहन गर्ने, उत्पादन र नवउद्यमलाई प्रोत्साहन गर्दै विश्वविद्यालयहरुलाई अनुसन्धान केन्द्रको रुपमा विकास गर्दै नेपालमा भविष्य छ भनेर विश्वास जगाउने वातावरण तयार गर्न जरुरी छ । अन्यथा सम्भावना बोकेकाहरुले देश छाड्ने र देशमा उत्पादन क्षमताहिन मात्रै रहने स्थिति नआउला भन्न सकिन्न ।

> आर्थिक जनसंख्याको तथ्याङ्कीय तराजुमा शताब्दीकै उर्वर समय चलिरहेको नेपाली समाजका युवाहरु रोजगारीकै निम्ति विदेशिनु विकल्पहीन नियति बन्न पुगेको छ ।



















# व्यवहारिक र कानूनी अल्झन



श्यामनारायण मानन्धर

> वैदेशिक रोजगारमा जान इच्छुक अधिकांश कामदारलाई म्यानपावर कम्पनीले वैदेशिक रोजगारमा जान विज्ञापन प्रकाशन गर्दछन् भन्नेबारे धेरैमा अनविज्ञता देखिन्छ ।

वैदेशिक रोजगारको चौघेरोमा वैदेशिक रोजगार सम्बन्धि विज्ञापन अनिवार्य शर्त हो। प्रक्रियागत ढंगका कानुनी आधारहरुमा टेकेर प्रकाशित यस्ता सूचनाहरुमा आम सर्वसाधरण युवाहरुको यसमा चासो रहन्छ । वै.रो.ऐन २०६४को दफा १६ बिज्ञापन प्रकाशन गर्नु पर्ने भनेर भनिएको छ। यस्ता बिज्ञापन राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ७ दिनको म्याद उल्लेख गरि प्रकाशन गर्नु पर्ने साथै सम्बन्धित संस्थाले सूचना पार्टीमा पनि टाँस गरिएको पनि हुनु पर्ने भन्नेछ । यही विज्ञापनको आधारमा बैदेशिक रोजगारमा जान ईच्छुक कामदारहरुले भौतिक उपस्थितीमा वा ईमेलमार्फत् आवेदन पेश गर्न सक्ने ब्यवस्था पनि छ ।

वैदेशिक रोजगार ब्यवसायीहरुले यस्ता बिज्ञापन प्रकाशन गर्न केही कागजी प्रक्रियाहरु पुरा गर्नु पर्ने हुन्छ । सरकारले खुल्ला गरेका रोजगार दाता देशबाट बिभिन्न पेशा र संख्यामा माग भई आएका कामदारहरुको प्रमाणित कागजातहरु वैदेशिक रोजगार विभागमा पेश गरेपछि आवश्यक छानबिन पश्चात् विभागले पुर्व स्वीकृति प्रदान गर्ने गर्दछ। सोही पुर्व स्वीकृतिका आधारमा ब्यवसायीहरुले राष्ट्रिय पत्र-पत्रिकाहरुमा बिज्ञापन प्रकाशन गर्ने गर्दछन ।

बैदेशिक रोजगारमा जान ईच्छुक अधिकांश कामदार हरुलाई मेनपावर कम्पनीहरुले बैदेशिक रोजगारमा जान बिज्ञापन प्रकाशन गर्दछन् भन्नेबारे धेरैको अनविज्ञता देखिन्छ। राज्यले बैदेशिक रोजगारमा जान कामदारहरुले मध्यस्थकर्ता अर्थात् एजेन्टको भुमिका वा जालो निस्तेज बनाएको छ ।

अर्थात् बैद्यानिक रुपमा नेपालमा कुनै पनि बैदेशिक रोजगार एजेन्टहरु छैनन् भन्ने नै हो । राज्यको स्वीकृतिमा प्रकाशित यस्ता बिज्ञापनहरु फगत राज्यको आँखामा झारो टार्ने आधार मात्र हुन । त्यस्ता बिज्ञापनको अनुशरण गरेर बैदेशिक रोजगारमा कामदारहरु गएका बिरलै छन् ।

हालको परिवेश नियाल्दा एजेन्ट बिनाको बैदेशिक रोजगार असम्भव प्राय देखिन्छ । अर्थात् बैदेशिक रोजगार बिज्ञापन हात्तीको देखाउने दाँत जस्ता मात्र हुन्, बिज्ञापनलाई आधार बनाएर बैदेशिक रोजगारमा जान कामदारहरुले धेरै अल्झन झेल्नु पर्ने हुन्छ। बिज्ञापन सबै पक्षको नैतिक र ब्यावहारिक ईमान्दारिता भए कामदारहरुको पक्षमा छ, तर सरकार मौनताले बैदेशिक रोजगारी सोझा वा सर्वसाधरणका लागि आकासको फल आँखातरी मर भने जस्तै हो ।

बैदेशिक रोजगार ब्यावसायीहरुले सरकारसँग पटक-पटक सेवा शुल्कबारे परिमार्जन वा ब्यवहारिक सत्यता उल्लेख गर्न माग गरेका छन् । मौजुदा कानुनले राज्यले बैदेशिक रोजगार ब्यावसायीहरुबाट पाउनुपर्ने कर गुमाएको छ, न त कामदारहरुले पाउनुपर्ने सुविधाको उपभोग गर्न पाएका छन्। ब्यावसायीहरुले आफ्नो गुमेको शाखलाई राज्यले करको दायरामा ल्याएर अधिकतम सदुपयोग गर्न गरेको अनुरोध भनेको परिमार्जित सेवा शुल्क हो । सेवा शुल्क ब्यवहारिक छैन । सरकारलाई जानकारी हुँदाहुँदै पनि राजनैतिक सत्ताको पृष्ठपोषण पाइन्छ ? परिमार्जनमा के को असहजता भयो भन्ने आधारको छैन ।




बैदेशिक रोजगार बिज्ञापनका हरेक शीर्षकमा दफावार औचित्य पुष्ट्याँइका मापन असफल छन् । अर्थात् बैदेशिक रोजगार बिज्ञापनमा अभिमुखिकरण शुल्क रु. ७०० भनिएको छ । तर, त्यहाँ महिलाका हकमा निशुल्क भन्ने भए उचित हुन्थ्यो । कारण महिलाहरुले त्यहाँ भुक्तानी गरिएको रकम श्रम स्वीकृति भए पश्चता फिर्ता पाउँछन् भन्ने तालिममा सिकाइन्छ । महिला कामदार उक्त रकम लिन सरकारसँग गएको भन्ने संख्यामा सरकारी तत्थ्यांकमा न्यून छ। सरकारले यो रकम फिर्ता गर्न नसकेको स्वंय स्वीकार गर्दछ । दिएको सुविधा लक्ष्क्षित बर्गको पहुँच र काबुमा छैन भने किन लिनु। मलेशिया रोजगारीमा उल्लेखित सेवा सुविधा र लागत सबै भन्दा पेचिलो छ। जुन सत्यता भन्दा बाहिर पनि छ।

सरकारले गत २०७९, चैत ८ गतेबाट औपचारिक रुपमा लागू गर्ने भनि सामाजिक सुरक्षा कोषमा बैदेशिक रोजगारमा जाने कामदारहरुको आवद्धता एउटा जबरजस्त कार्य योजना हो। भलै कामदारहरुका पक्षमा रहँदा रहँदै अनेक ब्यवहारिक कठिनाई छन्। नेपालकै निजी संघ-संस्थालाई यस्ता योजनामा आवद्धता गर्न असफल सरकारले बैदेशिक रोजगारमा जाने कामदारहरुबाट पहिलो श्रम स्वीकृति भन्दा दोस्रो किस्ताको अपेक्षा नगरे कै राम्रो हुन्छ। कामदारहरुले पछि लिने सामाजिक सुरक्षा कोषको किस्ता, त्यसको उपभोग र लाभमा जब सम्म बिश्वस्त हुँदैनन् । पुनः जम्मा होला भन्ठान्नु ललिपपको रसस्वादन जस्तै क्षणिक छ ।

यदि, सामाजिक सुरक्षा कोषमा गर्नुपर्ने योगदानको रकम बिज्ञापनका कोलमहरुमा किन अटाएन वा अनिवार्य बिज्ञापनमा यसबारे उल्लेख गर्न किन उचित ठानिएन प्रश्नको बिषय बनेको छ। नेपालमा जस्तै बिदेशका रोजगारदाता कम्पनीहरुले निशुल्क भिषाको अवस्थामा मेनपावर कम्पनीले पाउने सेवा सुविधामा उक्त रकम फिर्ता आँउछ या कामदारहरुले नेपालमै भुक्तानी दिनु पर्ने हो, कानुनी अल्झन यहाँ देखिन्छ। यसलाई आम्दानी वा खर्चको फाँटबारीमा देखाउने वा नदेखाउने प्रावधान स्पष्ट छैन । सरकारले आफ्नो वेवपेजमा यसका विवरण, सूचना र परिणामबारे धेरै आधारहरु प्रष्ट्याएको, जिज्ञासाका प्रश्न उत्तर समेटेको पक्कै छ । तर सरकारले लागू गरेको लक्षित समूह के यस्ता सूचना र आवश्यकताबारे प्रकट हुने जिज्ञासा वा खोजी नीतिमा कहिले गम्भीर देखिएला। योजना तर्जुमा वा कार्यान्वयन मुख्य होइन, परिणाम प्रधान हो।

तर यति छिटै सकारात्मक परिणामको अपेक्षा गर्नु पनि हतार हुन्छ, तर सरकारको सफलता बिगतमा घोषित अन्य योजनाको परिणामबाट पनि आंकलन गर्न सकिन्छ । जस्तै-बैदेशिक रोजगारीमा जाने कामदारहरुलाई प्रदान गर्ने भनिएको सहुलियत पुर्ण ऋणको सुबिधा र त्यसको सफलता को मापन के छ ? दोस्रो, बैदेशिक रोजारमा जाने कामदारलाई आरक्षण गर्ने भनिएको आईपीओमा लगानीको अवसर । जुन २०७८ मंसिर १४ बाट कालिन्चोक दर्शन लि.को शेयर आवेदन ६ हजार ६११ जनाको परेको देखि हालै चैत्र अन्तिम हप्तासम्म १८ हजार जना आवेदकहरुबाट आवेदन गरेका पाइन्छ। यो संख्या बैदेशिक रोजगारमा रहेका करिब ४० लाख कामदारको आधार संख्या मान्दा अत्यन्त न्यून हो ।

तेस्रो, रेमिट्यान्स खाता खोलेर दिने भनिएको सुविधामा कामदारहरुको अझ बद्लिँदो अपेक्षा देखिएन। चौथों, सरकारले बैदेशिक रोजगारमा गएका कामदारका लागि लक्षित गरी जारी गरिने बैदेशिक रोजगार ऋण पत्र होस् वा बचत पत्र नै किन नहोस्। सायदै तिनीहरु पनि निश्प्रभावी छन्। हरेक नितीहरुको तर्जुमा र कार्यन्वयन सँगै त्यसको परिणाम वा प्रभावकारीताको मुल्याङ्कन समय सापेक्ष रहनु/हुनु पर्दछ।

सरकारले बैदेशिक रोजगारमा जाने वा रहेका कामदार हरुको योगदानको मुल्याङकनलाई आत्मसाथ गर्ने हो भने अब प्रशिक्षणमा सहभागी प्रशिक्षकहरुलाई यथासक्य छिटो पुनःपुर्नताजकी तालिम अपरिहार्य छ । सामाजिक सुरक्षा कोषले छिटै हरेक तालिम प्रदाय संस्थाहरुमा बैदेशिक रोजगारमा जाने कामदारहरुका लिखत पत्रहरु वैदेशिक रोजगार वोर्ड मार्फत् उपलब्ध गराओस् । जसका कारण कामदारहरुलाई त्यसको आवश्यकता र महत्व अझ फलदायी बनोस्। त्यो भन्दा छिपेको सत्य भने स्टेकहोल्डरहरु (वैदेशिक रोजगार ब्यावसाय/अभिमुखिकरण संस्था)ले आफ्ना कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गर्ने गराउने अवस्थाबारे पनि सोच्नैपर्छ। प्रशिक्षकहरु नै सामाजिक सुरक्षा कोषको सेवाबाट बञ्चित छन् भने उनीहरुले दिने शिक्षामा त्यसको अभाव अवश्य खड्किन्छ ।

कामदारलाई लगानीका छनौटमा सुबिधा दिइनु पर्दछ, जबरजस्त हैन। छनोटका आधारमा उनीहरुको आयमा बचत गर्न सिकाउने कला वा भविश्यको सुनिश्चतता महत्वपुर्ण हुन्छ। आम्दानीका आधारमा औसत प्रतिशतलाई ध्यानमा राखेर परिवारको गास, बास र कपास, बैंक बचत गर्न सिकाउने, राज्यले प्रदान गरेका अवसर वा क्षेत्रहरु बैदेशिक रोजगार बचत वा ऋण पत्र, ब्यापार ब्यावसायका लागी, परिवारको स्वास्थ्य र शिक्षा, घर-जग्गा ब्यवस्थापन, एस.आ.पि.मा लगानी, शेयर बजार साथै ऋण वा कर्जा भुक्तानी र बिमा किस्ता सबैमा छनौटको अवसर दिईनु पर्ने हुन्छ नकि बाध्यकारी हैन। चेतनशिल र जागरुप युवाहरु नै आजको आवश्यकता हुन ति सबैलाई स्वः निर्णयको अधिकार दिइनु पर्दछ। बरु राज्यलाई कर वा सुबिधा नै चाहिएको हो भने कर चुहावटका छिद्रहरु खोजेर टाल्न सक्नु उत्तम हुन्छ।

नव वर्ष २०८० सालको उपलक्ष्यमा आम नगरबासी, आमा-बुवा, दाजु-भाई, दिदीबहिनीहरू, साथै देश विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरूको सु-स्वास्थ्य, उन्नत्ति र दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

उद्योग तथा व्यवसायका लागि :

१. बिक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरूपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रूपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरू (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरू बिक्री गर्नु परेमा अनिवार्य रूपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
६. नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव)हरूको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरूलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरूपमा फेरवदल गर्नुपर्नेछ ।

बिरेन्द्र माझि
प्रमुख

सरिता कुमारी यादव
उपप्रमुख

हरिमोहन शर्मा
प्रमुख प्रशासकीय अधिकृत

हनुमाननगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हनुमाननगर ,सप्तरी, मधेस प्रदेश, नेपाल ।




महादेवा गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बथनाहा, सप्तरी, मधेस प्रदेश, नेपाल ।

नव वर्ष २०८० सालको उपलक्ष्यमा आम गाउँबासी, आमा-बुवा, दाजु-भाई, दिदीबहिनीहरू, साथै देश विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरूको सु-स्वास्थ्य, उन्नत्ति र दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

जनहितमा जारी सन्देश

- घर निर्माण गर्नु अघि बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्डको बारेमा जानकारी राखौं र सोको पालना गरौं ।
- सार्वजनिक जग्गा, पोखरी, वन आदि व्यक्तिगत प्रयोजनका लागि प्रयोग नगरौं, त्यस्ता क्षेत्रहरू अतिक्रमण हैन, संरक्षणको लागि पहल गरौं ।
- व्यक्तिगत घटना घटेको ३५ दिनभित्र संयुक्त वडा कार्यालयमा घटना दर्ता गरौं ।
- आफ्नो टोल बस्तीमा हुने विकासका योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा सदैव जागरूक बनौं ।
- जथाभावी फोहोर नगरौं । फोहोर बोक्ने गाडी आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- छोराछोरीमा भेदभाव नगरौं । दुबै समाजका सम्पत्ति हुन्, बालबालिकाको लालन, पालन र शिक्ष दिक्षमा ध्यान दिऔं ।
- महिला हिंसारहित बनाउने अभियानमा सबै जना सहभागी बनौं ।
- व्यक्तिगत घटना दर्ता अन्तर्गत जन्म, विवाह, बसाईसराई, सम्बन्धविच्छेद, मृत्यु दर्ता समयमा नै गरौं । सभ्य नागरिकको भूमिका निर्वाह गरौं ।
- आफ्नो टोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।
- सार्वजनिक सम्पत्ति संरक्षणमा सहयोग गरौं । सार्वजनिक स्थलमा जतातते फोहोरमैला नफालौं ।

सुनिल कुमार मण्डल
अध्यक्ष

अर्चना कुमारी यादव
उपाध्यक्ष

केशव कुमार झा
प्रमुख प्रशासकीय अधिकृत

# लयमा फर्किने प्रयास



सन्देश अर्याल

> अंग्रेजी वर्ष २०२३ को तीन महिना अर्थात् जनवरी, फेब्रुअरी र मार्चमा मात्रै दुई लाखभन्दा बढी विदेशी पर्यटकले नेपाल भ्रमण गरेका छन् । बोर्डको तथ्यांकअनुसार मार्च महिनामा मात्रै करिब एक लाख विदेशी पर्यटक नेपाल भित्रिएका छन् । ग्राफलाई हेर्दा संख्या निकै बढ्दो क्रममा छ । संख्याले पर्यटन क्षेत्रमा उत्साह भर्न थालेको छ ।

पर्यटन क्षेत्र सुधारोन्मुख अवस्थामा देखिएको छ । पर्यटनको आगमनलाई हेर्दा, यो क्षेत्रमा कोरोना महामारीको प्रभाव क्रमशः अन्त्य हुँदै गरेको देखिन्छ । अंग्रेजी वर्ष २०२३ को तीन महिना अर्थात् जनवरी, फेब्रुअरी र मार्चमा मात्रै दुई लाखभन्दा बढी विदेशी पर्यटकले नेपाल भ्रमण गरेका छन् । नेपाल पर्यटन बोर्डले जनाएअनुसार तीन महिनाको यो अवधिमा दुई लाख २७ हजार जना विदेशी पर्यटक नेपाल भित्रिएका छन् । बोर्डको तथ्यांकअनुसार मार्च महिनामा मात्रै करिब एक लाख विदेशी पर्यटक नेपाल भित्रिएका छन् । ग्राफलाई हेर्दा संख्या निकै बढ्दो क्रममा छ ।

पर्यटन बोर्डको तथ्यांकलाई हेर्दा, महामारीपूर्व सन् २०१९ मा ११ लाख ९७ हजार ९१ जना पर्यटक नेपाल आएका थिए । तर, सन् २०२० मा कोरोना महामारीको प्रभावले गर्दा विदेशी पर्यटकको संख्या दुई लाख ३० हजारमा सीमित बन्यो । जुन अघिल्लो वर्षको तुलनामा ८१ प्रतिशतले कमी थियो ।

२०२० देखि घटेको पर्यटन २०२१ मा आउँदा एक लाख ५० हजारमा सीमित बन्यो । कोभिड महामारीमा कमी हुँदै जाँदा सन् २०२२ मा भने केही बढेको थियो । २०२२ मा छ लाख १४ हजार विदेशी पर्यटकले नेपाल भ्रमण गरेको तथ्यांक बोर्डसँग छ ।

पछिल्लो समय क्रमशः कोरोना महामारीमा कमी आउँदै जाँदा यो क्षेत्रले लय समाउन थालेको देखिन्छ । पर्यटकीय केन्द्रको रुपमा मानिने पोखरामा अहिले चहलपहल बाक्लो छ भने काठमाडौंका पर्यटकीय क्षेत्रसहित सौराहा र लुम्बिनीमा पनि पर्यटकको आगमन उत्साहजनक रहेको पर्यटन क्षेत्रसँग सम्बन्धितले जनाएका छन् । तथापी, यो क्षेत्रलाई प्रबर्द्धन गर्ने कार्यक्रमको भने खाँचो छ । लामो समयदेखि समस्यामा रहेको यो क्षेत्रमा पुरानै लयमा फर्काउन केही उभारकै आवश्यक हुने देखिन्छ ।

कोरोना महामारीअघि सरकार आफैंले पर्यटन क्षेत्र लक्षित विभिन्न कार्यक्रमहरु बनाउने गरेको थियो । सरकारले नीतिगतरुपमै पर्यटन क्षेत्रको प्रबर्द्धन गर्न विभिन्न कार्यक्रमको घोषणासहित कर्मचारीलाई समेत आन्तरिक पर्यटकको रुपमा अनिवार्य घुम्नुपर्ने व्यवस्था बनाएको थियो ।

सरकारले 'भिजिट नेपाल' नामका कार्यक्रमहरु पनि बनाएको थियो । तर, पछिल्लो समय पर्यटन क्षेत्र सुस्ताइरहँदा सरकारले यस क्षेत्रलाई अगाडि बढाउने गरी खासै प्रबर्द्धनका कार्यक्रम ल्याउन सकेको छैन । यस क्षेत्रका उद्योगीहरुले आफैं विभिन्न शीर्षकका कार्यक्रम बनाइरहँदा सरकार मौन जस्तै छ ।

२०७२ को भूकम्प, त्यसपछिको नाकाबन्दी र पछिल्लो कोरोना महामारीले यस क्षेत्रका थुप्रै व्यवसायी विस्थापित भएका छन् । भएका व्यवसायी पनि निकै सकसमा यो क्षेत्रलाई धानिरहेका छन् । यो क्षेत्रलाई पुरानै लयमा फर्काउन एकातिर भएका व्यवसायलाई सहजरुपमा चल्ने अवस्था बनाउनुपर्ने देखिन्छ भने अर्कोतिर विस्थापित व्यवसायीलाई पनि फर्काउनुपर्ने खाँचो देखिन्छ । जसको लागि सरकारले विशेष कार्यक्रम नै बनाउनुपर्ने देखिएको छ ।

पर्यटन क्षेत्रमा आबद्ध ठूलो समूह अहिले पनि आर्थिक संकटै छन् । कतिपय बैंकको ऋणको किस्तासमेत तिर्ने अवस्थामा छैनन् । उनीहरुको अवस्थालाई सम्बोधन गर्नु अनिवार्य देखिन्छ । उनीहरुलाई सहजरुपमा व्यवसाय गर्ने वातावरण बनाइदिनु सरकारको दायित्व हो ।

अर्कोतर्फ, पर्यटकको आगमनलाई बढाउन पनि विभिन्न प्रबर्द्धनात्मक कार्यक्रम बनाउन आवश्यक देखिन्छ । सरकारकै तहबाट पर्यटक आकर्षण गर्ने कार्यक्रमहरु ल्याउनु आवश्यक छ । अहिले विशेषगरी चीन र भारतका पर्यटकलाई भित्र्याउन सहज छ । उत्तरी देश चीन र दक्षिणी देश भारत लक्षित पर्यटन प्रबर्द्धनात्मक कार्यक्रम सरकारको उच्च तहबाटै गर्नुपर्ने देखिन्छ ।






जीवन रंङ्गीन बन्छ
सहयात्रा जब विश्वास र जिम्मेवारीको हुन्छ

लुम्बिनी सहयात्रा
बचत खाता

नि:शुल्क
Visa Debit Card जारी । Cheque Book । ABBS । Mobile Banking । Internet Banking सेवा

लकर शुल्कमा ५०% छुट

१ लाख बराबरको स्वास्थ्य बीमा सुविधा

५ लाख बराबरको दुर्घटना बीमा सुविधा

*शर्तहरू लागु हुनेछन् ।

ईन्स्योरेन्स पार्टनर: नेको इन्सुरेन्स लि. Neco Insurance Ltd.

लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.
निरन्तर सहयात्रा

(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था)
केन्द्रीय कार्यालय, चौंथो तल्ला | सनराइज बिज पार्क, डिल्लीबजार, काठमाडौं
फोन: ०१-४४१३२३४/४४१३२३२
www.lumbinibikasbank.com



हार्दिक शुभकामना

नयाँ वर्ष २०८० सालको उपलक्ष्यमा सम्पूर्ण जिल्लाबासी एवम् आमा-बुवा, दाजु-भाइ, दिदीबहिनीहरु, साथै देश विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरूको सु-स्वास्थ्य, उन्नति र दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

- जेष्ठ नागरिकहरूको सम्मान र सुरक्षा गरौं ।
- लैङ्गिक हिंसा, शोषण र दुर्व्यबहार: सबै मिलि गरौं सशक्त प्रतिकार ।
- महिनावारी भएका किशोरी तथा महिलाको पोषण, सरसफाई र स्वास्थ्यमा ध्यान दिऔं ।
- बालमैत्री स्थानीय शासन, हाम्रो अभियान, सुरक्षित र बालमैत्री विद्यालय, हाम्रो अभियान ।

हर्क बहादुर बस्नेत
सामाजिक बिकास अधिकृत
तथा
सामाजिक बिकास कार्यालय, परिवार
हुम्ला



बलरा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सर्लाही, मधेस प्रदेश

नव वर्ष २०८० सालको उपलक्ष्यमा आम नगरबासी, आमा-बुवा, दाजु-भाई, दिदीबहिनीहरू, साथै देश विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरूको सु-स्वास्थ्य, उन्नत्ति र दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

उद्योग तथा व्यवसायका लागि :

१. बिक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरूपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रूपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरू (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरू बिक्री गर्नु परेमा अनिवार्य रूपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
६. नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव)हरूको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरूलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरूपमा फेरवदल गर्नुपर्नेछ ।

रामा शंकर प्रसाद कुश्वाहा — नगर प्रमुख
कोशिला देवी — नगर उपप्रमुख
उमेश महतो — प्रमुख प्रशासकीय अधिकृत



हार्दिक शुभकामना
नयाँ वर्ष २०८०

नव वर्षमा वैरभाव र विरोध ढलोस्, देश र विदेशमा रहेका सबैमा सदभावको दीप बलोस्, रात-दिनको खिचातानी छल र बेइमानी खरानी भई छिटै जलोस्, मनभरिका इच्छा अनि तृष्णा सजाएका कल्पना अनि सपना गुम्सिएका मनका चाहानाहरु सबै पुरा होउन् हाम्रो तर्फबाट नव वर्षको अवसरमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौ ।

राजु पौडेल
अध्यक्ष
म्याग्दी प्रवासी नेपाली संघ (मोना) कतार
परिवार

बिक्रम कार्की
अध्यक्ष
मोना कतार बहु-उदेश्यीय अक्षयकोष
परिवार



नयाँ वर्ष २०८०को
हार्दिक शुभकामना

नयाँ वर्ष २०८० सालको उपलक्ष्यमा समस्त कर्मचारी वर्ग एवम् देशबासी, आमा-बुवा, दाजु-भाइ, दिदीबहिनीहरू, साथै देश विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरूको सु-स्वास्थ्य, दीर्घायु र उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नवीन शाही
केन्द्रीय सचिव

नेपाल राष्ट्रिय कर्मचारी संगठन
केन्द्रीय समिति



नयाँ वर्ष २०८०को
हार्दिक शुभकामना

नयाँ वर्ष २०८० सालको उपलक्ष्यमा समस्त उपभोक्ता वर्ग एवम् देशबासी, आमा-बुवा, दाजु-भाइ, दिदीबहिनीहरू, साथै देश विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरूको सु-स्वास्थ्य, उन्नति र दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

यस कार्यलयबाट संचालित मिलहरूको लाभग्राही छनौट भएकाले चैतको अन्तिम सम्म सम्झौता गर्न अनुरोध छ ।

अबयराज रेग्मी
कार्यालय प्रमुख

उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय
परिवार
हुम्ला, कर्णाली प्रदेश

## इटहरी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**इटहरी, सुनसरी**

**नव वर्ष २०८० सालको उपलक्ष्यमा आम नगरबासी, आमा-बुवा, दाजु-भाइ, दिदीबहिनीहरू, साथै देश विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरूको सु-स्वास्थ्य, उन्नति र दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

### नगरबासीहरूमा जानकारी मूलक सन्देश

- ❖ छोराछोरीमा भेदभाव नगरौं । दुबै समाजका सम्पत्ति हुन्, बालबालिकाको लालन, पालन र शिक्ष दिक्षमा ध्यान दिऔं ।
- ❖ महिला हिंसारहित बनाउने अभियानमा सबै जना सहभागी बनौं ।
- ❖ व्यक्तिगत घटना दर्ता अन्तर्गत जन्म, विवाह, बसाईसराई, सम्बन्धविच्छेद, मृत्यु दर्ता समयमा नै गरौं । सम्य नागरिकको भूमिका निर्वाह गरौं ।
- ❖ शौचालयमा दिसा, पिसाव गरेपछि साबुन पानीले हात धुने बानी बसालौं, जसबाट महामारीका रूपमा आउने रोगबाट बचौं ।
- ❖ सार्वजनिक सम्पति संरक्षणमा यस पालिकालाई सहयोग गरौं । सार्वजनिक स्थलमा जतातत्तै फोहोरमैला नफालौं ।
- ❖ बसोबास स्थल, टोलमा व्यवसायीहरूमा पशुपालन, कुखुरापालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- ❖ आफ्नो टोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।
- ❖ स्वस्थ रहन सरसफाईमा ध्यान दिऔं । आफ्नो घर आँगनबाट उत्पन्न हुने फोहोरमैलालाई उचित व्यवस्थापन गरी सफा, सुन्दर बनाउन सहयोग गरौं ।
- ❖ हरेक किसिमका हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।
- ❖ जथाभावी फोहोर नगरौं । फोहोर बोक्ने गाडी आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- ❖ बालश्रमको प्रयोग नगरौं । यस पालिकालाई बालश्रममुक्त बनाऔं । सबै बालबालिकालाई विद्यालय पठाऔं ।
- ❖ हरेक गर्भवतीले नजिकको स्वास्थ्य संस्थामा गई नियमित गर्भजाँच गरौं । २ वर्ष मुनीका बच्चाहरूलाई नजिकको स्वास्थ्य संस्थामा लगेर मासिकरूपमा नियमित तौल लिने गरौं । कम तौल र कुपोषण हुनबाट बचाऔं ।

| | |
|---|---|
| **श्री हेमकर्ण पौडेल** | **श्री संगीता कुमारी चौधरी** |
| प्रमुख | उप-प्रमुख |

**इटहरी उप-महानगरपालिका**
**इटहरी, सुनसरी**

## षडानन्द नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**दिङ्ला, भोजपुर**
**कोशी प्रदेश, नेपाल**

**नव वर्ष २०८० सालको उपलक्ष्यमा आम नगरबासी, आमा-बुवा, दाजु-भाइ, दिदीबहिनीहरू, साथै देश विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरूको सु-स्वास्थ्य, उन्नति र दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

### नगरबासीहरूमा जानकारी मूलक सन्देश

- ❖ आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहुवर्षीय बिरुवा रोपौं ।
- ❖ हरेक किसिमका हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।
- ❖ सार्वजनिक सम्पति संरक्षणमा यस पालिकालाई सहयोग गरौं । सार्वजनिक स्थलमा जतातत्तै फोहोरमैला नफालौं ।
- ❖ स्वस्थ रहन सरसफाईमा ध्यान दिऔं । आफ्नो घर आँगनबाट उत्पन्न हुने फोहोरमैलालाई उचित व्यवस्थापन गरी सफा, सुन्दर बनाउन सहयोग गरौं ।
- ❖ शौचालयमा दिसा, पिसाव गरेपछि साबुन पानीले हात धुने बानी बसालौं, जसबाट महामारीका रूपमा आउने रोगबाट बचौं ।
- ❖ सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौं ।
- ❖ बालश्रमको प्रयोग नगरौं ।
- ❖ जेष्ठ नागरिकको सम्मान गरौं ।
- ❖ हरेक गर्भवतीले नजिकको स्वास्थ्य संस्थामा गई नियमित गर्भजाँच गरौं । २ वर्ष मुनीका बच्चाहरूलाई नजिकको स्वास्थ्य संस्थामा लगेर मासिकरूपमा नियमित तौल लिने गरौं । कम तौल र कुपोषण हुनबाट बचाऔं ।
- ❖ जथाभावी फोहोर नगरौं । फोहोर बोक्ने गाडी आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- ❖ बालश्रमको प्रयोग नगरौं । यस पालिकालाई बालश्रममुक्त बनाऔं । सबै बालबालिकालाई विद्यालय पठाऔं ।
- ❖ छोराछोरीमा भेदभाव नगरौं । दुबै समाजका सम्पत्ति हुन्, बालबालिकाको लालन, पालन र शिक्ष दिक्षमा ध्यान दिऔं ।
- ❖ महिला हिंसारहित बनाउने अभियानमा सबै जना सहभागी बनौं ।
- ❖ व्यक्तिगत घटना दर्ता अन्तर्गत जन्म, विवाह, बसाईसराई, सम्बन्धविच्छेद, मृत्यु दर्ता समयमा नै गरौं । सम्य नागरिकको भूमिका निर्वाह गरौं ।
- ❖ सडक छेउ किनारामा निर्माण सामग्रीहर नराखौं ।
- ❖ घर निर्माण गर्दा घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरू गरौं ।
- ❖ कर समयमै तिरौं ।
- ❖ बसोबास स्थल, टोलमा व्यवसायीहरूमा पशुपालन, कुखुरापालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- ❖ आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।

| | |
|---|---|
| **श्री सुरेन्द्र कुमार उदास** | **श्री प्रमिला राई** |
| प्रमुख | उप- प्रमुख |

**षडानन्द नगरपालिका**
**दिङ्ला, भोजपुर, कोशी प्रदेश, नेपाल**

## शम्भुनाथ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**कठौना, सप्तरी**

**नव वर्ष २०८० सालको उपलक्ष्यमा आम नगरबासी, आमा-बुवा, दाजु-भाइ, दिदीबहिनीहरू, साथै देश विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरूको सु-स्वास्थ्य, उन्नति र दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

### उद्योग तथा व्यवसायका लागि उपभोक्ता हित संरक्षणमा जारी सूचना

१. बिक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
६. नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव)हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरवदल गर्नुपर्नेछ ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१२. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।
१६. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र बिक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र बिक्री वितरण गरौं ।

वस्तु तथा सेवामा समान पहुच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।

## अग्निसाईर कृष्णासवरन गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**सितापुर, सप्तरी**
**मधेश प्रदेश, नेपाल**

**नव वर्ष २०८० सालको उपलक्ष्यमा आम गाउँबासी, आमा-बुवा, दाजु-भाइ, दिदीबहिनीहरू, साथै देश विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरूको सु-स्वास्थ्य, उन्नति र दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

### गाउँबासीहरूमा जानकारी मूलक सन्देश

- ❖ व्यक्तिगत घटना दर्ता अन्तर्गत जन्म, विवाह, बसाईसराई, सम्बन्धविच्छेद, मृत्यु दर्ता समयमा नै गरौं । सम्य नागरिकको भूमिका निर्वाह गरौं ।
- ❖ सडक छेउ किनारामा निर्माण सामग्रीहर नराखौं ।
- ❖ घर निर्माण गर्दा घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरू गरौं ।
- ❖ कर समयमै तिरौं ।
- ❖ आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहुवर्षीय बिरुवा रोपौं ।
- ❖ हरेक किसिमका हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।
- ❖ जथाभावी फोहोर नगरौं । फोहोर बोक्ने गाडी आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- ❖ बालश्रमको प्रयोग नगरौं । यस पालिकालाई बालश्रममुक्त बनाऔं । सबै बालबालिकालाई विद्यालय पठाऔं ।
- ❖ छोराछोरीमा भेदभाव नगरौं । दुबै समाजका सम्पत्ति हुन्, बालबालिकाको लालन, पालन र शिक्ष दिक्षमा ध्यान दिऔं ।
- ❖ महिला हिंसारहित बनाउने अभियानमा सबै जना सहभागी बनौं ।
- ❖ सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौं ।
- ❖ बालश्रमको प्रयोग नगरौं ।
- ❖ जेष्ठ नागरिकको सम्मान गरौं ।
- ❖ बसोबास स्थल, टोलमा व्यवसायीहरूमा पशुपालन, कुखुरापालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- ❖ आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।
- ❖ सार्वजनिक सम्पति संरक्षणमा यस पालिकालाई सहयोग गरौं । सार्वजनिक स्थलमा जतातत्तै फोहोरमैला नफालौं ।
- ❖ स्वस्थ रहन सरसफाईमा ध्यान दिऔं । आफ्नो घर आँगनबाट उत्पन्न हुने फोहोरमैलालाई उचित व्यवस्थापन गरी सफा, सुन्दर बनाउन सहयोग गरौं ।
- ❖ शौचालयमा दिसा, पिसाव गरेपछि साबुन पानीले हात धुने बानी बसालौं, जसबाट महामारीका रूपमा आउने रोगबाट बचौं ।
- ❖ हरेक गर्भवतीले नजिकको स्वास्थ्य संस्थामा गई नियमित गर्भजाँच गरौं । २ वर्ष मुनीका बच्चाहरूलाई नजिकको स्वास्थ्य संस्थामा लगेर मासिकरूपमा नियमित तौल लिने गरौं । कम तौल र कुपोषण हुनबाट बचाऔं ।

| | |
|---|---|
| **श्री दिनानाथ चौधरी** | **श्री कल्पना चौधरी** |
| अध्यक्ष | उपाध्यक्ष |

**अग्निसाईर कृष्णासवरन गाउँपालिका**
**सितापुर, सप्तरी, मधेश प्रदेश, नेपाल**

# भीआइपीले मात्रै बाँच्न सक्ने देश



अस्मिता बम

छिमेकी राष्ट्र भारतसँग मात्रै पनि हामी व्यापारिक प्रतिस्पर्धा गर्न सकिरहेका छैनौं । चालु आर्थिक वर्ष २०७९/२०८० को ५ महिनामा भारतसँग नेपाल ३ खर्ब ५२ अर्ब ८० करोड २९ लाख रुपैयाँको व्यापार घाटामा छ ।

म सार्वजनिक बस चढेर अफिस आउनेजाने गर्छु । बस चढ्ने बानी नपरेर होला ! कीर्तिपुरदेखि सुन्धारासम्म सिटमै सुतेर सकिन्छ । कहिलेकाँही सिट नपाउँदा गाह्रो हुन्छ । कहिलेकाँही क्याबिनमा ठाउँ पाइन्छ ।

सार्वजनिक यातायातमा यात्रा मात्रै हुँदैन, त्यहाँ यात्रुहरुबीच सार्वजनिक चासोकै विषयमा चर्चा हुन्छ । सार्वजनिक यातायातमा यात्रा गर्नुको यो ठूलै फाइदा हो । म प्रायः त्यहाँ हुने सम्वाद सुनिरहन्छु ।

एक यात्रामा यस्ता सम्वाद भए, सुनिए-

ड्राइभर दाई सहित अरु केही जना देशको अर्थतन्त्रबारे सम्वाद गर्न थाले । म त्यो सम्वादमा केन्द्रीत भएँ । कुरा कृषिबारे भयो ।

ड्राइभर दाइले भने, '१० वर्ष विदेश बसेर देशमा केही गर्छु भनेको गर्न सकिएन, अब गाडी चलाउनु पर्‍याछ ।'

उराठ लाग्दो सुनिन्थ्यो उहाँको बोली । उहाँले के गर्न खोज्नु भएको थियो, त्यो त बुझिएन । अगाडि उहाँले भन्नुभयो, 'हरेक पेसा एउटै लाग्छ, गाडी चलाएर नि खुसी नै छु अहिले ।' उहाँको बोली सुनेपछि मेरो ओठमा अलिकति मुस्कान आयो ।

उहाँसँग कुरा गरिरहनुभएका अरु दुई जना अधबैंसे देखिनुहुन्थ्यो । ड्राइभर दाई पनि ३५/४० वर्षका हुँदा हुन् । युवाहरुले नै केही गर्न सकिन्न यो देशमा भन्ने सुन्दा मन खिन्न हुनु स्वाभाविक नै होला ! उहाँसँग कुरा गरिरहनु भएको व्यक्तिहरु कृषक हुनुहुन्छ, सायद !

उहाँहरु स्थानीय बजारको बारेमा चासो लिएर बोलिरहनु भएको थियो । उब्जनीका कुरा गर्दै हुनुहुन्थ्यो । मूल्यका कुरा गर्दै हुनुहुन्थ्यो अनि देश बाहिर हुने निर्यात र आयातका कुरा पनि ।

छिमेकी राष्ट्र भारतको तरकारीले स्थानीय उत्पादनलाई खेर फालेका उहाँहरुको गुनासो थियो । सरकारप्रति वितृष्णा छ जस्तो लाग्थ्यो उहाँहरुको आवाजमा । कृषि प्रधान



देशका कृषक नै सन्तुष्ट नभए हाम्रो अस्तित्व बाँकी कसरी रहन्छ ?

'हाम्रो देश भिआइपी देश पो त' किनेर खान सकिहाल्छ' त्यत्तिकैमा ड्राइभर दाईले भन्नुभयो, 'कृषि गर्नेहरुले आफ्नो लागि मात्र गरे हुन्छ, मेहेनत गर्न कोही रुचाउन्नन् ।'

मनमा घोच्यो यो कुराले । हुन पनि देशको अवस्थालाई हेर्दा दिन प्रतिदिन आयात बढिरहेको छ र निर्यात घटिरहेको छ ।

लेखा परीक्षणको प्रतिवेदनलाई हेर्ने हो भने प्रत्येक वर्ष आयात बृद्धि भई व्यापार घाटा बढेको छ । गत वर्षको तुलनामा यो वर्ष आयात २८.६६ प्रतिशतले वृद्धि भई रु. १५ खर्ब ३९ अर्ब ८० करोड पुगेको छ । सोही अवधिमा निर्यातमा सामान्य वृद्धि मात्र भएको देखिन्छ । जुन रु. १ खर्ब ४१ अर्ब १० करोड पुगेको छ । यो वर्षको अन्त्यमा व्यापार घाटा रु. १३ खर्ब ९८ अर्ब ७० करोड पुगेको छ ।

यो हामी नेपालीहरुको कमजोरी पनि हो, आफ्नो उत्पादनलाई अन्तर्राष्ट्रियकरण गर्न सकेका छैनौँ । विश्व बजारमा छुट्टै ब्रान्ड खडा गर्न सकेका छैनौँ, निश्चित मूल्य निर्धारण गर्न सकेका छैनौँ र मुख्य कुरा सरकारले देशको उत्पादनमा ध्यान पनि दिएको छैन ।

छिमेकी राष्ट्र भारतसँग मात्रै पनि हामी व्यापारिक प्रतिस्पर्धा गर्न सकिरहेका छैनौँ । चालु आर्थिक वर्ष २०७९/२०८० को ५ महिनामा भारतसँग नेपाल ३ खर्ब ५२ अर्ब ८० करोड २९ लाख रुपैयाँको व्यापार घाटामा छ । भारतबाट ४ खर्ब १७ करोड ९० लाखको वस्तु आयात हुँदा ४७ अर्ब ३७ करोड ६० लाख रुपैयाँ बराबरको मात्र निर्यात भएको तथ्यांकले देखाएको छ ।

सोही तथ्यांकअनुसार, चालु आर्थिक वर्षको पछिल्लो ५ महिनामा हामी भुटानसँग पनि करिब २४ करोड को व्यापार घाटामा गएका छौं । हाम्रो उत्पादन गुणस्तरीय हुँदा हुँदै पनि निर्यातमा जोड दिन सकेका छैनौं ।

नेपाल राष्ट्र बैंकका अनुसार चालु आर्थिक वर्षको आठ महिनामा एक खर्ब ४ अर्ब ८० करोड बराबरको स्वदेशी वस्तुको निर्यात भएको छ । जुन गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २९ दशमलव १ प्रतिशतले कम छ । अघिल्लो वर्ष निर्यात ८२.९ प्रतिशतले बढेको थियो । त्यसैगरी सोही आठ महिनामा भारततर्फ ३७.५ प्रतिशत र चीनतर्फ ४.९ प्रतिशतले निर्यातमा कमी आएको हो ।

यसरी स्थानीय स्तरमा उत्पादित वस्तु सडिरहेको अवस्था छ । मूल्यमा भएको फेरबदलने उद्योगी, व्यवसायी सबै निराश छन् र राज्यप्रति आक्रोसित पनि । सबै भन्दा बढी प्रयोग हुने तरकारी मध्येको आलु समेत चीन, अफगानिस्तान, भुटानजस्ता कैयौं देशबाट ल्याइन्छ । देश अनुसारका वस्तुको मूल्य पनि फरक फरक नै हुन्छ । नेपाली बजारमा तिनकै माग बढी हुन्छ ।

अब नेपाल सरकारबाट नै पहल हुनुपर्छ, स्वदेशी उत्पादनलाई उचित मूल्य दिलाउन । विदेशी बस्तुको आयातमा पूर्णरुपमा रोक लगाएर नेपाली उत्पादनलाई प्रोत्साहन गर्नुपर्छ । कृषकलाई आधुनिक खेतीतर्फ आकर्षित गर्न विविध कार्यक्रम सञ्चालन गर्नुपर्छ । कृषि विद्यालयलाई सुदृढ बनाउँदै लैजानु पर्छ । कृषकले पनि उत्पादनलाई मात्र नभई त्यसलाई बजारीकरण गर्न जान्न नरुरी छ । तब मात्र देशको अर्थतन्त्र बलियो बन्न सक्छ ।


## नगर विकास कोष
TOWN DEVELOPMENT FUND

**शहरी पूर्वाधारहरू ऋण परिचालन (Debt Financing) को माध्यम निर्माण गरिनु पर्दछ भन्ने मुल मर्मका साथ २०४५ फाल्गुण २ गते नगर विकास कोष समितिको रुपमा गठन भई २०५३ सालमा नगर विकास कोष ऐनद्वारा एक स्वायत्त संस्थाको रुपमा स्थापना भएको नगर विकास कोषले हाल ८४ वटा नगरपालिकाहरू र ९४ वटा साना सहरहरूमा शहरी पूर्वाधार र सामाजिक पूर्वाधारका आयोजनाहरुमा आफ्नो सेवा विस्तार गर्न सफल भएको छ ।**

कोषले नेपाल सरकार तथा विभिन्न अन्तर्राष्ट्रिय विकास साझेदारहरूको वित्तीय तथा प्राविधिक सहयोग र कोषको इक्विटी समेत परिचालन गरी शहरी पूर्वाधारका रुपमा बसपार्क, व्यावसायिक भवन, नगरपालिका भवन, स्कुल भवन, मनोरन्जन पार्क, फोहरमैला व्यवस्थापन, ढल व्यवस्थापन लगायतका करिव १३०० वटा आयोजनाहरुमा रु. १० अर्ब ७६ करोड ऋण तथा रु. २ अर्ब ४६ करोड अनुदान लगानी गरिसकेको छ ।




शहरी विकासका वहुआयामिक पक्षहरूलाई समेटी एकीकृत शहरी पूर्वाधार विकासका लागि वैकल्पिक वित्तीय उपकरण (Financial Tool) को सम्वर्द्धन तथा प्रवर्द्धन गर्दै प्राविधक सहयोग र ऋण परिचालन मार्फत नगर विकासमा आवद्ध संस्थाहरूको क्षमता अभिवृद्धि र पूर्वाधारहरुको विकासमा योगदान गर्दै आएको छ । कोषलाई रु.२० अर्ब बराबरको इक्वीटी पुँजी संरचनाको व्यवस्थासहित "**शहरी पूर्वाधार विकास निगम**" मा रुपान्तरण गरी मुलुकको वित्तीय बजार एवं निजी क्षेत्रको पुँजीलाई शहरी पूर्वाधार विकासमा परिचालन गराउन सक्ने एक स्वायत्त एवं दीगो वित्तीय मध्यस्थकर्ता संस्थाका रूपमा विकास गराउने कोषको दुरदृष्टि (Vision) रहेको छ ।



## बरहथवा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
सर्लाही, मधेस प्रदेश

**नव वर्ष २०८० सालको उपलक्ष्यमा आम नगरबासी, आमा-बुवा, दाजु-भाई, दिदीबहिनीहरू, साथै देश विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरूको सु-स्वास्थ्य, उन्नत्ति र दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

**उद्योग तथा व्यवसायका लागि :**

१. बिक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरूपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रूपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरू (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरू बिक्री गर्नु परेमा अनिवार्य रूपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
६. नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव)हरूको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरूलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरूपमा फेरवदल गर्नुपर्नेछ ।

| कल्पना कुमारी कटुवाल | रामबाबु प्रसाद साह | मदन कुमार थापा |
|---|---|---|
| नगर प्रमुख | नगर उपप्रमुख | प्रमुख प्रशासकीय अधिकृत |



